# परमेश्वरको योजना- तपाईंको छनोट



God's Design [illegible] Choice

CL 1310

Nepali

# परमेश्वरको योजना–
# तपाईंको छनोट

लेखकः जे. लोएल हारूप

अनुवादकः बाल कृष्ण शर्मा

पो. बक्स. नं. ४२४५ काठमाण्डौ,
आई सी आई युनिभर्सिटी नेपाल

प्रकाशक

आई सी आइ
पो. व. नं. ४२४५
काठमाण्डौ, नेपाल।

© १९९५ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल।

प्रति १०,०००

**God's Design- Your Choice (Nepali)**
**First Edition 1995**

# विषय सूची

पाठ पृष्ठ

आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं ५

१. के वास्तवमा परमेश्वरको योजना छ त? ............... १०

२. मैले यसपछि के गर्नुपर्छ भनी परमेश्वरले मलाई बताउनुहुन्छ? ............................................ ३०

३. के परमेश्वरले धेरै कुराको आशा गर्नुहुन्छ? ............ ५०

४. के म परमेश्वरको योजना गुमाउँदैछु? .................... ७२

५. के ख्रीष्टियान हुँदैमा पुगिहाल्छ? ......................... ९२

६. परमेश्वर मसँग कसरी बोल्न सक्नुहुन्छ? .............. ११२

७. के येशूलाई परमेश्वरको योजना थाहा थियो? .......... १३४

८. म कसरी भविष्यको नजीक आउन सक्छु? ............ १५०

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

**तपाईंका अध्ययन सहायक लेखकका तर्फबाट दुइ शब्द**

आफ्नो जीवनको निम्ति परमेश्वरको योजना के होला भनी के तपाईं कहिल्यै अचम्ममा पर्नुभएको छ? तपाईं नयाँ विश्वासी हुनुहुन्छ होला। तपाईं धेरै वर्ष पहिलेदेखि नै ख्रीष्टियान हुनुहुन्छ होला। तर तपाईं निरन्तर रूपमा प्रभुका पछि लागिरहनुहुँदा यस्ता खालका प्रश्नहरू तपाईंको मनमा उठेको हुन सक्छः

*अब म ख्रीष्टियान भएको छु, अब यसपछि मैले के गरेको परमेश्वर चाहनुहुन्छ? यसबारेमा उहाँले मलाई कसरी भन्नुहुन्छ? मैले के गरेको उहाँले चाहनुहुन्छ सो मैले पत्ता लगाएपछि यसलाई गर्न मैले कसरी शुरू गर्नु? कठिनाइहरू र समस्याहरू आउँदा यस योजनालाई मैले गुमाएको छु भन्ने हुन्छ र? भविष्यको बारेमा के होला? के यसबारेमा उहाँले मलाई केही देखाउनु हुन्छ त? उहाँले प्रकट गर्नुभएको कुरालाई मैले कसरी प्रतिउत्तर दिनैपर्छ?*

यी प्रश्नहरूका उत्तरहरू प्राप्त गर्नको निम्ति तपाईंलाई सहायता पुऱ्याउनको लागि नै यो पाठ्यपुस्तक तयार गरिएको हो। तपाईंले प्रत्येक पाठ अध्ययन गर्दै जानुहुँदा तपाईंको निम्ति भएको परमेश्वरको योजना र तपाईंले यसलाई कसरी छान्न सक्नुहुनेछ भन्ने बारेमा अझै पत्ता लगाउनुहुनेछ। तपाईं परमेश्वरको योजनाको अङ्ग हुनुहुन्छ भन्ने कुरा तपाईंले पत्ता लगाउनुहुनेछ। तपाईंले उहाँको इच्छाअनुसार जे गर्नुपर्ने हो सो तपाईंलाई

देखाउन उहाँ चाहनुहुन्छ। तपाईंले सिक्नुभएका सत्यताहरूलाई तपाईंले आफ्नो दैनिक ख्रीष्टियान हिँड़ाइमा प्रयोग गर्न सक्नुहुनेछ।

यस पाठ्यपुस्तकले स्वयम्-शिक्षण प्रणालीलाई प्रयोग गरेको हुनाले यसले तपाईंलाई सिद्धान्तहरू सजिलैसँग सिक्न र तिनीहरूलाई तुरुन्तै व्यवहारमा लगाउन सहायता गर्छ।

## तपाईंको अध्ययन सहायक

*परमेश्वरको योजना– तपाईंको छनोट* भनिने यो पुस्तक पकेट साइजको भएको हुनाले तपाईं जहाँ जाँदा पनि यसलाई साथमा लगेर फुर्सतको समयमा अध्ययन गर्न सक्नुहुन्छ। यस पुस्तकलाई अध्ययन गर्नको निम्ति हरेक दिन केही समय छुट्ट्याउनुहोस्।

प्रत्येक पाठको शुरूमा नै मुख्य *उद्देश्यहरू* दिइएका छन्। *उद्देश्य* शब्दले यस पाठबाट तपाईंले के सिक्ने आशा राख्नुभएको छ, सो कुरा बताउँछ। एक उद्देश्य कुनै लक्ष्य हो र तपाईंले यी *उद्देश्यहरूलाई* आफ्नो मनमा राख्नुभयो भने अझै राम्रोसँग अध्ययन गर्न सक्नुहुनेछ।

प्रत्येक पाठका शुरूका दुइ पृष्ठहरूलाई बड़ो ध्यानपूर्वक अध्ययन गर्नुहोस्। आउने कुराहरूका निम्ति यसले तपाईंको मनलाई तयारी पार्छ। त्यसपछि पाठलाई खण्ड-खण्ड गरी अध्ययन गर्नुहोस् र *तपाईंको अभ्यासको निम्ति* भनी राखिएको शीर्षकका निर्देशनहरूलाई पालन गर्नुहोस्। यदि तपाईंको अध्ययन सहायक पुस्तिकामा अध्ययन प्रश्नहरूका उत्तरहरू लेख्ने पर्याप्त ठाउँ छैन भने तिनीहरूलाई आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् र यसरी पछि पाठलाई दोहोऱ्याउँदा तपाईं यसलाई फेरि हेर्न सक्नुहुन्छ। यदि तपाईंले यस पाठ्यक्रमलाई समूहसँग मिलेर अध्ययन गर्नुभएको छ भने, तपाईंको समूहका अगुवाको निर्देशन पालन गर्नुहोस्।

**अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने**

यस अध्ययन पुस्तिका सहायकमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न उदाहरणसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ।

***ठीक उत्तर*** चुन्नुपर्ने प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण*

**१** बाइबलका कतिओटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू
**ख.** ६६ पुस्तकहरू
**ग.** २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६-*वटा* पुस्तकहरू हो। यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा **ख.**-को वरिपरि घेरा लगाउनुहोस्ः

**१** बाइबलमा कतिवटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू
**(ख.)** ६६ पुस्तकहरू
**ग. २७.** २७ पुस्तकहरू

(कुनै-कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढ़ी उत्तरहरू ठीक हुन सक्छन्। यदि यस्तो छ भने ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।)

***ठीक-बेठीक*** प्रश्नहरूले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन-कुन ***ठीक*** हुन् सो छान्न लगाउँछ।

*ठीक-बेठीक प्रश्नको उदाहरण*

**२** तल दिइएका कुन-कुन बयानहरू ***ठीक*** छन्?

**क.** बाइबलमा जम्मा १२०-वटा पुस्तकहरू छन्।

**(ख.)** बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।

**ग.** बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।

**(घ.)** बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख.** र **घ.** ठीक छन्। माथि देख्नुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस्।

***जोड़ा मिलाउने*** प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तैः नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोड़ा मिलाउन सकिन्छ।

*जोड़ा मिलाउनें प्रश्नको उदाहरणः*

**३** प्रत्येक बयानको अगाड़ि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

| | | |
|---|---|---|
| 1 **क.** | सिनै पर्वतमा व्यवस्था पाएको | १) मोशा |
| 2 **ख.** | इस्राएलीहरूलाई यर्दन नदी पार गराएको | २) यहोशू |
| 2 **ग.** | यरियो शहरको वरिपरि घुमेको | |
| 1 **घ.** | फारो राजाको दरबारमा बसेको | |

**क.** र **घ.**-मा दिइएको बयान *मोशाको* जीवनसँग र **ख.** र **ग.**-मा भएको बयान *यहोशूसँग* मिल्छ। माथि देखाएजस्तै तपाईंले

१. संख्या **क.** र **घ.**-को पछाड़ि र २. संख्या **ख.** र **ग.**-को पछाड़ि लेख्न सक्नुहुन्छ।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले *विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिका* भन्ने छुट्टै पुस्तक पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहायक पुस्तिकाले बताउँछ।

आई सी आई कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्। यस पाठको समाप्तिमा तपाईंलाई सुन्दर प्रमाणपत्र पठाइनेछ।

## लेखकको बारेमा

रेभ. जे लोएल हारूप ब्रसल्स, बेल्जीएममा ख्रीष्टियान केन्द्रका पास्टर हुनुहुन्छ। ब्रसल्समा आउनुभन्दा पहिले १३ वर्षसम्म वासिङ्गटन डि.सी. नजीकैको भर्जिनिया, अलेक्सजेण्ड्रीयामा उहाँले पास्टरको काम गर्नुभएको थियो। उहाँले फ्लोरिडाको लेक्लैण्डमा भएको एसम्बली अफ गडको साउथइस्टन कलेजबाट स्नातक डिग्री प्राप्त गर्नुभएको छ। रेभ. हारूपले पारिवारिक शिविर, सेवकहरूका जमघट र अगुवापनजस्ता तालीमहरूमा प्रशस्तै प्रचारको सेवा पुऱ्याउनुभएको छ। उहाँले माध्यमिक विद्यालय र विश्वविद्यालयका जवान व्यक्तिहरूलाई पनि सेवा पुऱ्याउनुभएको छ। परमेश्वरको वचनको अध्ययन गर्दा र विभिन्न उमेर र पृष्ठभूमिका मानिसहरूलाई सरसल्लाह दिँदा उहाँले वर्षौंदेखि गर्नुभएको गहिरो अनुभवलाई यस पुस्तकमा देख्न सकिन्छ।

अब तपाईं पाठ १ अध्ययन गर्नलाई तयारी भइसक्नुभएको छ। यस अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्।

पाठ १

# के वास्तवमा परमेश्वरको योजना छ त?

. . .धेरै कुराहरू मौकाले नै भएको जस्तो देखिन्छ!

मिश्रमा पिरामीड़ भनिने ठूला-ठूला स्मारकहरू छन्। तिनीहरू अति ठूला छन् र हजारौं वर्ष पहिलेदेखि स्थिर अवस्थामा खड़ा छन्। तिनीहरूलाई निर्माण गर्ने ढुङ्गाहरू यति मिलाएर राखिएका थिए कि तिनीहरूलाई मिलाएर राख्नको निम्ति बीचमा राख्नुपर्ने लेपको आवश्यकता नै थिएन। के ढुङ्गाहरूलाई एकै ठाउँमा थुप्रो लाउँदैमा तिनीहरूको निर्माण हुन्थ्यो होला र? अवश्य पनि हुँदैनथ्यो, यो यसरी भएन भन्ने कुरा हामीलाई थाहा छ।

निर्माण भइसकेपछि स्मारक कस्तो देखिन्छ भनी जान्ने मुख्य निर्माणकर्ता त्यहाँ भएकै हुनुपर्छ। उनले यसको *योजना* गरे। उनले नक्शा बनाए र आवश्यक कार्य सामग्रीहरूको जाँचबुझ गरे, तब हजारौं व्यक्तिहरूलाई विभिन्न काम गर्नको लागि निर्देशन दिए। काम गर्दैजाँदा विभिन्न समस्याहरू खड़ा भए नै होलान्। कसैले काम छोड़े होलान्; अरूहरूले आफूले गर्नुपर्ने काम गरेनन् होला। तर पिरामीड़ बनाउन नसिद्धयाउञ्जेल मुख्य निर्माणकर्ताले चाहिँ लगातार रूपमा बनाइ नै रहे।

ढुङ्गाहरूको ठूलो थुप्रोसँग हजारौं मानिसहरूलाई कल्पना गर्नुहोस्। योजनाविना नै केचाहिँ बनाइन्थ्यो होला? यस पाठमा




तपाईंले परमेश्वरको योजनाको बारेमा सिक्नुहुनेछ। तपाईंको निम्ति पनि परमेश्वरको योजना छ भन्ने कुरा तपाईंले यही पाठमा पत्ता लगाउनुहुनेछ।

**यस पाठमा तपाईंले यी विषयहरूमा अध्ययन गर्नुहुनेछ. . .**

सबै कुराहरूका निम्ति परमेश्वरसँगको योजना छ
मानिसहरूका निम्ति परमेश्वरसँग योजना छ
अरूहरूले परमेश्वरको योजनाको अनुभव गरेका छन्
तपाईंले परमेश्वरको योजनाको अनुभव गर्न सक्नुहुन्छ

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुर्‍याउनेछ. . .**

- "परमेश्वरको योजनाको" अर्थ के हो सो व्याख्या गर्न।
- मानिसहरूका निम्ति भएका परमेश्वरका योजनाका विशेषताहरूलाई वर्णन गर्न।

- बाइबल वीरहरूका जीवन अनुभवहरूबाट थाहा पाउन सकिने परमेश्वरको योजनाको सम्बन्धका निष्कर्षहरू उल्लेख गर्न।

## सबै कुराका निम्ति परमेश्वरसँग योजना छ

उद्देश्य १ *परमेश्वरको योजनाका उदाहरणहरूलाई वर्णन गर्नुहोस्।*

सबै कुराका निम्ति परमेश्वरसँग योजना छ। उहाँले अय्यूबलाई भन्नुभयो कि समुद्र कति गहिरो हुनुपर्छ, सूर्य कहिले उदाउनुपर्छ र पृथ्वी कति ठूलो हुनुपर्छ सो उहाँले नै योजना गर्नुभएको हो। उहाँले ताराहरूलाई रच्नुभयो र बिजुलीहरू सृष्टि गर्नुभयो। जनावरहरूले जन्माउने प्रक्रियालाई परमेश्वरले नै बनाउनुभएको हो! उहाँले साँढ़ेलाई बल र घोड़ालाई रवाफ दिनुभयो। अग्ला पहाड़हरूमाथि उड्न सकोस् भनी परमेश्वरले चीलहरूलाई बनाउनुभयो (अय्यूब ३८-३९)।

परमेश्वरले सबै कुराहरूलाई बनाउनुभयो, र मानव-जातिचाहिँ उहाँको योजनाको सबैभन्दा उत्तम अङ्ग हो। मानिसको निर्माणमा उहाँले विशेष ध्यान दिनुभयो, किनभने तिनीहरूका निम्ति उहाँको विशेष उद्देश्य थियो।

परमेश्वरले मानव-जातिलाई जनावरजस्तो गरी होइन तर आफैजस्तो गरी बनाउनुभयो। परमेश्वरले सङ्गति चाहनुहुन्छ। उहाँसँगको सङ्गतिमा आनन्द मनाउन सकौं भनेर उहाँले हामीलाई बनाउनुभएको हो। परमेश्वरले विचार गर्नुहुन्छ र योजना बनाउनुहुन्छ। हामीले विचार र योजना गर्न सकौं भनेर नै परमेश्वरले हामीलाई बनाउनुभएको हो। परमेश्वरले प्रेम गर्नुहुन्छ। हामीले प्रेम गर्न सकौं भनेर नै परमेश्वरले हामीलाई बनाउनुभएको हो। परमेश्वरले छान्न सक्नुहुन्छ। हामीले पनि छान्न सकौं भनेर परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो।

मानव-जातिका निम्ति परमेश्वरले योजना बनाउनुभएको छ, तर प्रत्येक व्यक्तिले परमेश्वरको योजनाअनुसार काम गर्नलाई छानेको छैन। प्रत्येक व्यक्तिले आफूलाई मन परेको काम गर्न छानेको छ भनी बाइबलले वास्तवमा बताउँछ (रोमी ३:२३)। तर यसले पनि परमेश्वरको योजनालाई परिवर्तन गर्न सक्दैन! तपाईंले आफ्नै अनुभवमा सिकिसक्नुभएको छ, कि परमेश्वरले उद्धारको आफ्नो कार्यद्वारा उहाँको महान् योजनाको अङ्ग हुने शुभ अवसर सबै मानिसलाई प्रदान गर्नुभएको छ। हामी उहाँसँगै मिलेर एक दिन उहाँजस्तै हुनेछौं।

### तपाईंको अभ्यासको निम्ति

*तपाईंको अभ्यासको निम्ति* भनिने यी प्रत्येक खण्डहरूमा भएका प्रश्नहरू वा अभ्यासहरूले तपाईंले भर्खरै अध्ययन गर्नुभएका कुराहरूलाई दोहोऱ्याउन वा प्रयोग गर्न सहायता पुऱ्याउँछन्। प्रत्येकलाई पूरा गर्नका निम्ति दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। आफ्नो अभ्यास-पुस्तिकामा उत्तरहरू लेख्नुहोस् भनी तपाईंलाई निर्देशन दिइएको बेलामा त्यसै गर्नुहोस्। यदि आवश्यक पऱ्यो भने **अध्ययन प्रश्नहरूका उत्तर कसरी दिनुपर्छ** भनी यस पुस्तकको शुरूमा भएको खण्डलाई दोहोऱ्याउनुहोस्।

**१** तपाईंको बाइबलमा उत्पत्ति १ अध्यायलाई पढ्नुहोस्। त्यस अध्यायमा उल्लेख गरिएका परमेश्वरका दुइ सृष्टिहरूका नाउँ दिनुहोस्। ......................................................

**२** परमेश्वरले छान्नुहुन्छ भनी हामीलाई थाहा छ। तपाईंसँग पनि छनोट गर्ने योग्यता छ र यस सम्बन्धमा तपाईं

परमेश्वरसँग मिल्दोजुल्दो हुनुहुन्छ भनी देखाउन तपाईंको छनोटलाई वर्णन गर्नुहोस्। ..........................................

*तपाईंका उत्तरहरूलाई जाँच्नुहोस्।*

## मानिसहरूका निम्ति परमेश्वरसँग योजना छ

उद्देश्य २ *मानिसहरूका निम्ति भएको परमेश्वरको योजनाको आधारभूत विशेषताहरूको उल्लेख गर्नुहोस्।*

केहीको योजनामा विशेष स्वरूप वा विशेषताहरू संलग्न भएका हुन्छन्। उदाहरणको लागि घरको नक्शामा भित्ताहरू, झ्यालहरू, ढोकाहरू र कोठाहरूको योजना बनाइएको हुन्छ। मानिसहरूका निम्ति परमेश्वरको योजना छ भनी हामीले भनिसकेका छौं। उहाँको योजनाका विशेषताहरू के-के हुन् त?

### ज्ञानद्वारा परमेश्वरको योजना शुरू हुन्छ

दाऊद परमेश्वरका मानिसहरूका एक अगुवा थिए। उनले बाइबलमा धेरै भजनहरू लेखेका छन्। परमेश्वरले उनका काम र विचारहरूलाई जान्नुहुन्छ भनी उनले भजनसंग्रह १३९-मा बताएका छन्। उनले भन्नुभन्दा पहिल्यै उनले भन्छन् भन्ने कुरा परमेश्वरलाई थाहा थियो। परमेश्वरले दाऊदलाई बनाउनुभएको थियो। उहाँले उनकी आमाको गर्भैमा उनलाई रच्नुभएको थियो।

**तपाईंको अभ्यासको निम्ति**

**३** तल दिइएका बाइबलका पदलाई आफ्नो बाइबलमा पढ्नुहोस्। प्रत्येक व्यक्तिको बारेमा परमेश्वरले के थाहा पाउनु भएको

थियो सो पदसँगैको खाली ठाउँमा लेख्नुहोस्। तपाईंको बारेमा पनि परमेश्वरलाई यी नै कुराहरू थाहा छ।

**क**) अय्यूब २३:१० ..........................................

**ख**) भजनसंग्रह ३१:७ ..........................................

**ग**) भजनसंग्रह १०३:१४ ..........................................

**घ**) भजनसंग्रह १३९:१६ ..........................................

*तपाईंका उत्तरहरूलाई जाँच्नुहोस्।*

परमेश्वरले दाऊदलाई मात्र बनाउनुभएन। उहाँले तपाईंलाई पनि बनाउनुभयो। दाऊदका बारेमा परमेश्वरलाई सबै कुरा थाहा भए तापनि उहाँले दाऊदलाई प्रेम गर्नुभयो। तपाईंका बारेमा परमेश्वरलाई सबै कुरा थाहा भए तापनि उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ। उहाँले तपाईंको जन्म, तपाईंको उद्धार, तपाईंको जीवन र तपाईंको अनन्तताको पनि योजना गर्नुभएको थियो। यदि तपाईंले उहाँसँग मिलेर तपाईंको आफ्नो जीवनको निम्ति उहाँका योजनाहरूलाई पालन गर्न खोज्नुभयो भने, उहाँले तपाईंलाई प्रभावशाली र सक्रिय रूपले अगुवाइ गर्नुहुन्छ (फिलिप्पी २:१३)।

## परमेश्वरको योजनामा विभिन्नताको संलग्नता छ

संसारमा विभिन्न जाति, भाषा र राष्ट्रियताका मानिसहरू छन्। कपालको किसिम, आँखाहरूका आकार र छालाको रङ्गको विभिन्नतालाई विचार गर्नुहोस्। र प्रत्येक जातिमा पनि हामी एक-अर्कासँग भिन्न देखिन्छौं। हाम्रा भिन्नाभिन्नै विचारहरू छन्। हामीलाई भिन्नाभिन्नै किसिमका खानेकुराहरू मन पर्छन्। परमेश्वरले हामीलाई भिन्नाभिन्नै व्यक्ति बनाउनुभएको असल होइन र?

कहिलेकहीँ एउटै परिवारमा पनि छोराछोरीहरू उस्तै देखिँदैनन्। कोही दुब्ला र कोही मोटा हुन्छन्। कसैको कपाल कालो हुन्छ र कसैको कपाल कैलो हुन्छ। यदि आमा-बाबुले आफ्ना छोराछोरीहरूलाई माया गर्छन् भने यी भिन्नताहरू त्यति महत्त्वपूर्ण होइनन्। छोराछोरीहरू आफ्नै हुन् भनी जान्नुचाहिँ आमा-बाबुका निम्ति अति महत्त्वपूर्ण कुरा हो।

परमेश्वरले योजना गर्नुभएको भिन्नतालाई देख्नुचाहिँ वास्तविक सत्यता हो। हामी विभिन्न र छुट्टाछुट्टै हुनलाई परमेश्वरले योजना गर्नुभएको हो। उहाँको सृष्टिको योजनामा यो एक अचम्मको कुरा हो। हामीजस्तै कोही पनि छैन भनी जब हामी विचार गर्छौं, यो साँचो भएको कारणले नै यसो भएको हो!

**तपाईंको अभ्यासको निम्ति**

४ तपाईंका मित्रभन्दा तपाईं के कुरामा फरक हुनुहुन्छ?

..................................................................

**परमेश्वरको योजनामा स्तर सम्मिलित छ**

हामीले शुरूमा नै बताएको पिरामीड्को बारेमा के हामी विचार गर्न सक्छौं? सबै ढुङ्गाहरू उस्तै हुनुपर्ने आवश्यकता थिएन। तिनीहरू विभिन्न नाप र आकारका हुन सक्थे। तिनीहरू एकैसाथ मिलेर रहनुचाहिँ अति महत्त्वपूर्ण थियो। तिनीहरूलाई प्रयोग गर्न सकियोस् भनेर नै तिनीहरू सबैलाई बनाइएको हो। बनाउनेको योजनाअनुसार नै प्रत्येकको आकार बनाइएको हुन्थ्यो भनी यसले बताउँछ।

परमेश्वरको योजनाअनुसार नै हामीलाई निर्माण गरिएको छ र यस योजनामा स्तर वा नमूना सम्मिलित गरिएको छ। एफिसी ४:१३-ले हामीलाई बताउँछ कि हाम्रो जीवनको स्तर "ख्रीष्टका पूर्णताको नाप" हो। परमेश्वरले आफ्ना वचनको शिक्षाद्वारा हामीलाई यही उद्देश्यतर्फ डोऱ्याइराख्नुभएको छ। जब हामी उहाँलाई हामीमा काम गर्न दिन्छौं, उहाँले आफ्ना पुत्रको स्तर वा नमूनाअनुसार हामीलाई परिवर्तन गर्नुहुन्छ। हामी उहाँका छोराछोरीहरू नै हौं। हामी उहाँजस्तै हुन चाहन्छौं।

हामी बेग्लाबेग्लै व्यक्तिहरू हुन छोड्यौं भन्ने अर्थ यसले दिँदैन। परमेश्वरले हामी प्रत्येकलाई ख्रीष्टको *जुम्ल्याह* होइन तर ख्रीष्टको "भाइ" बनाउनुभयो (रोमी ८:२९)। केटाकेटीहरू बढ़ेपछि आफ्नै आमा-बाबु जत्तिकै परिपक्व र ज्ञानी हुन्छन्। तिनीहरूले धेरै कुरामा आफ्ना आमा-बाबुहरूले जस्तै विचार गर्छन्। आफ्ना आमा-बाबुहरूले आफूलाई किन अनुशासन गरे, सिकाए र तिनीहरूका आफ्नै समस्याहरूका सामना गर्न लगाए सो पनि तिनीहरूले बुझ्न शुरू गर्छन्। तर तिनीहरू अझै पनि बेग्लाबेग्लै व्यक्तिहरू हुन्।

यदि हामीले ईमानदारीसाथ येशू ख्रीष्टको आज्ञा पालन गर्न सिक्यौं भने, एक दिन हामी उहाँजस्तै हुनेछौं। हाम्रा वर्तमान सीमितपनाहरूलाई हटाइनेछ भनी यसले अर्थ दिन्छ। हामीले परमेश्वरलाई पूर्ण रूपले चिन्नेछौं। हामीले उहाँको उद्देश्य-लाई सिद्ध रूपले बुझ्नेछौं। हामीले सिद्ध प्रेमले उहाँलाई प्रेम गर्नेछौं। ख्रीष्टमा भएको महिमा हाम्रै महिमा हुनेछ (रोमी ८:३०)।

जब हामी उहाँजस्तै हुन्छौं, उहाँले जसरी हामीलाई चिन्नुभएको छ, त्यसै गरी जब हामी उहाँलाई चिन्छौं, तब हाम्रो सङ्गति सिद्ध हुनेछ।

### तपाईंको अभ्यासको निम्ति

५ हाम्रा जीवनका निम्ति *नमूना* (स्तर) समावेश भएको ख्रीष्टको बारेको प्रत्येक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) उहाँले परमेश्वरको इच्छा पूरा गर्नुभयो।
**ख**) उहाँ यहूदी जातिको हुनुहुन्थ्यो।
**ग**) उहाँले सत्य बोल्नुभयो।
**घ**) उहाँले आफ्नो बाल्यावस्था सानो गाउँमा बिताउनुभयो।

### परमेश्वरको योजनाले एक साथ ल्याउँछ

परमेश्वरको योजनामा एक साथ मिलाउनको निम्ति हामी-लाई सृष्टि गरिएको छ। हामी कमजोर भएको कुरामा कोही बलियो होला र हामी बलिया भएका कुरामा अरूहरू कमजोर होलान्।

एक-अर्कासँग भएको हाम्रो सम्बन्धको बारेमा बताउन बाइबलमा धेरै उदाहरणहरू प्रयोग गरिएका छन्। परमेश्वरको परिवारको हैसियतले हामी हाम्रा पिताका स्वभावहरूलाई लिन्छौं र एक-अर्कासँगको सङ्गतिमा आनन्द मनाउँछौं (एफिसी २:११-१६)। परमेश्वर आफ्ना आत्माद्वारा जिउनुहुने मन्दिरलाई निर्माण गर्ने ढुङ्गाहरू हामी हौं (एफिसी २:२०-२२)। एकैसाथ हामी ख्रीष्टका दुलही हौं (२ कोरिन्थी ११:२; प्रकाश २१:६)। एकैसाथ हामी सेनाहरू हौं (एफिसी ६:१०-१८)।

मानिसहरूका निम्ति भएको परमेश्वरको योजना उहाँसँग र एक-अर्कासँग भएको मिलापको योजना नै हो भनी यसले स्पष्ट देखाउँछ। तब परमेश्वरले हाम्रो निम्ति बनाउनुभएको योजना

उहाँले अरूहरू र सारा सृष्टिका निम्ति बनाउनुभएको योजनाको विपरीत छैन भनी आशा राख्नु न्यायसङ्गत नै हो।

परमेश्वरले हाम्रा निम्ति के चाहना राख्नुभएको छ भनी जब हामी पत्ता लगाउन शुरू गर्छौं, यी दुइ कुराहरू उहाँका मनमा सधैंभरि छन् भन्ने कुरा हामी देख्छौं: १) हाम्रा नमूनाको रूपमा ख्रीष्टसँग हाम्रो *व्यक्तिगत* विकास र २) परमेश्वरको योजनासँग मिलापमा रहनेहरूसँग *हाम्रा सम्बन्धहरूको* विकास।



**तपाईंको अभ्यासको निम्ति**

**६** हाम्रा निम्ति भएको परमेश्वरको योजनामा एकसाथ (मिलाप) संलग्न गरिएको उदाहरणलाई तल दिइएकाहरूमध्ये कुन-कुनले सम्बोधन गर्छन्?

**क)** परमेश्वरले आफ्नो बारेमा असल र खराबसहित सबै कुराहरू जान्नुहुन्छ भनी दीपकले महसूस गरेका छन्।

**ख)** विनय र प्रेम दुवै जना विश्वासीहरू हुन्, तर उनीहरू दुइ भिन्नाभिन्नै जातिबाट आएका छन्।

**ग)** बाइबल अध्ययनमा अगुवाइ गर्नको निम्ति शान्तिलाई सहायता पुऱ्याउन आफ्नो शिक्षण कुशलतालाई कसरी प्रयोग गर्नुपर्छ भनी कृपा सिकिछन्।

**७** तल बायाँपट्टि दिइएका बाइबलका प्रत्येक पदलाई पढ्नुहोस्। दायाँपट्टि दिइएको परमेश्वरको योजनालाई बताउने पदसँग तुलना गर्नुहोस्। पदको अगाड़िको खाली ठाउँमा मिल्ने बयानको अङ्क लेख्नुहोस्।

| | |
|---|---|
| ___**क**) योआनेस १०:१४-१५ | १) परमेश्वरको ज्ञान |
| ___**ख**) योआनेस १७:२१ | २) विभिन्नता |
| ___**ग**) १ कोरिन्थी १२:१४ | ३) स्तर |
| ___**घ**) फिलिप्पी २:५ | ४) एकसाथ (मिलाप) |
| ___**ङ**) १ योआनेस ३:१६ | |

**८** मानिलिऔं तपाईंका मित्रले तपाईंलाई यो प्रश्न सोध्नुभयोः *मानिसहरूका निम्ति भएको परमेश्वरको योजना के हो?* तपाईंले उत्तर दिन सक्नुहुने परमेश्वरका योजनाका चार विशेषताहरूका वर्णनलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

## अरूहरूले परमेश्वरको योजनाको अनुभव गरेका छन्

उद्देश्य ३ *परमेश्वरको योजनालाई आफ्ना जीवनमा अनुभव गर्ने व्यक्तिहरूबाट उहाँको योजनाको निर्णयलाई थाहा पाउन सक्नु।*

आफ्ना जीवनमा परमेश्वरको योजनालाई अनुभव गर्ने धेरै मानिसहरूका बारेमा बाइबलले हामीलाई बताउँछ। यी मानिसहरूका वर्णन र परमेश्वरको योजनाको बारेमा तिनीहरूका अनुभवले हामीलाई के सिकाउँछन्, अब हामी विचार गरौं।

**येशूका चेलाहरू**

येशू पृथ्वीमा हुनुहुँदा आफूसँग हुनको निम्ति आफ्ना पछि लाग्नेहरूबाट उहाँले बाह्र जना चेलाहरूलाई छान्नुभयो (मर्कूस ३:१३-१५)। उहाँको योजनाको साँचो (चावी) नै यही थियो– उहाँ तिनीहरूसँगै हुनुहुनेछ र तिनीहरूसँगै भएर उहाँले तिनीहरूलाई परिवर्तन गर्नुहुनेछ। उहाँले पूरै रात प्रार्थनामा बिताउनुभएपछि, तिनीहरूलाई होशियारीसाथ छान्नुभयो (लूकास ६:१२-१६)। जुन कामको निम्ति पिताले उहाँलाई पठाउनुभएको थियो सो पूरा गर्नु नै उहाँको मुख्य योजना थियो (योआनेस १७:१४)।

आफ्ना चेलाहरूका निम्ति भएको खीष्टको योजनाको अन्तिम लक्ष्य आफूसँग र एक-अर्कासँग तिनीहरू सिद्ध एकतामा होऊन् भन्ने हो (योआनेस १७:२०-२३)। र पनि जब हामी यी मानिसहरूका विषयमा बाइबलमा पढ्छौं, तिनीहरू सबै उस्तै थिएनन् भन्ने कुरा हामी तुरुन्तै देखिहाल्छौं।

दुइ जनालाई "गर्जनका छोराहरू" भनिन्थ्यो (मर्कूस ३:१७)। यिनीहरूमध्ये योआनेसलाई "येशूले प्रेम गर्नुभएका व्यक्ति" पनि भनियो (योआनेस १३:२३)। अरूहरूलाई भन्दा बढ़ी पत्रसलाई धैर्य देखाउनुपरेको थियो। नथानेलमा कुनै छल छैन भनिएको थियो (योआनेस १:४७)।

मानिसहरू विभिन्न पेशा र पृष्ठभूमिहरूबाट आएका थिए। माछा मार्ने पेशा भएका साधारण मानिसहरूदेखि लिएर कर उठाउने सम्मका थिए र तिनीहरूले आफ्ना बेग्लाबेग्लै व्यक्तिहरू कायम राखेका थिए। तर पनि खीष्टसँगै भएका हुनाले तिनीहरू एकैसाथ आउन सकेका थिए। तिनीहरू "बाह्र प्रेरितहरू"-का रूपमा चिनिन थाले। तिनीहरूका नामहरू परमेश्वरको शहरका जगहरूमा लेखिएका छन् भनी हामी प्रकाशको पुस्तकमा पढ्न सक्छौं (प्रकाश २१:१४)।

बाह्र चेलाहरूले ख्रीष्टसँगै धेरै कुराहरूको अनुभव गरेका थिए। कहिलेकहीँ तिनीहरू आरामदायी भए तापनि अरू बेलामा तिनीहरू थकित हुन्थे। कुनै बेला तिनीहरूलाई आश्चर्य ढङ्गले खुवाइन्थ्यो र अरू बेलामा तिनीहरूले आफ्नै खाना किनेर खाए। तिनीहरूले ठूला विजयतामा आनन्द मनाए। तिनीहरूलाई निराशाहरूको पनि अनुभव थियो। तर ख्रीष्टमा नै रहेका हुनाले परमेश्वरको योजना तिनीहरूमा पूरा भएको थियो।

**तपाईंको अभ्यासको निम्ति**

**९** येशूका चेलाहरूको अनुभवले देखाउँछ, कि परमेश्वरको योजना जान्नको निम्ति हामीले गर्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण कुरा
**क**) कठिनाइ र अभ्यासहरू सहनु हो।
**ख**) ठूला आश्चर्यकर्महरू र विजयताको अनुभव गर्नु हो।
**ग**) निरन्तर रूपमा ख्रीष्टमा रहिरहनु हो।

**१०** येशूलाई प्रतिउत्तर दिने पत्रसको तरीका योआनेसको जस्तो थिएन। परमेश्वरको योजनाको सम्बन्धमा यस सत्यताले कस्तो विशेषताको सम्बोधन गर्छ?
**क**) विभिन्नता
**ख**) ज्ञान
**ग**) एकसाथ (मिलाप)

**प्रेरित पौलस**

हामीले प्रेरित पौलस भनी चिन्ने परमेश्वरका महान् जनलाई उनको शुरूको जीवनमा टार्ससका शावल भनी चिनिन्थ्यो। एक समयमा उनले येशू र उहाँलाई विश्वास गर्नेहरूलाई घृणा

गर्ने गर्थे। ख्रीष्टियानहरूलाई हत्या गर्ने काममा पनि उनी जिम्मेवारी छन्, किनकि ख्रीष्टियानहरू ईश्वर-निन्दक हुन् भनी उनले विचार गरेका थिए। येशूमा विश्वास गर्नेहरूलाई पक्रन पाउने अनुमति पत्र लिएर उनी एउटा शहरमा गइरहेका बेला परमेश्वर अन्तमा शाऊलसँग बोल्नुभयो।

पछि गएर जब पौलसले आफ्नो शुरूको जीवनलाई हेरे, उनले आफूलाई पापीहरूका मुख्य भनी सम्बोधन गरेका छन् (१ तिमोथियस १:१५)। यदि परमेश्वरको प्रक्रियाले उनमा काम गर्न सक्यो भने, यस्तो प्रक्रियामा आफैलाई समर्पण गर्ने प्रत्येकमा यसले काम गर्छ। आफ्नो जीवनको अन्तमा भएको आफ्नो निश्चयतालाई आफ्ना जवान मित्र तिमोथियसको अगाड़ि पौलसले २ तिमोथियस ४:७-८-मा प्रकट गरेका छन्। आफूले दौड़ सिध्याएको र विश्वासलाई थामिराखेको कुरा उनले बताएका छन्। यस कुरामा उनी निश्चित थिए कि उनको लागि मात्र होइन तर यसो गर्ने सबैका लागि इनाम पर्खिराखेको छ।



**तपाईंको अभ्यासको निम्ति**

**११** पौलसको जीवनसम्बन्धी तीन टिप्पणीहरूलाई तल उल्लेख गरिएका छन्। परमेश्वरको योजनाको सम्बन्धमा पौलसको

जीवनले हामीलाई देखाउने सबैभन्दा उत्तम टिप्पणीलाई छान्नुहोस्।

**क**) धेरै ख्रीष्टियानहरूले आफ्ना जीवनको धेरै समय परमेश्वरको योजनाको विरुद्धमा बिताएका छन्।

**ख**) कुनै पनि व्यक्तिको विगत जीवनमा असफलता भए तापनि परमेश्वरको सिद्ध इच्छा उसमा पूरा हुन सक्छ।

**ग**) असफलताको अनुभव गर्न सम्भव छ भनी प्रत्येक विश्वासीले महसूस गर्नैपर्छ।

---

## तपाईंले परमेश्वरको योजनाको अनुभव गर्न सक्नुहुन्छ

---

उद्देश्य ४ *तपाईंको जीवनमा परमेश्वरले आफ्नो योजनाअनुसारको काम गर्नुभएको अवस्थालाई वर्णन गर्नुहोस्।*

जसरी बाह्र चेलाहरूका निम्ति थियो, त्यसै गरी तपाईंको निम्ति पनि परमेश्वरको योजना सिद्ध र व्यक्तिगत छ। उहाँ तिनीहरूसँग जति नजीकतामा हुनुहुन्थ्यो, तपाईंसँग पनि त्यत्ति नै नजीकतामा हुन चाहनुहुन्छ (योआनेस १७:२१)। जसरी उहाँले तिनीहरू र तिनीहरूका परिस्थितिहरूमा काम गर्नुभयो, त्यसै गरी उहाँले तपाईं र तपाईंका परिस्थितिहरूमा काम गर्नुहुन्छ। अनि पौलसको जीवनले देखाएझैं, तपाईंको जीवनमा जे-जस्तै असफलता भएका भए तापनि उहाँले तपाईंको जीवनमा आफ्नो उद्देश्य पूरा गर्न सक्नुहुन्छ।

आफ्नो निम्ति परमेश्वरको योजना छ भनी तपाईंले महसूस गर्नुभएपछि तपाईंको हेराइ नै परिवर्तन हुनेछ। तपाईंको जीवनमा घटेका केही कुराहरूलाई तपाईंले भिन्नै किसिमले दृष्टिगत गर्न शुरू गर्नुहुनेछ।



एक सिकर्मीले बोसिलो वा करौंतीको सहायताले काठको रूपलाई बदली गरिदिन्छ। उसले यसमा खाक्सी दलेर चिप्लो बनाउँछ। मुख्य कारीगरले हीराको अनावश्यक भागलाई काटेर नफालुन्जेलसम्म त्यो त्यसको पूर्ण मूल्यमा पुगेको हुँदैन। परमेश्वरले पनि विशेष ध्यान दिएर तपाईंमा काम गरिरहनु-भएको छ कि! हामीलाई पनि घनले ठोकिएको, करौंतीले चिरिएको र खाक्सी लगाइएको जस्तो कहिले-कहिले अनुभव हुन्छ। "भाग्य", मानिसहरू वा हामी रहेको परिस्थितिको कारणले यी भएका हुन् भनी हामी प्रायःजसो विचार गर्ने गर्छौं। ती कुराहरू हाम्रो जीवनमा परमेश्वरको प्रक्रियाका भाग हुन् भनी यदि हामीले विश्वास गर्‍यौं भने हाम्रो प्रतिक्रिया अवश्य नै भिन्नै हुनेछ।

हाम्रो जीवनका घटनाहरू ठीकसँग मिल्ने प्रक्रियाको बारेमा रोमी ८:२८-३०-ले हामीलाई बताउँछ। परमेश्वरलाई हाम्रो बारेमा सबै कुरा थाहा छ भन्ने सत्यतालाई हामीले अध्ययन

गरिसकेको कुरालाई याद गर्नुहोस्। हाम्रा निम्ति भएको उहाँको योजना त्यहीँ नै शुरू हुन्छः

> जस-जसलाई उहाँले पहिलेबाट नै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई, धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले बोलाउनु पनि भयो, र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरूलाई उहाँले महिमित पनि पार्नुभयो।

तपाईंले निरन्तर रूपमा यस पाठ्यपुस्तकलाई अध्ययन गर्दैजानुहुँदा हामीलाई परिवर्तन गर्नको निम्ति परमेश्वरले प्रयोग गर्नुहुने तरीकाहरूलाई पनि तपाईंले हेर्नुहुनेछ। परमेश्वरको इच्छा के हो सो थाहा पाउनको लागि केही परिस्थितिहरूले पनि हामीलाई सहायता गर्छन् भन्ने कुरा तपाईं देख्नुहुनेछ। यदि तपाईंले परमेश्वरसँगै मिलेर काम गर्नुभयो भने तपाईंलाई हुने जेसुकै कुरा पनि उहाँले उहाँको अन्तिम उद्देश्य प्राप्तिको लागि नै प्रयोग गर्नुहुनेछ (रोमी ८:२८)।

---

**तपाईंको अभ्यासको निम्ति**

**१२** रोमी ८:२८ पढ्नुहोस्। तपाईंको जीवनको कुनै परिस्थिति वा अवस्थालाई आफ्नो अभ्यास-पुस्तिकामा वर्णन गर्नुहोस्। त्यसपछि आफैलाई यो प्रश्न सोध्नुहोस्: *मेरो निम्ति आफ्नो योजना पूरा गर्नलाई परमेश्वरले यस परिस्थितिलाई*

*कसरी प्रयोग गर्न सक्नुहुन्छ?* प्रश्नको उत्तर लेख्ने कोशिश गर्नुहोस्।

तपाईंको निम्ति भएको परमेश्वरको अर्को कदम र तपाईंसँग उहाँ कसरी बोल्न चाहनुहुन्छ सो हामी पाठ २-मा विचार गर्नेछौं। तपाईंले पाठ २ शुरू गर्नुभन्दा पहिले भजनसंग्रह १३६-लाई पूरै पढ्नुहोस् र तपाईंको जीवनमा भएको परमेश्वरको योजनाको बारेमा यसले प्रकट गर्ने अचम्मको सत्यतामा मनन गर्नुहोस्।



## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

तपाईंका अध्ययन अभ्यासहरूका उत्तरहरूलाई क्रमवद्ध किसिमले दिइएका छैनन्। तपाईंले अर्को प्रश्नको उत्तर पहिल्यै देख्न नसक्नुहोस् भन्ने हेंतुले यसो गरिएको हो। आफूलाई आवश्यक परेको संख्या खोज्नुहोस् र अन्य उत्तरहरू पहिल्यै हेर्ने कोशिश नगर्नुहोस्।

७. **क.** १) परमेश्वरको ज्ञान
**ख.** ४) एकसाथ (मिलाप)
**ग.** २) विभिन्नता
**घ.** ३) स्तर
**ङ.** ३) स्तर

१. तपाईंको उत्तर। परमेश्वरले सृष्टि गर्नुभएका धेरै कुराहरूलाई उत्पत्ति १-मा उल्लेख गरिएका छन्, जस्तैः ज्योति र अँध्यारो (३-४ पदहरू), समुद्रहरू र भूमि (६-१० पदहरू), मानव-जाति (२६:२७ पदहरू)।

८. पाठमा वर्णन गरिएझैं तपाईंको उत्तरमा ज्ञान, विभिन्नता, स्तर र एकसाथ (मिलाप)-का रूपहरूलाई समावेश गरिएको हुनुपर्छ।

२. तपाईंको उत्तर। यस पाठ्यपुस्तकलाई अध्ययन गर्ने तपाईंको निर्णयले देखाउँछ कि तपाईं छान्न सक्नुहुन्छ। यस सम्बन्धमा पनि परमेश्वरले तपाईंलाई आफ्नै स्वरूपमा बनाउनुभएको छ।

६. ग) निरन्तर रूपमा ख्रीष्टमा रहिरहनु हो।

३. (तपाईंका आफ्नै शब्दहरूमा)
**क**) उनका कदमहरू वा बाटो।
**ख**) उनका कष्टहरू
**ग**) उनी केले बनिएका छन्; उनी कसरी बनिएका छन्।
**घ**) उनका दिनहरूको संख्या

१०.क) विभिन्नता

४. तपाईंको उत्तर

११.ख) कुनै पनि व्यक्तिको विगत जीवनमा असफलता भए तापनि परमेश्वरको सिद्ध इच्छा उसमा पूरा हुन सक्छ।

५. क) उहाँले परमेश्वरको इच्छा पूरा गर्नुभयो।
ग) उहाँले सत्य बोल्नुभयो।

१२. तपाईंको उत्तर। तपाईंको जीवनमा परमेश्वरले के गरिराख्नुभएको छ सो विषयमा अझै सचेत बन्ने कोशिश गर्नु।

६. ग) बाइबल अध्ययनमा अगुवाइ गर्नको निम्ति शान्तिलाई सहायता पुऱ्याउन आफ्नो शिक्षण कुशलतालाई कसरी प्रयोग गर्नुपर्छ भनी कृपा सिक्छिन्।

पाठ २

# मैले यसपछि के गर्नुपर्छ भनी के परमेश्वरले मलाई बताउनुहुन्छ?

. . . मेरो निम्ति उहाँको योजना छ भन्ने कुरामा म निश्चित छैन।

निश्चय नै तपाईंले ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरिसक्नुभएको छ। तपाईंको जीवनको निम्ति परमेश्वरको योजना छ भन्ने वास्तविकतालाई अहिले सम्ममा तपाईंले पत्ता लगाइसक्नुभएको छ। आफ्नो जीवनको निम्ति तपाईंले परमेश्वरको इच्छा पछ्याउनुहुन्छ भन्ने कुरामा म निश्चित छ।

शायद तपाईं *अहिले* परमेश्वरले बनाउनुभएको योजनाप्रति परमेश्वरसँग आफ्नो सम्बन्धबारे सोचिराख्नुभएको छ होला। तपाईंलाई निश्चय नहुनसक्छ कि तपाईंपनि यसको एक भाग हुनुहुन्छ अनि यसबारे परमेश्वर तपाईंसित बोल्न चाहनुहुन्छ।

परमेश्वरको योजनामा तपाईंको वर्तमान स्थान के हो भन्ने कुरा तपाईंले यस पाठमा पत्ता लगाउनुहुनेछ। परमेश्वर तपाईं-सँग बोल्न चाहनुहुन्छ भन्ने कुरामा तपाईं कसरी निश्चित हुन सक्नुहुन्छ, सो बारेमा धेरै सत्यताहरू तपाईंले सिक्नुहुनेछ। तपाईंको निम्ति भएको उहाँको योजनालाई पूरा गर्न उहाँले



तपाईंलाई कसरी अगुवाइ गर्नुहुन्छ, तीसम्बन्धी प्रतिज्ञाहरू र जुटावटहरूका बारेमा पनि तपाईंले सिक्नुहुनेछ।

**यस पाठमा तपाईंले यी विषयहरूमा अध्ययन गर्नुहुनेछ . . .**

तपाईं परमेश्वरको योजनामा प्रवेश भइसक्नुभएको छ।
परमेश्वरले तपाईंलाई उहाँको योजनाको पछि लाग्न चाहनुहुन्छ।
परमेश्वरले आफ्नो योजनालाई प्रकट गर्न चाहनुहुन्छ।

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- परमेश्वरको योजनामा तपाईंको वर्तमान सम्बन्धमा निश्चित हुन।
- परमेश्वरको योजनालाई तपाईंले निरन्तर पछ्याएको उहाँ किन चाहनुहुन्छ सो व्याख्या गर्न।

- परमेश्वरले आफ्नो योजना तपाईंलाई प्रकट गर्न चाहनुहुन्छ भन्ने कुरामा तपाई कसरी निश्चित हुन सक्नुहुन्छ सो को कारणहरू दिन।

## तपाई परमेश्वरको योजनामा प्रवेश भइसक्नुभएको छ

उद्देश्य १ *परमेश्वरको योजनामा तपाईंको वर्तमान सम्बन्ध र यो कसरी भयो वर्णन गर्नुहोस्।*

विश्वासीको हैतियतले तपाईंमा यो निश्चयता छ, कि तपाईंले ख्रीष्टलाई ग्रहण गर्नुभएको हुनाले तपाई परमेश्वरका बालक हुनुभएको छ। तपाईंको निम्ति भएको परमेश्वरको इच्छा र योजना बुझ्नको निम्ति तपाईंमा पनि यही नै निश्चयता हुनु आवश्यक छ। तपाईंमा त्यस निश्चयतालाई निर्माण गर्नको निम्ति सहायता पुऱ्याउन तपाईंले ख्रीष्टलाई ग्रहण गर्नुहुँदा पाउनुभएको अनुभवलाई हामी यहाँ दोहोऱ्याऔं। तपाईंको अनुभव अद्वितीय र व्यक्तिगत भए तापनि, ख्रीष्टलाई ग्रहण गर्ने सबैमा हुने केही महत्त्वपूर्ण कुराहरू पनि छन्।

### तपाईंले ख्रीष्टमा विश्वास गर्नुभयो

तपाईंले ख्रीष्टलाई ग्रहण गर्नुभएको अनुभव काकताली वा मौकाद्वारा भएको होइन। यस्तो खालको महान् सम्बन्धमा तपाई दुर्घटनाले ठोकिन पुग्नुभएको होइन। कसैले पनि त्यसरी उद्धार पाएको छैन। जसरी भए पनि परमेश्वरले आफ्नो योजना तपाईं-लाई बताउनुभयो। तपाईंको जीवनको निम्ति उहाँले आफ्नो विशेष योजना पनि तपाईंलाई बताउनुभएको छ। परमेश्वरले भन्ने बित्तिकै तपाईंले उद्धार पाउनुभएको होइन, तर तपाईंले उहाँको वचनको आज्ञा पालन गर्नुभएको हुनाले नै उद्धार पाउनुभएको हो।

बाहिरीय कार्य महत्त्वपूर्ण तत्व थिएन। तर आज्ञाकारिताचाहिँ अति नै महत्त्वपूर्ण थियो। उद्धारको निम्ति पवित्र धर्मशास्त्रले दिने एक सामान्य तत्वचाहिँ *विश्वास* हो। तब सधैँ माग गरिएको आज्ञाकारिता यही नै होः *हामीले विश्वास गर्नैपर्छ।*

फिलिप्पीका भ्यालखानका हाकिमको प्रश्नलाई पौलस र सिलासले कसरी जवाफ दिए सो हामी विचार गरौं, "उद्धार पाउनलाई मैले के गर्नुपर्छ?" (प्रेरित १६:३०)। उद्धार प्राप्तको सम्बन्धमा तिनीहरूको उत्तर साह्रै साधारण थियोः "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईंले उद्धार पाउनुहुनेछ" (प्रेरित १६:३१)। भ्यालखानाका हाकिमले ख्रीष्टमा विश्वास गर्नका निम्ति *निर्देशनको आज्ञा पालन* गर्नुपर्थ्यो।

यसरी नै तपाईंको आज्ञाकारिताको प्रतिउत्तरमा ख्रीष्ट तपाईंका हृदयमा आउनुभएको हो।

## तपाईंको अभ्यासको निम्ति

१ तल दिइएका बाइबलका पदहरूलाई पढ्नुहोस्। ख्रीष्टमा विश्वास गरी आज्ञाकारिताको प्रतिउत्तर दिने प्रत्येक व्यक्तिको बारेमा बताउने प्रत्येक पदको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) मर्कूस १५:१३
**ख**) लूकास १:४५
**ग**) योआनेस १७:८
**घ**) प्रेरित १८:८

२ उद्धार (मुक्ति) आज्ञाकारिताको नतीजा हो भन्ने कुरा कसरी सत्य छ?

....................................................................................

**तपाईंले वचनको आज्ञापालन गर्नुभयो**

ख्रीष्टियान बन्नलाई तपाईं परमेश्वरको वचन अर्थात् बाइबलको आज्ञाकारी बन्नुभयो। परमेश्वरको व्यक्तित्व, उहाँको पवित्रता र उहाँका पुत्र येशू ख्रीष्टका बारेमा हामी बाइबलबाट नै सिक्छौं। ख्रीष्ट यस संसारमा आउनुभयो, उहाँ मृत्युबाट बौरिउठ्नुभयो, र उहाँले पापको क्षमा दिनुहुन्छ भनी बाइबलले नै हामीलाई बताउँछ। अर्को किसिमले भन्ने हो भने, जब तपाईंले ख्रीष्टलाई ग्रहण गर्नुभयो, बाइबलमा प्रकट गरिएको परमेश्वरको इच्छाप्रति तपाईं आज्ञाकारी हुनुभयो। आज्ञाकारी हुनको निम्ति आवश्यकीय परमेश्वरको इच्छालाई तपाईंले सिक्नुभयो र तपाईं परमेश्वरका बालक बन्नुभयो।

**तपाईंले पवित्र आत्माको आज्ञापालन गर्नुभयो**

परमेश्वरको वचनले सिकाउने सत्यताहरूसँग यसै बेला तपाईंले सामना गर्नुभयो र तपाईंले भित्रिय *निश्चयताको* पनि अनुभव गर्नुभएको थियो। उदाहरणको लागि, तपाईंले ख्रीष्टको पुनरुत्थानको सत्यतालाई मात्र सिक्नुभएन। वास्तवमा ख्रीष्ट बौरि-उठ्नुभयो र जीवित हुनुहुन्छ भन्ने सत्यतामा तपाईं निश्चित हुनुहुन्छ। पवित्र आत्माले तपाईंलाई सत्यतामा डोऱ्याउनुभएको हुनाले नै यो निश्चयता तपाईंमा आएको हो। उहाँले दिनुभएको निश्चयतामा प्रतिउत्तर दिएर तपाईंले उहाँको आज्ञापालन गर्नुभएको छ।

तपाईंले वचन र आत्मा दुवैको आज्ञापालन गर्नुभयो। यसरी तपाईं परमेश्वरका बालक बन्नुभएको छ। तपाईंको निम्ति भएको परमेश्वरको योजना भविष्यमा शुरू हुने होइन। परमेश्वरले तपाईंलाई आफ्नो बालक बनाउनुहुँदा नै यो शुरू भइसकेको छ। तपाईं परमेश्वरबाट टाढ़ै रहनुभएको बेलामा पनि उहाँले तपाईंलाई आफ्नो योजना बताउन सक्नुभयो। उहाँ

अझै पनि तपाईंसँग बोल्नुहुन्छ भन्ने कुरामा निश्चित हुनुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

**३** परमेश्वरको योजनामा तपाईंको वर्तमान सम्बन्ध र तपाईं यसमा कसरी प्रवेश गर्नुभयो सो आफ्नो अभ्यास-पुस्तिकामा व्याख्या गर्नुहोस्। यसो गर्नलाई दुइ वा तीन वाक्यहरू प्रयोग गर्नुहोस्।

## परमेश्वरले तपाईंलाई उहाँको योजनाको पछिलाग्न चाहनुहुन्छ

उद्देश्य २ *तपाईंले निरन्तर रूपमा परमेश्वरको योजनालाई पछ्याएको किन परमेश्वर चाहनुहुन्छ तीन कारणहरूको उल्लेख गर्नुहोस्।*

परमेश्वरका सन्तानहरूका हैसियतले हामीले उहाँको आज्ञापालन गरेको परमेश्वर चाहनुहुन्छ। यसरी नै हामी उहाँको योजनालाई पछ्याउँछौं। धेरै पल्ट बाइबल भरि नै यो माग गरिएको छ (उदाहरणको लागि व्यवस्था २७:१०; १ शमूएल १२:१४ र मतियोस १९:१७ हेर्नुहोस्।) भजनसंग्रह ११९-को मुख्य धारणा परमेश्वरको व्यवस्था र वचनको आज्ञापालन र यसप्रतिको प्रेमको गहिरो सम्बन्ध हो (उदाहरणको लागि ४७,९७ र १६७ पदहरूलाई हेर्नुहोस्)। आज्ञापालनद्वारा नै प्रेमको प्रकट गर्न सकिन्छ भनी ख्रीष्टले बताउनुभएको छ (योआनेस १४:१५)।



**तपाईंको आज्ञाकारिताले आशिष्हरू ल्याउँछ**

हाम्रो जीवनमा परमेश्वरका आशिष्हरू ल्याउनको निम्ति हामीले उहाँका आज्ञाहरू पालन गरेको परमेश्वर चाहनुहुन्छ।

इस्राएलका मानिसहरू मिश्रमा कमाराहरू भएर रहँदा ठूलो दुःख भोग्नुपरेको थियो, तर परमेश्वरले तिनीहरूलाई त्यहाँबाट निकालेर ल्याउनुभयो। तिनीहरू एक पुस्तासम्मै उजाड़-स्थानमा रहनलाई गइरहेका थिए।

**तपाईंको अभ्यासको निम्ति**

४ परमेश्वरले आफ्ना मानिसहरूलाई दिनुभएको उदेकको प्रतिज्ञालाई प्रस्थान १५:२६-मा पढ्नुहोस्। त्यसपछि आफ्नो अभ्यास-पुस्तिकामा तलका प्रश्नहरूका जवाफ लेख्नुहोस्।

**क**) परमेश्वरले मानिसहरूलाई के कुरा गर्नू भन्नुभयो?
**ख**) परमेश्वरले भन्नुभएका कुरा तिनीहरूले गरे भने तिनीहरूलाई के हुनेथियो?

"परमप्रभुको व्यवस्थाको आज्ञापालनमा आनन्द" प्राप्त गर्ने व्यक्तिको बारेमा भजनसंग्रह १-ले हामीलाई बताउँछ (२ पद)। यस व्यक्तिले धेरै आशिष्हरू प्राप्त गर्छ। उसको जीवन पात

नओइलाउने फलदायक रूखजस्तै हुन्छ र सबै काममा ऊ सफल हुन्छ।

हामीले परमेश्वरको इच्छा पालन गर्दा पनि आशिष्हरू आउँछन् भनी अन्य पदहरूले बताउँछन्। ख्रीष्टले उहाँको जस्तै चरित्र भएकाहरूलाई डाँड़ाको उपदेशमा (मतियोस ५-७) आनन्दको प्रतिज्ञा गर्नुभएको छ। उहाँले उल्लेख गर्नुभएका चरित्रहरूमध्ये हृदयमा शुद्ध हुनेहरू, दयालुहरू र मिलाप गराउनेहरू केही हुन्। जे ठीक छ निरन्तर रूपमा सोही गर्नेहरूले अनन्त जीवन प्राप्त गर्छन् भनी हामी रोमी २:७-मा पढ्छौं।

## तपाईंको आज्ञाकारिताले परमेश्वरको राज्यलाई निर्माण गर्छ

परमेश्वरको राज्यको वृद्धि प्रायःजसो हाम्रो आज्ञाकारितामा भर पर्छ। येशूले आफ्ना चेलाहरूलाई प्रार्थना गर्न सिकाउनुहुँदा प्रयोग गर्नुभएका शब्दहरूलाई विचार गर्दा तुरुन्तै यो सत्यतालाई चिन्न सकिन्छः तपाईंको राज्य आओस्। तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पनि होस्'' (मतियोस ६:१०)। हाम्रो आज्ञाकारिता परमेश्वरको राज्यमा अति आवश्यक छ।

परमेश्वरको योजनालाई पछ्याएर उहाँको राज्य बनाउने काम भएको समयको बारेमा हामी बाइबलमा पढ्छौं। परमेश्वरका जनहरूका अनाज्ञाकारिताले उहाँको योजना पूरा नभएको समयको बारेमा पनि हामी पढ्छौं।

उदाहरणको लागि, अदनको बगैंचामा आदमले असल र खराबको ज्ञान दिने रूखको फल खाए (उत्पत्ति ३:६)। आदमको कार्यले परमेश्वरको सृष्टिमा आशिष् वा श्राप के ल्यायो? उनले खानुभन्दा पहिले जताततै शान्ति थियो। जनावरहरूले एक-अर्कालाई मारेको कुनै विवरण नै भेट्टिंदैन। त्यहाँ काँड़ाहरू

थिएनन्। शान्तिपूर्ण पृथ्वीलाई आफ्ना सन्तानहरूले भर्ने शुभ-अवसर आदमलाई दिइएको थियो। तर उनले आज्ञा भङ्ग गरेपछि के भयो सो ध्यान दिएर हेर्नुहोस्।

आदममा भएको परमेश्वरको स्वरूप धमिलो भयो। उनले आफ्नी पत्नीलाई दोष लगाउन लागे र परमेश्वरबाट लुके। तब परमेश्वरको सृष्टि पृथ्वीलाई श्राप दिइयो। पृथ्वीमा भएका सबै सृष्टि अर्थात् भूमि, जनावरहरू र मानिसले यस श्रापको अनुभव गर्नुपर्‍यो। परमेश्वरले सृष्टि गर्नुभएको राज्यलाई अनाज्ञाकारिताले असर पार्‍यो (उत्पत्ति ३:८-१९)।

आदमको अनाज्ञाकारिताले राज्यलाई नकारात्मक रूपमा गहिरो असर पारेझैँ, ख्रीष्टको सिद्ध आज्ञाकारिताले राज्यलाई सकारात्मक रूपमा असर पारेको छ। वास्तवमा भन्ने हो भने पूरै पृथ्वीको राज्य आदम र ख्रीष्ट दुवैद्वारा प्रभावित भएको छ। तिनीहरूका कामको असर अति नै तीव्र छ। आदममा सबै सृष्टि श्रापित भयो र ख्रीष्टमा सबै सृष्टिले उद्धार पायो।

**तपाईंको अभ्यासको निम्ति**

**५** रोमी ५:१५-२१ पढ्नुहोस्। कुन व्यक्तिको कामद्वारा कुन नतीजा प्रकट भयो तल दिइएको खाली ठाउँमा सो लेख्नुहोस्।

**क**) सबैका निम्ति क्षमा उपलब्ध गरियो।

**ख**) मृत्युले राज्य गर्न थाल्यो।

**ग)** मानव-जातिलाई स्वतन्त्र पारियो।
**घ)** जीवन दिइयो।
**ङ)** सबैमाथि दण्ड आयो।

| १. ख्रीष्टको आज्ञाकारिता | २. आदमको अनाज्ञाकारिता |
|---|---|
| ............................ | .................................... |
| ............................ | .................................... |
| ............................ | .................................... |

अरू मानिसहरूले पनि परमेश्वरको राज्यलाई असर पारेका थिए। बाइबलमा हामी अब्राहाम, मोशा, यहोशू, दाऊद र एलियाको बारेमा पढ्छौं। तिनीहरूले आफ्ना आज्ञाकारिताद्वारा परमेश्वरको राज्यमा ठूलो प्रभाव पारेका थिए।

**तपाईंको आज्ञाकारिताले परमेश्वरलाई खुशी तुल्याउँछ**

आफ्ना सन्तानले आशिष्को निम्ति र उहाँको राज्यको उन्नतिको निम्ति आज्ञा पालन गरेको परमेश्वर चाहनुहुन्छ। अझै स्पष्टसँग भन्ने हो भने तिनीहरूका आज्ञाकारिताबाट उहाँले आनन्द प्राप्त गर्नुहुन्छ।

ख्रीष्टले आफ्नै इच्छा होइन, तर पिताको इच्छा पूरा गर्न खोज्नुभयो। पितालाई मन पर्ने कामहरू मात्र आफूले गर्नुभएको कुराको साक्षी येशूले दिनुभयो (योआनेस ८:२९)। उहाँको आज्ञाकारिताले पिता र पुत्रको सम्बन्धको पूर्णतालाई देखाउँछ।

पिताले आफ्ना एक मात्र पुत्रलाई पूर्ण आज्ञाकारी देख्नुभएकोमा पितालाई कति धेरै आनन्द लागेको थियो होला! उहाँले आफ्ना पुत्रको आज्ञाकारिताको जीवनमा कसरी प्रतिउत्तर दिनुभयो सो मतियोस ३:१७ र १७:५-मा हेर्नुहोस्। वास्तवमा

उहाँ स्वर्गबाटै बोल्नुभयो र आफू प्रसन्न छु भनी बताउनुभयो। उहाँका बालकका रूपमा तपाईंले पनि आफ्नो आज्ञाकारिताद्वारा उहाँलाई आनन्दित तुल्याउन सक्नुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**६** परमेश्वरको योजनामा आज्ञाकारी भई नै रहेको परमेश्वरले तपाईंलाई किन चाहनुहुन्छ, तीन कारणहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा उल्लेख गर्नुहोस्।

## परमेश्वरले आफ्नो योजनालाई प्रकट गर्न चाहनुहुन्छ

उद्देश्य ३ *परमेश्वरले आफ्नो योजना तपाईंलाई प्रकट गर्न चाहनुहुन्छ भन्ने प्रमाण दिनुहोस्।*

हामी परमेश्वरका सन्तानहरू हुनुभन्दा *पहिले* नै यदि परमेश्वरले हामीलाई उहाँको इच्छा बताउनुभयो र यदि उहाँ आफ्ना सन्तानका आज्ञाकारितामा प्रसन्न हुनुभयो भने, परमेश्वरको इच्छा पालन गर्न सक्नको निम्ति के उहाँले हामीलाई सो इच्छा पनि बताउनुहुन्न र?

हाम्रो निम्ति भएको परमेश्वरको इच्छा प्रकट गर्नलाई उहाँलाई *प्रभाव पार्नै* पर्ने किसिमले कोही-कोहीले परमेश्वरसँग व्यवहार गर्छन्। तिनीहरू प्रार्थनामा मेहनत गर्छन् र "परमेश्वरको इच्छा पत्ता लगाउने" कोशिशको क्रममा कुनै पनि कार्य गर्न असम्भवजस्तो ठान्छन्। के बाइबलले हामीलाई देखाएको नमूना यही नै हो त? मतियोस २५:१४-३० र लूकास १२:४२-४८-मा मानिसको जिम्मावारीको बारेमा ख्रीष्टले सिकाउनुभएका जस्ता दृष्टान्तलाई विचार गर्नुहोस्। मानिसले के गरेको परमेश्वरले

चाहनुहुन्छ भन्ने विषयमा थाहा पाउन मानिसलाई अप्ठ्यारो पर्ने किसिमले ख्रीष्टले कहिल्यै पनि कुनै शिक्षा दिनुभएको छैन। परमेश्वर आफ्नो योजना प्रकट गर्न चाहनुहुन्छ! तर परमेश्वरले यसो गर्न चाहनुहुन्छ भनी हामीलाई देखाउने सत्यताहरू के छन् त?



**उहाँले हामीलाई अगुवाइ गर्ने प्रतिज्ञा गर्नुभएको छ**

परमेश्वरले हामीलाई अगुवाइ गर्ने प्रतिज्ञा गर्नुभएको हुनाले उहाँले आफ्नो योजना हामीलाई प्रकट गर्न चाहनुहुन्छ भनी हामीलाई थाहा छ। उहाँले अगुवाइविना त्यसै हामीलाई छोड्नुहुन्न।

ख्रीष्ट यस पृथ्वीमा हुनुहुँदा उहाँको इच्छा बुझ्नको लागि चेलाहरूलाई समस्या नै थिएन। उहाँको इच्छा के थियो भनी उहाँले तिनीहरूलाई सीधै भनिदिनुभयो। उहाँले आफ्नै इच्छाअनुसार तिनीहरूलाई गवाही दिनका निम्ति पठाउनुभयो। पाँच रोटी र दुइ माछाहरूले पाँच हजारलाई खुवाउनुभएपछि, मानिसहरूलाई कसरी सेवा गर्नुपर्छ भनी उहाँले तिनीहरूलाई बताउनुभयो (लूकास ६:१४)।

ख्रीष्टले भन्नुभएका कुराहरूबाट मात्र तिनीहरूले सिकेका होइनन्, तर उहाँको उदाहरणबाट पनि तिनीहरूले सिकेका थिए। उहाँ जहाँ जानुहुँदा पनि तिनीहरू उहाँको सेवाका सक्रिय अङ्ग थिए। त्यसरी नै तिनीहरूले उहाँको इच्छा के हो सो सिके।

तर यसै गरी आफू सधैं तिनीहरूसँग नहुने कुरा ख्रीष्टलाई थाहा थियो। उहाँ स्वर्गमा फर्केर जानुभएपछि तिनीहरूले के गर्नुपर्ने हो सो तिनीहरूलाई कसरी थाहा हुन्थ्यो? के तिनीहरू अलमलमा पर्नेछन् त? उहाँले आफ्नो इच्छा तिनीहरूलाई कसरी बताउन सक्नुहुन्छ?

उहाँ तिनीहरूसँग नहुने समयको निम्ति चेलाहरूलाई तयारी गर्न ख्रीष्टले तिनीहरूसँग बाँड्नुभएको कुरा योआनेस १४-१६-मा उल्लेख गरिएको छ। आफूले गर्न लाग्नुभएको काम (तिनीहरूका निम्ति ठाउँ तयार पार्ने)-को बारेमा उहाँले तिनीहरूलाई बताउनुभयो। उहाँ जानुहुने कुरामा तिनीहरूले दुःख मान्नुहुँदैन भनी उहाँले तिनीहरूलाई बताउनुभयो। वास्तवमा भन्ने हो भने, तिनीहरूका फाइदाका निम्ति नै उहाँ स्वर्गमा फर्केर जाँदै हुनुहुन्छ भनी उहाँले बताउनुभयो। उहाँ जानुभएपछि मात्र पवित्र आत्मा आउनुहुन्छ, र उहाँले नै परमेश्वरको इच्छा बुझ्न हामीलाई सहायता गर्नुहुन्छ भनी ख्रीष्टले बताउनुभयो (योआनेस १६:७)।

चेलाहरूलाई एकलै छोड़िनेछैन भनी ख्रीष्टले दिनुभएका निश्चयताहरूलाई यी तीन अध्यायहरूमा उल्लेख गरिएको छ। तलको अभ्यासमा तपाईंले यी कुराहरूलाई हेर्नुहुनेछ।



### तपाईंको अभ्यासको निम्ति

७ तल दिइएका बाइबलका पदहरूमा येशूले पवित्र आत्माको काम र चरित्रहरूको वर्णन गर्नुभएको छ। बायाँपट्टिको वर्णनलाई दायाँपट्टिका पदहरूसँग तुलना गर्नुहोस्।

| | |
|---|---|
| __**क**) उहाँले ख्रीष्टलाई महिमा दिनुहुन्छ | १ ) योआनेस १४:१६ |
| __**ख**) उहाँले ख्रीष्टलाई महिमा दिनुहुन्छ | २ ) योआनेस १४:१७ |
| __**ग**) उहाँ सधैंभरि तिनीहरूसँग रहनुहुन्छ | ३ ) योआनेस १४:२६ |
| __**घ**) ख्रीष्टले भन्नुभएका सबै कुराहरूलाई उहाँले याद दिलाउनुहुनेछ | ४ ) योआनेस १६:१३ |
| | ५ ) योआनेस १६:१४ |
| __**ङ**) हुन आउने कुराहरूका बारेमा उहाँले तिनीहरूलाई बताउनुहुनेछ | |
| __**च**) ख्रीष्टले भन्नुभएका कुराहरूलाई लिएर उहाँले तिनीहरूलाई बताउनुहुन्छ | |
| __**छ**) उहाँ तिनीहरूमा रहनुहुन्छ | |

यी प्रतिज्ञाहरू र तिनीहरूका स्पष्टताको बारेमा विचार गर्नुहोस्। परमेश्वर आफ्नो इच्छा प्रकट *गर्न चाहनुहुन्छ!*

### तपाईंलाई अगुवाइ गर्न उहाँले उपाय बनाउनुभएको छ

तपाईंलाई अगुवाइ गर्नका निम्ति परमेश्वरले कुन उपाय रच्नुभएको छ? हामीले अध्ययन गरेका प्रतिज्ञाहरू केवल भविष्यका निम्ति मात्र हुन् वा तिनीहरू पहिल्यै पूरा भइसकेका छन्?

ख्रीष्टले प्रतिज्ञा गर्नुभएझैं पवित्र आत्मा आउनुभयो भनी हामी प्रेरित २ अध्यायमा पढ्छौं। ख्रीष्ट फर्केर स्वर्गमा *जानु* नै

*भयो।* पवित्र आत्मा पठाउनको निम्ति उहाँले पितासँग बिन्ती *गर्नु नै भयो।* प्रतिज्ञा गरिनुभएको व्यक्तिलाई एकलेसिया (चर्च)-ले *प्राप्त नै गऱ्यो।*

आफ्ना चेलाहरूका निम्ति पवित्र आत्मा पठाउने ख्रीष्टको प्रतिज्ञाको परिपूर्तिलाई मात्र प्रेरितको पुस्तकले उल्लेख गरेको छैन। यो जुटावट (उपाय) तिनीहरूको अगुवापनको निम्ति पनि पर्याप्त थियो भनी यसले उल्लेख गर्छ। वास्तवमा भन्ने हो भने ख्रीष्ट यस पृथ्वीमा हुनुभएको बेलामा भन्दा पवित्र आत्मा तिनीहरूमा आउनुभएपछि तिनीहरूले परमेश्वरका निम्ति धेरै काम गर्न सकेका थिए। उहाँले प्रतिज्ञा गर्नुभएझैँ, उहाँको स्वर्गारोहण तिनीहरूका निम्ति लाभदायक हुन पुग्यो।

यसरी बाइबलले हामीलाई बताउँछ कि परमेश्वरको इच्छाको ज्ञानमा हामीलाई अगुवाइ गर्नको निम्ति ख्रीष्टका उपायहरूचाहिँ पवित्र आत्मा नै हुनुहुन्छ। पवित्र आत्माले कसरी काम गर्नुहुन्छ र उहाँसँगसँगै हामी कसरी काम गर्न सक्छौं भन्ने सम्बन्धमा बाइबलले हामीलाई विशेष उदाहरणहरू दिएको छ।



### ***पवित्र आत्माले प्रार्थना गरिदिनुहुन्छ***

अब मैले के गर्नुपर्छ भनी *के परमेश्वरले मलाई बताउनुहुन्छ?* तपाईंले यस प्रश्नको सामना गर्नुभएको छः *मैले कसरी र केको निम्ति प्रार्थना गर्नैपर्छ?* यस समस्याको समाधान परमेश्वरसँग मात्र छः पवित्र आत्माले तपाईंद्वारा प्रार्थना गर्न सक्नुहुन्छ र उहाँले पिताको *सिद्ध* इच्छाअनुसार नै यो गर्नुहुन्छ। तपाईंको

प्रार्थना परमेश्वरको इच्छाको पूर्ण प्रकट हुन सक्छ (रोमी ८:२६-२७)।

**तपाईंको अभ्यासको निम्ति**

**८** रोमी ८:२६-२७-लाई पढ्नुहोस्। यी पदहरूअनुसार हाम्रा प्रार्थनाहरू परमेश्वरको इच्छाका सिद्ध प्रकट हुन सक्छन्, किनभने

**क**) के भन्नुपर्ने हो आत्माले नै हामीलाई बताउनुहुन्छ।
**ख**) पवित्र आत्मा आफैले नै हामीद्वारा प्रार्थना गर्नुहुन्छ।
**ग**) के भन्नुपर्ने हो सो हामीलाई थाहा छ।

***पवित्र आत्माले वरदानहरू दिनुहुन्छ***

पवित्र आत्माले हामीलाई परमेश्वरको इच्छाको ज्ञान दिने अर्को तरीका उहाँका वरदानहरूद्वारा हो। १ कोरिन्थी १२ र १४-मा यी वरदानहरूलाई वर्णन गरिएको छ। येशू ख्रीष्टलाई प्रशंसा गर्दै तिनीहरूले एकलेसिया (चर्च) र व्यक्तिलाई निर्माण गर्छन्। बुद्धि वा ज्ञानको वचनद्वारा हामी परमेश्वरको व्यक्तित्व र विचारसम्बन्धमा विशेष भित्री ज्ञान प्राप्त गर्न सक्छौं। यो भित्री ज्ञान हामीले स्वाभाविक ज्ञानबाट सिकेका कुराहरूभन्दा धेरै नै उच्च हुन्छ।

***पवित्र आत्मा हामीभित्र वास गर्नुहुन्छ***

तपाईं परमेश्वरको बालक हुनुभएको हुनाले तपाईंमा पवित्र आत्मा वास गर्नुहुन्छ। तपाईंको माध्यमद्वारा नै उहाँ बोल्नुहुन्छ।

उजाड़-स्थानतर्फ पवित्र आत्माले नै येशूलाई लैजानुभएको थियो (मतियोस ४:१)। इथियोपियाको हाकिमलाई साक्षी दिनलाई पवित्र आत्माले फिलिपलाई अगुवाइ गर्नुभयो (प्रेरित ८:२६)। पौलस एशियामा जान चाहन्थे, तर पवित्र आत्माले उनलाई यूरोपतर्फ डोऱ्याउनुभयो (प्रेरित १६:६-१०)। यसरी नै तपाईंभित्र वास गर्नुहुने पवित्र आत्मा तपाईंलाई परमेश्वरको इच्छामा डोऱ्याउने परमेश्वरको उपाय हुनुहुन्छ।

### *पवित्र आत्माले नै वचन दिनुभयो*

हामीलाई अगुवाइ गर्नका लागि परमेश्वरले पवित्र आत्माका निम्ति एक विशेष उपाय उपलब्ध गरिदिनुभएको छ। योचाहिँ हामीलाई उहाँको वचन अर्थात् बाइबल दिने कार्य हो। हामीसँग बोल्नको निम्ति परमेश्वरले आफ्नो वचन *कसरी* प्रयोग गर्नुहुन्छ भन्ने बारेमा हामी अर्को पाठमा सिक्नेछौं। परमेश्वरको वचन पवित्र आत्माको उत्पादन हो भनी बुझ्नु अहिले तपाईंको निम्ति महत्त्वपूर्ण छ (२ पत्रस १:२१)। पवित्र आत्मा यही वचनद्वारा नै अहिले बोल्नुहुन्छ। यही वचन (बाइबल)-द्वारा नै हामी अन्य सन्देशहरूको जाँच गर्छौं।

### तपाईंको अभ्यासको निम्ति

६ कुनै मित्रले तपाईंलाई यो प्रश्न सोध्नुहुन्छ होला: *परमेश्वरले आफ्नो योजना मलाई प्रकट गर्न चाहनुहुन्छ भन्ने कुरा म कसरी जान्न सक्छु?* सबैभन्दा पहिले यस खण्डलाई दोहोऱ्याउनुहोस्। तल उल्लेखित सल्लाहअनुसार आफ्नो अभ्यास-पुस्तिकामा यसको उत्तर लेख्नुहोस्: क) ख्रीष्टको

इच्छाको ज्ञानमा हामी कसरी डोऱ्याइन सक्छौं भन्ने सम्बन्धका उहाँका प्रतिज्ञाहरूलाई वर्णन गर्नुहोस्। ख) ख्रीष्टको प्रतिज्ञा कसरी पूरा भयो उल्लेख गर्नुहोस्। ग) पवित्र आत्माले परमेश्वरको योजना हामीलाई थाहा गराउने चार तरीकाहरूलाई बताउनुहोस्।

तपाईं परमेश्वरका बालक हुनुहुन्छ। यसपछि के गर्नुपर्छ भनी के उहाँले तपाईंलाई बताउनुहुन्छ? हो, उहाँले बताउनुहुन्छ! परमेश्वर तपाईंसँग बोल्न सक्नुहुन्छ, उहाँको इच्छा तपाईंले जानेको उहाँ चाहनुहुन्छ र तपाईंसँग कुरा गर्नको निम्ति उहाँले उपाय बनाइसक्नुभएको छ भन्ने कुरामा तपाईं निश्चित हुन सक्नुहुन्छ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५. १) *ख्रीष्टको आज्ञाकारिताको* मुनि तपाईंले यिनीहरूका सूची बनाएकै हुनुपर्छः **क.** सबैका निम्ति क्षमा उपलब्ध गरियो। **ग.** मानव-जातिलाई स्वतन्त्र पारियो र **घ.** जीवन दिइयो। २) *आदमको अनाज्ञाकारिताको* मुनि तपाईंले यिनीहरूका सूची बनाएकै हुनुपर्छः ख मृत्युले राज्य गर्न थाल्यो। ङ सबैमाथि दण्ड आयो।

१. ग) योआनेस १७:८
घ) प्रेरित १८:८

६. तपाईंले निरन्तर रूपमा उहाँको योजना पछ्याएको उहाँ चाहनुहुन्छ, किनभने तपाईंको आज्ञाकारिताले तपाईंलाई आशिष् ल्याउँछ, उहाँको राज्यको निर्माण गर्छ र उहाँलाई आनन्द दिन्छ।

२. "ख्रीष्टमा विश्वास गर्ने" आदेशलाई कुनै पनि व्यक्तिले पालन गरेपछि उद्धार आउँछ। (तपाईंको उत्तर पनि यस्तै हुनुपर्छ।)

७. **क.** ३) योआनेस १४:२६
**ख.** ५) योआनेस १६:१४
**ग.** १) योआनेस १४:१६
**घ.** ३) योआनेस १४:२६
**ङ.** ४) योआनेस १६:१३
**च.** ५) योआनेस १६:१४
**छ.** २) योआनेस १४:१७

३. तपाईंको उत्तर। म यसो भन्न चाहन्छु, कि यदि तपाईं ख्रीष्टमा विश्वासी हुनुहुन्छ भने तपाईं आज्ञाकारिताद्वारा तपाईंको निम्ति भएको परमेश्वरको योजनामा प्रवेश गरिसक्नुभएको छ। ख्रीष्टमा गरिएको विश्वास र उहाँको वचन र उहाँको आत्माको गवाहीमा गरिएको विश्वासद्वारा तपाईं परमेश्वरमा आज्ञाकारी बन्नुभएको छ।

८. ख) पवित्र आत्मा आफै नै हामीद्वारा प्रार्थना गर्नुहुन्छ।

४. क) उहाँका सबै आज्ञाहरू पालन गर्नू भनी उहाँले तिनीहरूलाई बताउनुभयो।

ख) मिश्रीहरूमाथि आउने कुनै पनि रोग तिनीहरूमाथि आउनेछैन भनी उहाँले तिनीहरूलाई भन्नुभयो। (तपाईंको उत्तर पनि यस्तै हुनुपर्छ)

६. तपाईंको उत्तर पनि तल दिइएकोजस्तै हुनुपर्छः क) आफ्ना चेलाहरूलाई अगुवाइ गर्नका निम्ति पवित्र आत्मा आउनुहुनेछ भनी येशूले भन्नुभयो। ख) पवित्र आत्मा आउनुहुनेछ भनी ख्रीष्टले प्रतिज्ञा गर्नुभएको कुरा पेन्तिकोसको दिनमा आएर पूरा भयो। ग) पवित्र आत्माले हामीद्वारा प्रार्थना गर्नुहुन्छ, ज्ञान र बुद्धिका वरदानहरू हामीलाई दिनुहुन्छ, हामीभित्र वास गर्नुहुन्छ, र हामीलाई परमेश्वरको वचन अर्थात् बाइबल दिनुभएको छ।

# पाठ ३

# के परमेश्वरले धेरै कुराको आशा गर्नुहुन्छ?

. . . उहाँको योजना अति नै ठूलो छ!

साम सत्र वर्षका थिए र पहिलो पल्ट उनी घरबाट टाढ़ा गएका थिए। उनले आफ्नो घर भएकै सानो शहरमा धेरै वर्ष अध्ययनमा बिताएका थिए। अब उनी आफ्नो देशको राजधानीमा भएको विश्वविद्यालयमा आएका थिए। कक्षामा पहिलो दिन उनलाई डर-डर लाग्यो। उनको गाउँको पूरै स्कूलमा भएका जति विद्यार्थीहरू त त्यहाँ एउटै कक्षामा थिए। पूरै वर्षभरिमा विद्यार्थीहरूले गर्नुपर्ने कुराहरूको शिक्षकले सूची बनाए– पढ्ने, लेख्ने, गृहकार्य, जाँचहरू, मौखिक प्रतिवेदनहरू र व्यावहारिक कार्यहरू। यो ता असम्भवजस्तो देखियो! साम निराश बने।

सामले महसूस नगरेका कुराचाहिँ यो थियोः एकै दिन सबै कुरा बुझाउनु पर्दैनथ्यो र यसको साथसाथै शिक्षकले उनलाई सहायता पुऱ्याउने थिए। अध्ययन लक्ष्यहरू प्राप्त गर्नका लागि सहायता पुऱ्याउन नै शिक्षक त्यहाँ थिए। पहिलेको पाठमा प्राप्त गरिएको ज्ञानको आधारमा नै नयाँ पाठहरूको निर्माण गरिएको हुन्छ। यसरी बिस्तारै उद्देश्यमा पुग्न सकिन्छ।

कहिलेकहीँ जब हामी परमेश्वरको महान् योजनालाई विचार गर्न शुरू गर्छौं, हामीले पनि सामले जस्तै महसूस गर्छौं होला।



हामीलाई यो अति नै *ठूलोजस्तो* लाग्छ। यो असम्भवजस्तै देखिन्छ पनि। हाम्रो स्वाभाविक बलमा यो गर्नु असम्भव छ। तर परमेश्वरको निम्ति ता सबै कुरा सम्भव नै छ। परमेश्वरले हामीबाट के कुराको आशा गर्नुहुन्छ सो हामी यस पाठमा अध्ययन गर्नेछौं। उहाँले हाम्रा जीवनका निम्ति राख्नुभएका उद्देश्य-हरूमा पुग्नका लागि हामीले कोशिश गर्दा हामीद्वारा र हाम्रा निम्ति उहाँले के गर्नुहुन्छ सो पनि हामी यस पाठमा हेर्नेछौं।

**यस पाठमा तपाईंले यी विषयहरूमा अध्ययन गर्नुहुनेछ. . .**

परमेश्वरले महान् कुराहरूको आशा गर्नुहुन्छ
परमेश्वरले शक्तिशाली सहायता दिनुहुन्छ
हामी असफल हुँदा परमेश्वर रोकिनुहुन्न

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- परमेश्वरले हामीबाट के आशा गर्नुहुन्छ सो वर्णन गर्न।
- परमेश्वरको आशालाई हामी कसरी पूरा गर्न सक्छौं सो बताउन।

- हाम्रा असफलताले हाम्रो निम्ति भएको परमेश्वरको योजनालाई कसरी नाश गर्न सक्तैन सो व्याख्या गर्न।

## परमेश्वरले महान् कुराहरूको आशा गर्नुहुन्छ

उद्देश्य १ *परमेश्वरले हाम्रा निम्ति तयार पार्नुभएका उद्देश्यहरूमा पुग्नको निम्ति हामीलाई किन परमेश्वरको सहायताको आवश्यकता छ कारणहरू दिनुहोस्।*

तपाईंले परमेश्वरको योजनामा उहाँसँगै मिलेर काम गर्नुभयो भने तपाईंको भविष्य अति नै उज्ज्वल हुन्छ। तपाईंको निम्ति भएको परमेश्वरको योजना असल छ र यो अनन्त पनि छ। परमेश्वरले हामीहरू सबै पुगेको चाहनुहुने उद्देश्यहरूलाई हामी विशेष गरी विचार गरौं। यी उद्देश्यहरूमा पुग्नका निम्ति सफलता हासिल गर्नलाई जसरी परमेश्वरले हामीलाई सहायता गर्नुहुन्छ, हाम्रो व्यक्तिगत जीवनको निम्ति भएको आफ्नो योजना पूरा गर्नलाई पनि परमेश्वर योग्य हुनुहुन्छ।

### परिवर्तन

हामी सम्पूर्ण रूपमा परिवर्तन हुनुपर्छ भनी रोमी १२:३-ले हामीलाई बताउँछ। प्रायःजसो मानिसहरू परिवर्तन हुने इच्छा गर्छन् भन्ने मलाई लाग्छ। तर तिनीहरूले अरू मानिसहरू वा सिद्धान्तहरूको नकल गर्ने कोशिश गरेर बदली भएको जस्तो गरी भान मात्र पार्छन्। के परमेश्वरले हाम्रो निम्ति योजना गर्नुभएको कुरा यही हो त? के हामीले कुनै असल व्यक्तिको बाहिरीय नकल मात्र गरेको उहाँ चाहनुहुन्छ त? यसो गर्न हामीलाई कठिन हुने मात्र होइन तर यो असम्भव नै छ। यदि हामीले सफलता पाउने नै हो भने पनि यसको महत्त्व के नै हुन्छ होला त? परमेश्वरको योजना कति ठूलो छ भनी तपाईंले विचार

गरिरहनुभएको छ। के हामी दुरूस्तै अरूहरूजस्तै हुने? विचार यहाँ मिलेको जस्तो देखिँदैन।

परिवर्तन हुनु भनेको नकल गर्नु वा दुरूस्तहुनुभन्दा बेग्लै हो। परिवर्तन परमेश्वरको योजनाको साँचो (चावी) हो। हाम्रा निम्ति भएका परमेश्वरका योजनाहरू योविना पूरा गर्न सकिँदैन।

फरिसीहरूले धार्मिक चालचलनको मात्र नकल गरे। तिनीहरू कहिल्यै पनि परिवर्तन भएका थिएनन्। मतियोस १५:७-८-मा येशूले तिनीहरूका बारेमा कसरी भन्नुभएको छ सो विचार गर्नुहोस्। तिनीहरूले आफ्ना शत्रुहरूलाई प्रेम गर्न नसकेकोमा हामी छक्क पर्नुपर्ने कारण नै छैन। स्वाभाविक रूपमा हामी हाम्रा शत्रुलाई प्रेम गर्दैनौं र हामीलाई श्राप दिनेहरूलाई आशिष् पनि दिँदैनौं। यदि हामी परिवर्तन *भएनौं भने,* "डाँड़ाको उपदेशमा" (मतियोस ५-७) ख्रीष्टले दिनुभएका धेरै आज्ञाहरूलाई पालन गर्न हाम्रा लागि असम्भव नै हुन्छ।

परमेश्वरले तपाईंबाट आशा गर्नुभएका कोही कामहरू गर्न आफूलाई "असम्भव" लागेको जस्तो तपाईंले अनुभव गरिसक्नुभएको होला।

---

**तपाईंको अभ्यासको निम्ति**

१ तल बायाँपट्टि दिइएको खण्डका बाइबलका पदहरूमा विशेष चरित्रहरूलाई वर्णन गरिएको छ। प्रत्येक पदलाई पढ्नुहोस्। त्यसपछि दायाँपट्टि दिइएको व्यक्तिसँग यसलाई जोड़ा मिलाउनुहोस्।

___**क)** मतियोस ५:४० १) नकल गर्ने कोशिश गर्ने व्यक्ति
___**ख)** मतियोस ५:४४ २) परिवर्तन भएको व्यक्ति
___**ग)** मतियोस ६:२
___**घ)** मतियोस ६:५
___**ङ)** लूकास ६:३६

**आज्ञाकारिता**

परमेश्वरले आज्ञाकारिताको आशा गर्नुहुन्छ भन्ने वास्तविकताको बारेमा यसभन्दा पहिलेको पाठमा हामीले विचार गरिसकेका छौं। जब *हामी* आज्ञाकारी हुने इच्छा राख्छौं र हामी आज्ञाकारी *भएको* पनि *उहाँ* चाहनुहुन्छ, तब के कुराले हामीलाई रोक्न सक्छ त? वास्तवमा धेरै कुराहरूले हामीलाई रोक्न सक्छन्।

बाइबलमा भएका कुनै-कुनै आज्ञाहरू सक्रिय छन्, अर्थात् तिनीहरूले हामीलाई *केही गर्ने* आज्ञा गर्छन्। अरूहरू निष्कृय छन्, अर्थात् *हामीमा केही हुन दिन* वा केही कुराको अनुभव गर्नको निम्ति तिनीहरूले हामीलाई आज्ञा गर्छन्। हामी आफैले निष्कृय आज्ञाहरूलाई पालन गर्न असम्भव छ भन्ने कुरा हामी देख्न सक्छौं। तर सक्रिय आज्ञाहरू पालन गर्नको निम्ति पनि असम्भव नै छ, किनभने हाम्रा स्वाभाविक इच्छाहरूका विरुद्धमा भएका कामहरू गर्न तिनीहरूले हामीलाई अह्राउँछन्।

सधैंभरि ठीक काम गर्न सजिलो छैन भन्ने कुरा हामी परिवर्तन भएपछि पनि हामीले अनुभव गर्छौं। ठीक काम गर्ने प्रयास गर्दा र येशू ख्रीष्टले निर्धारित गर्नुभएको स्तरमा पुग्ने इच्छा गर्दा, हामीले अन्य विभिन्न शक्तिहरूका पनि सामना गर्नुपर्छ। यिनीहरूले हामीलाई खराब काम वा प्रवृत्तितर्फ डोऱ्याउन सक्छन्।

**तपाईंको अभ्यासको निम्ति**

**२** रोमी ७:२१-२३ पढ्नुहोस् र आफ्नो अभ्यास-पुस्तिकामा तलका प्रश्नहरूका जवाफ लेख्नुहोस्।

**क**) प्रेरित पौलसले अनुभव गरिराखेका समस्या के थियो?

**ख**) यस अवस्थाको सम्बन्धमा उनले कस्तो व्याख्या दिएका छन्?

पौलसले यस व्यवस्थालाई सृष्टि गरेका होइनन्। उनी आफैभित्र यसले काम गरिराखेको उनले अनुभव गरे। उनले ठीक ठहऱ्याएको र आज्ञाकारितासाथ यसलाई पालन गर्ने इच्छा राखेको कुरालाई यस "व्यवस्था"-ले बाधा गरिराखेको थियो।

## वृद्धि

परिवर्तन र आज्ञाकारिताको साथसाथै परमेश्वरले वृद्धिको पनि आशा राख्नुहुन्छ भन्ने कुरा स्पष्ट छ। हामी आत्मिक "केटाकेटीहरू" भएरै रहेको परमेश्वरले चाहनुहुन्न तर "बाल्य जीवनमा" वृद्धि हुँदै अन्तमा "परिपक्व व्यक्तिहरू" बनेको उहाँले चाहनुहुन्छ। हामी वृद्धि हुँदै सबैभन्दा महत्त्वपूर्ण कुराहरूको निर्णय गर्न सक्छौं र यसरी हामी ठीक कुराहरू छान्न सक्छौं। यसले हामीलाई स्थिरता दिन्छ। हामी वृद्धि हुँदै गएपछि हामीले धेरै सिक्ने मात्र होइन, तर हामी प्राप्त गर्ने व्यक्तिबाट दिने व्यक्ति बन्छौं। हामी सधैं सिक्नेहरू मात्र नभएर सिकाउने जिम्मेवारी पनि लिन्छौं। परमेश्वरको योजना पत्ता लगाउने पहिलो कदमको विषयमा हामीले कुराकानी गरिराखेका हुनाले अरूहरूलाई सिकाउने कुराचाहिँ प्राप्त गर्नै नसकिने लक्ष्यजस्तो हामीलाई लाग्छ!



**तपाईंको अभ्यासको निम्ति**

**३** तल उल्लेख गरिएका पदहरूलाई एफिसीको पत्रमा पढ्नुहोस्। आत्मिक वृद्धिको प्रक्रियालाई वर्णन गर्ने प्रत्येक बाइबल पदको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) २:४-५
**ख**) ४:१३-१५
**ग**) ५:१-२

**४** परमेश्वरले हामीबाट जे आशा गर्नुहुन्छ सो गर्नको निम्ति हामीलाई उहाँको सहायता चाहिन्छ भनी बताउने सबैभन्दा उत्तम बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) तिनीहरूले के गर्नुपर्ने हो सो कुरा परमेश्वरले नयाँ विश्वासीहरूलाई बताउनुहुन्न।
**ख**) हामी रहेको संसारमा प्रायःजसो मानिसहरूले परमेश्वरको इच्छाअनुसारको कामको विरोध गर्छन्।
**ग**) परमेश्वरले हामीलाई जे गरेको चाहनुहुन्छ हाम्रा स्वाभाविक इच्छाहरूले हामीलाई त्यसतर्फ डोऱ्याउँदैनन्।
**घ**) परमेश्वरले हामीबाट के चाहनुहुन्छ भन्ने कुरा बुझ्नु हाम्रो लागि कठिन छ।

## परमेश्वरले शक्तिशाली सहायता दिनुहुन्छ

उद्देश्य २ *हाम्रो आत्मिक विकासमा परमेश्वरको भाग र हाम्रो भाग के हो सो बुझ्नुहोस्।*

के परमेश्वरले धेरै कुराको आशा गर्नुहुन्छ? के उहाँलाई तृप्त पार्न सम्भव छ? के उहाँले सहायता गर्नुहुन्छ?

परमेश्वरले हाम्रा निम्ति राखिदिनुभएका केही लक्ष्यहरूका बारेमा भर्खरै मात्र हामीले छलफल गरिसकेका छौं। तिनीहरू फरकजस्तो देखिए तापनि वास्तवमा तिनीहरू एक-अर्काबाट त्यत्ति फरक छैनन्। परमेश्वरले विभिन्न तरीकाहरूबाट हामीमा गर्ने कामहरूका बारेमा तिनीहरूले हामीलाई देखाउँछन्।

हामीले यस कुरालाई जोड़ दिएका छौं कि परमेश्वरको योजना र सृष्टिमा यी लक्ष्यहरू मुख्य हुन् र सबैमा यी लक्ष्यहरू हुनुपर्छ। यी लक्ष्यहरू प्राप्तिको निम्ति हामीलाई सहायता पुऱ्याउन परमेश्वरले के गर्नुहुन्छ? हामीले अध्ययन गरिसकेका केही कुराहरूलाई विचार गर्दै परमेश्वरको योजना पछ्याउनको लागि हामीलाई सहायता पुऱ्याउन परमेश्वरले के गर्नुहुन्छ सो हेरौं।



**परमेश्वरले हामीलाई परिवर्तन गर्नुहुन्छ**

भुसिल्कीरा पुतली बन्ने प्रक्रिया प्रकृतिमा भएको एक महत्त्वपूर्ण रहस्य हो। भुसिल्कीरा एक कीराजस्तै देखिन्छ। यो घस्रिएर हिँड्छ र उड्न चाहे पनि उड्न सक्दैन। यो सुन्दर होला भनी कसले विचार गर्न सक्छ त? तर पनि यसको जीवनको वनावटमा परमेश्वरले परिवर्तनको योजना राख्नुभएको छ। यो घस्रिंदै हिँड्न शुरू गरेपछि, यो उड़ोस् नै भन्ने परमेश्वरको चाहना हुन्छ। यो परिवर्तन हुने काम कसरी हुन्छ?



पुतली बन्नको निम्ति प्यूपा अवस्थामा प्रवेश गरेपछि भुसिल्कीरा (लार्भा) मर्छ। *यसले उड्न सिक्दैन।* स्वभावैले भुसिल्कीरा घिस्रिन्छ र स्वभावैले पुतलीचाहिँ उड्छ। यस्तो परिवर्तनलाई *प्राकृतिक रूप* परिवर्तन भनिन्छ र योचाहिँ पुतली बन्नको निम्ति भुसिल्कीराले गरेको प्रयासको नतीजा होइन। योचाहिँ भित्रिय परिवर्तनको नतीजा हो।



## तपाईंको अभ्यासको निम्ति

**५** तल दिइएका पदहरूलाई आफ्नो बाइबलमा पढ्नुहोस्। ख्रीष्टियानले अनुभव गर्ने प्राकृतिक परिवर्तनको वर्णन गर्ने सबैभन्दा उत्तम बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) गलाती २:१६-२०

**ख**) एफिसी १:६-१०

**ग**) २ पत्रस १:१०

परमेश्वरले हामीमा गरिराख्नुभएको कामलाई भुसिल्कीराको प्राकृतिक रूप परिवर्तनले स्पष्टसँग नमूनित गर्छ। परमेश्वरले आशा गर्नुहुने परिवर्तनको सम्बन्धमा रोमी १२:१-२-मा दिइएको विचार नै प्राकृतिक रूप परिवर्तन हो। हामीमा नयाँ जीवनको सिद्धान्तले काम गरेपछि मात्र यो हुन्छ भन्ने कुरालाई याद गर्नुहोस्। भुसिल्कीराले आफै परिवर्तन हुने प्रयास गर्दैन भन्ने

कुरा हामीले भनिसकेका छौं। यसभित्र परमेश्वरले राख्नुभएको जीवनले नै यसलाई पुतलीमा परिवर्तन गरेको हो। यसरी नै परमेश्वरले हामीभित्र राख्नुभएको आत्माअनुसार जब हामी चल्छौं हामी परिवर्तन भएका हुन्छौं।

**तपाईंको अभ्यासको निम्ति**

**६** रोमी १२:१-२ पढ्नुहोस् र तपाईंको अभ्यास-पुस्तिकामा तलका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

**क**) कुन दुइ कुरा गर्न *हामीलाई* अह्राइएको छ?

**ख**) के काम गर्नको लागि हामीले *परमेश्वरलाई* अनुमति दिनुपर्छ?

## परमेश्वरको शक्तिले हामीमा काम गर्छ

हामी सहकर्मी भएर काम गर्ने "निष्कृय" आज्ञाहरूमा परमेश्वरको कार्य के छ भनी हेर्न सजिलो छ। तर परमेश्वरले *हामीलाई* गर्नू भनी आज्ञा गर्नुभएका कुराहरूका बारेमा चाहिँ के हो त? के तिनीहरूलाई पूरा गर्नको निम्ति हामी आफ्नै बलमा भर पर्छौं? उदाहरणको लागि, हाम्रो ख्रीष्टियान विश्वास वा "ख्रीष्ट स्वरूप" प्रकट गर्नको लागि धेरै व्यावहारिक तरीकाहरू छन् भनी हामीलाई बताइएको छ। यी कुराहरू हामीले नै गर्नुपर्छजस्तो देखिन्छ। तर हाम्रा आफ्नै बलमा यी कुराहरू गर्ने आज्ञा गर्नुचाहिँ मूर्खता हो।

एफिसी २:१०-मा हामी पढ्छौं कि परमेश्वरले हामीलाई बनाउनुभएको छ, र असल कामहरू गर्नका निम्ति नै हामी येशू ख्रीष्टमा सृष्टि गरिएका हौं। एफिसी ४:१७-६:२०-मा यी असल कामहरूका नाउँको सूची बनाइएको छ। एफिसी

३:२०-मा हामीलाई बताइएको छ कि "परमेश्वरले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ।"

त्यस विषयमा विचार गर्नुहोस्। हाम्रो माग जति ठूलो भए तापनि उहाँको शक्ति र योग्यता यसभन्दा अति नै ठूलो छ, र त्यो शक्तिले *हामीभित्र* काम गर्छ।

पौलसमा काम गरेको (र हामीहरू प्रत्येकमा पनि काम गरेको) "व्यवस्था"-लाई हामीले उल्लेख गरिसकेका छौं। यसले उनको पूर्ण आज्ञाकारितालाई रोकेको थियो। यो व्यवस्था अति नै बलियो भएर पनि के यसले हामीप्रतिको परमेश्वरको योजनालाई सीमित पार्न सकेको छ त? आफूले गर्नु नै पर्ने हो भनी जान्दाजान्दै पनि यस "व्यवस्था"-ले आफूलाई रोकेको अनुभव पौलसले आफ्नो जीवनमा गरेका छन्। तर यस समस्याको उत्तर रोमी ८:१-४-मा दिइएको छ। अनाज्ञाकारिता ल्याउने "व्यवस्था"-को प्रभाव हटाइएको छ। अब त्यहाँ "कुनै दण्ड छैन" (रोमी ८:१)। यसको सट्टामा त अब परमेश्वरको शक्तिले हामीमा काम गर्छ।

परमेश्वरले आफ्ना पुत्र पठाएर हामीलाई सहायता *गर्नुभएको छ।* उहाँले पवित्र आत्माको शक्तिद्वारा हामीलाई सहायता *गर्नुहुन्छ।* तपाईंको निम्ति भएको परमेश्वरको योजना तपाईं-ले मात्र पूरा गर्नुभएको होस् भनी उहाँले चाहनुहुन्न। वास्तवमा भन्ने हो भने *तपाईंमा* र *तपाईंद्वारा* उहाँले यसलाई गर्न चाहनुहुन्छ।

हाम्रा जीवनमा परमेश्वरको योजनाअनुसारको काम गर्ने हाम्रो प्रयास र परमेश्वरले हामीलाई दिनुहुने सहायतामा भर पर्ने कुराहरूको बीचमा भएको सन्तुलनलाई बुझ्नको लागि हामीलाई सहायता पुऱ्याउन बाइबलले हामीलाई मुख्य धारणा प्रस्तुत गर्छ।

यस विचारलाई फिलिप्पी २:१२-१३-मा उल्लेख गरिएको छः

> डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर। किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ।

### तपाईंको अभ्यासको निम्ति

७ परमेश्वरले हाम्रा निम्ति निर्धारित गर्नुभएको लक्ष्यमा हामी कसरी पुग्न सक्छौं भन्ने सम्बन्धमा तीन बयानहरू तल दिइएका छन्। सबैभन्दा उत्तम वर्णनको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) संसारको पछि नलाग्ने निर्णय हामीले गऱ्यौं। हामीले यसो गर्दा हाम्रा मनहरूलाई परिवर्तन गरेका हुन्छौं र यसरी हामी परमेश्वरको आज्ञा पालन गर्न सक्छौं। लक्ष्यहरूमा पुग्नको निम्ति सफलता पाउनलाई हामीले धेरै कोशिश गर्नुपर्छ।

**ख**) हामी आफैलाई परमेश्वरमा अर्पण गर्छौं र उहाँको आज्ञा पालन गर्ने कोशिश गर्छौं। यसै बेला हामीलाई परिवर्तन गर्नको निम्ति परमेश्वरको शक्तिले हामीमा काम गर्छ। उहाँले निर्धारित गर्नुभएका लक्ष्यहरूमा हामी एकैसाथ अगाड़ि बढ्छौं।

**ग**) परमेश्वरले हाम्रो मनलाई अधीन गर्नुहुन्छ र जे ठीक छ सो गर्ने इच्छा हामीलाई दिनुहुन्छ। उहाँले निर्धारित गर्नुभएका लक्ष्यहरू कठिन भएका हुनाले ती प्राप्त गर्नका लागि हामीलाई सहायता गर्न उहाँले सबै काम गरिदिनुहुन्छ।

## हामी असफल हुँदा परमेश्वर रोकिनुहुन्न

उद्देश्य ३ *हाम्रा निम्ति भएको परमेश्वरको योजनालाई हाम्रा असफलताहरूले नाश पार्न सक्दैनन् भन्ने कुरामा हामी कसरी निश्चित हुन सक्छौं कारणहरू दिनुहोस्।*

परमेश्वरको योजनालाई बुझ्न र उहाँको निर्देशनलाई पछ्याउनको लागि हामीले सामना गर्न नचाहने केही कुरा त्यहाँ छः कहिलेकहीँ हामी असफल हुन्छौं। हाम्रो अज्ञानता वा कमजोरीको कारणले यसो हुन सक्छ। कहिलेकहीँ हाम्रा उद्देश्यहरू पनि स्पष्ट नभएका हुन्छन्। "हामीमा काम गर्ने शक्ति" हुँदाहुँदै पनि (एफिसी ३:२०), "परमेश्वरले सधैँ हामीमा काम गर्नुहुन्छ" (फिलिप्पी २:१३) भन्ने सत्यता जान्दाजान्दै *पनि*, हामी असफल हुन्छौं।

असफलता! पापको निम्ति परमेश्वरसँग भएको उत्तर क्षमा र नयाँ जन्म हो। तर यदि हामीले नयाँ जन्म पाएपछि पनि असफल भयौं भने, अनि त के? के हाम्रो असफलताले परमेश्वरको योजनालाई बदलि गर्न सक्छ त? के हामी "दोस्रो उत्तम कुरा"-मा नै चित्त बुझाएर बस्न सक्छौं? हाम्रो जीवनको निम्ति भएको परमेश्वरको योजनालाई हामीले नाश गऱ्यौं भने के परमेश्वरले अरू योजनाहरू पनि राख्नुभएको छ कि? के हाम्रा असफलताहरूले उहाँलाई चकित पार्छ कि? हाम्रा समस्याहरू हामी आफैले समाधान गरौं भनी उहाँले हामीलाई छोड़िदिनुहुन्छ कि?

असफलता बुझ्नको निम्ति हामीलाई सहायता पुऱ्याउने केही सत्यताहरू– हामी किन असफल हुन्छौं र यसप्रतिको परमेश्वरको हेराइ कस्तो छ भन्ने सम्बन्धमा अब हामी विचार गरौं। यी प्रश्नहरूका जवाफ पत्ता लगाउन यसले हामीलाई सहायता गर्नेछ।

**विगतका हाम्रा असफलताले हामीलाई असर पार्छ**

प्राय:जसो हाम्रा आवेग र भावनाहरू हाम्रा आफ्नै जीवन इतिहासद्वारा निर्माण गरिएका हुन्छन्। उदाहरणको लागि, कुनै विशेष उत्सवको दिनलाई प्रत्येक वर्ष आनन्दसाथ मनाउने गरिएको छ भने, त्यो दिन नजीकै आउँदा हामी भिन्नै किसिमले अनुभव गर्न थाल्छौं। केही उत्सवका दिनहरूमा भोज खाने चलन पनि हुन्छ। परिवारहरू र साथी-सङ्गीहरूले एक-अर्कालाई उपहार दिने पनि गर्छन्। घरहरूलाई सजाएर झिलिमिलि पारिन्छ। त्यहाँ आनन्द र सङ्गीत हुन्छ। यी उत्सवका दिनहरू नजीक आउँदा पहिले पनि यी दिनहरूमा आनन्द मनाइएको कुरा स्मरणमा आउँछ। मानिसहरूले विशेष किसिमको अनुभव गर्न थाल्छन्। ती भावनाहरूले तिनीहरूका विचारहरूलाई पनि असर पार्न थाल्छ।

कहिलेकहीँ असफलताले पनि हाम्रा भावनालाई यसरी नै निर्माण गरिदिन्छ। ख्रीष्ट हाम्रा जीवनमा आउनुभन्दा पहिले-को पापको इतिहास हामीसँग छ। हामी पहिले पनि असफल भएकाजस्ता परिस्थितिहरू खड़ा भए भने, हामी ती असफलताहरूलाई सम्झन्छौं। हाम्रा भावनाहरूले हामीलाई भिन्दै किसिमले विचार गर्न लगाउँछन्। शैतानले हामीलाई परीक्षा गर्नका निम्ति यी स्मरणहरू र भावनाहरूलाई प्रयोग गर्न सक्छ र यसरी हामी पहिलेको जस्तै व्यवहार पनि गर्न सक्छौं।

**तपाईंको अभ्यासको निम्ति**

८ कुनै पनि व्यक्तिको भावनालाई उसको असफलताको इतिहासले असर पार्न सक्छ भनी बताउने बयानलाई तलको

कुनचाहिँ घटनाको उदाहरणले नमूनित गर्छ?

**क**) ठीक जीवन नजिउने व्यक्तिहरू पनि सरिता विश्वासी हुनुभन्दा पहिले तिनका साथी-सङ्गीहरू थिए। तिनीहरूसँग आफ्नो मित्रता कायम राख्नको निम्ति, सरिता पनि तिनीहरूले गरेजस्तै गर्थिन्। अब तिनी विश्वासी भएकी थिइन् र अब तिनले ती कुराहरू गर्न छोड़िदिइन्। ठीक जीवन जिउनका निम्ति उनका नयाँ मित्रहरूले उनलाई उत्साह दिन्छन्।

**ख**) विश्वासी हुनुभन्दा पहिले शन्त बहादुर आफूसँग विचार नमिल्ने मानिसहरूसँग प्रायःजसो रिसाउने गर्थे। उनले भर्खरै भेटेका ख्रीष्टियान भाइ पनि केही कुरामा उनीसँग असहमति भए। यस भाइप्रति उनी रीसका भावनाहरू प्रकट गर्न शुरू गर्छन्।

हामीले उद्धार पाइसकेपछि पाप *नगरीकन* जिउन सक्छौं, तर धेरै पल्ट हामी यसो *गर्दैनौं*। हाम्रो बानी-व्यवहारहरू सधैं ठीक हुँदैनन्। हाम्रो पूरै वातावरण नै श्रापको अधीनमा छ। हामी मानव भएका हुनाले, वृद्धि भइरहेका हुनाले, र परिवर्तन हुँदै गरेका हुनाले नै हामी असफल हुन्छौं।



**परमेश्वरलाई हाम्रा असफलताहरू थाहा छ**

हाम्रा सबै असफलताहरू परमेश्वरलाई थाहा छ। यो महसूस गर्न महत्त्वपूर्ण छ, कि हामीले कहिल्यै पनि परमेश्वरको बारेमा अचम्म मान्नुहुँदैन। हाम्रो जीवनका अवस्थाहरूमा वा हाम्रा सम्पर्कमा आउने कुराहरूमा पनि हामीले अचम्म मान्नुहुँदैन।

यदि हाम्रो पापले उहाँलाई अचम्मित पार्दैन, र यदि हामीले अनुभव गर्नुभन्दा नै पहिले उहाँले हाम्रा असफलताहरू जान्नुहुन्छ भने, तब उहाँले सबै कुराहरूको हिसाब राख्नुभएको छ भन्ने कुरामा हामी निश्चित हुन सक्छौं।

### तपाईंको अभ्यासको निम्ति

**६** भजनसंग्रह १३९-लाई मनन् गर्नुहोस् भनी हामीले पाठ १-को अन्तमा तपाईंलाई भनेका थियौं। परमेश्वरलाई हाम्रा बारेमा सबै कुरा थाहा छ भनी यस भजनले हामीलाई निश्चयता दिन्छ। २-४ र ११-१६ पदहरूलाई फेरि पढ्नुहोस्। प्रत्येक **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) हाम्रो जन्ममा नै हामीप्रतिको परमेश्वरको ज्ञान शुरू हुन्छ।

**ख**) हाम्रा कुनै-कुनै विचारहरू परमेश्वरलाई थाहा छैन।

**ग**) हाम्रा सबै कामहरू परमेश्वरलाई थाहा छ।

## परमेश्वरको अनुग्रहले हाम्रा असफलताहरूलाई जितिदिन्छ

हाम्रा असफलताहरूका बारेमा परमेश्वरलाई थाहा छ भनी हामीले भनिसकेका छौं। हामीले असफलताको वास्तविकतालाई हेर्दा, परमेश्वरको अनुग्रहले निरन्तर रूपमा हाम्रो जीवनमा काम गरिराखेको छ भन्ने कुराको निश्चयता के कुराले हामीलाई दिन्छ?

पहिलो, क्षमा उपलब्ध गराइएको छ। हामीलाई पापबाट अलग राख्ने यो परमेश्वरको उपाय हो। १ योआनेस १:९-मा हामी पढ्छौं, कि हामीले परमेश्वरसँग हाम्रा पापहरूका स्वीकार गर्‍यौं भने उहाँले हामीलाई क्षमा दिने प्रतिज्ञा गर्नुभएको छ। हाम्रो निम्ति भएको परमेश्वरको योजना सिद्ध हुने *हाम्रो* योग्यतामा होइन तर *उहाँको* ज्ञान र योग्यतामा भर पर्छ।

दोस्रो, परमेश्वरको शक्ति उपलब्ध छ। तपाईंलाई उद्धारमा ल्याउनको निम्ति परमेश्वरले प्रयोग गर्नुभएको सबै शक्ति तपाईंले उद्धार पाइसक्नुभएपछि पनि तपाईंको लागि निरन्तर रूपमा उपलब्ध छ। तपाईंको जीवनको निम्ति उहाँको योजना के हुन्छ भन्ने सम्बन्धमा निश्चित गर्नलाई तपाईंले उद्धार पाउने समयसम्म परमेश्वर पर्खनुभएन। उद्धारको तपाईंको अनुभवले तपाईंको छनोटको दिनलाई निश्चित गऱ्यो, तर उहाँको छनोटको दिनलाई होइन। अहिले पनि उहाँको शक्ति तपाईंको लागि उपलब्ध छ भन्ने विषयमा परमेश्वरको बालकको हैसियतले तपाईं निश्चित हुन सक्नुहुन्छ।

परमेश्वरको यो शक्ति प्रभावशाली छ। २ कोरिन्थी १२:७-१०-मा प्रेरित पौलसले आफ्नो अनुभवलाई वर्णन गरेका छन्। आफूले प्रार्थना गरेको कुराको छुटकारा प्राप्त गर्न उनी "असफल" भए। तर यस अनुभवद्वारा पौलसले एक पाठ सिके र परमेश्वरको शक्ति कति धेरै प्रभावशाली छ भन्ने कुरा यसले हामीलाई देखाउँछ।

**तपाईंको अभ्यासको निम्ति**

**१०** २ कोरिन्थी १२:७-१० पढ्नुहोस् र आफ्नो अभ्यास-पुस्तिकामा तलका प्रश्नहरूको जवाफ दिनुहोस्।

**क**) आफूले वर्णन गरेको अनुभवद्वारा पौलसले परमेश्वरको शक्तिको बारेमा के सिकेका थिए?

**ख**) पौलसले जे सिकेका थिए त्यसको फलस्वरूप उनले के गर्न सक्थे?

परमेश्वरको शक्तिको कार्यले हाम्रा असफलतालाई जितिदिन्छ। हामीले असफलतासँग युद्ध गर्दा सामना गर्नुपर्ने मुख्य विषय यही नै हो: *असफलताको अर्थ अब म परमेश्वरको "दोस्रो उत्तम कुरा मात्र पाउन सक्छु" भन्ने हो? के मेरो निम्ति भएको परमेश्वरको सिद्ध योजनालाई मैले बिगारेको छु कि?*

परमेश्वरले अगमवक्ता यर्मियालाई सिकाउनुभएको पाठले यस विषयमा छलफल गर्न हामीलाई सहायता गर्छ। इस्राएल राज्यको असफलता देखेपछि, यर्मियालाई कुमालेको घरमा पठाइयो (यर्मिया १८:१-१०)। कुमालेले माटोलाई लिएर त्यसलाई आकारमा परिणत गरेको उनले हेरे। तर भाँड़ो बनाउँदा-बनाउँदै माटोमा केही "असफलता" (खराबी) उनले देखे। माटोलाई फाल्नु वा कुरूप भाँड़ो बनाउनुको सट्टा कुमालेले माटोलाई फेरि डल्ला बनाई असल भाँड़ो बनायो।

इस्राएलको असफलतालाई परमेश्वरले कसरी हेर्नुभएको छ भनी यर्मियाले बुझ्न शुरू गरे।

तपाईंका पाप र तपाईंका सिद्धताहरूका बारेमा परमेश्वरलाई स्पष्ट थाहा छ। परमेश्वरले तपाईंलाई उहाँलाई मन परेको भाँड़ो बनाउनुहुनेछ। तपाईंको जीवनको माटोको रूपमा उहाँले हेर्नुहुने आवश्यकीय तत्त्व "ख्रीष्टसँगको तपाईंको सम्बन्ध" नै हो (कलस्सी १:२७)। ख्रीष्ट तपाईंमा रहनुहुन्छ भन्ने वास्तविकतालाई असफलता वा पापले पनि बदलि गर्न सक्दैन।

हिब्रू ११ अध्यायमा उल्लेख गरिएका व्यक्तिहरूलाई विश्वासका वीरहरू वा आदरयोग्य व्यक्तिहरूका रूपमा प्रस्तुत गरिएको छ। तिनीहरूले आफ्ना जीवनमा परमेश्वरको "दोस्रो उत्तम" योजनालाई अवश्य पनि पछ्याएका थिएनन्। तर सूचीलाई हेर्नुहोस्। यहाँ उल्लेख गरिएका व्यक्तिहरूको जीवन कथालाई तपाईंले पढ्नुभयो भने तपाईंले यो महसूस गर्नुहुन्छः

असफलता के हो सो यी व्यक्तिहरूलाई थाहा थियो। तिनीहरू "असफल" तर वीरहरू थिए।



## तपाईंको अभ्यासको निम्ति

११ हामीप्रति भएको परमेश्वरको योजनालाई हाम्रा असफलता र कमजोरीले नाश पार्न सक्दैनन् भन्ने कुरामा हामी निश्चित हुन सक्छौं भनी हामीले बताइसकेका छौं। यो यसै हो भनी *कारण दिने* प्रत्येक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क)** प्रत्येक व्यक्ति कुनै न कुनै समयमा असफल भएकै हुन्छ।

**ख)** हामीले ख्रीष्टलाई ग्रहण गरेपछि परमेश्वरको योजनालाई पूर्ण रूपमा पछ्याउने हाम्रो योग्यतामा यो आधारित छ।

**ग)** परमेश्वरले हाम्रा असफलताका बारेमा पहिल्यै जानेर हाम्रो निम्ति आफ्नो योजना बनाउनुभएको हो।

**घ)** परमेश्वरको शक्तिलाई हामीमा काम गर्न दिनबाट हाम्रा असफलता र पापहरूले रोक्दैनन्।

**ङ)** आफ्नो असफलताको इतिहास भएको हुनाले मानिसहरू प्रायःजसो असफल हुन्छन्।

**च)** असफल हुनेहरूका निम्ति परमेश्वरले "दोसो उत्तम" योजना राख्नुभएको छ।

तपाईं धेरै पल्ट असफल हुनुभएको भए तापनि हिब्रू ११-मा उल्लेख गरिएका मानिसहरूले झैं तपाईंले पनि परमेश्वरको सिद्ध इच्छाको अनुभव गर्न सक्नुहुन्छ। प्रेरित पौलसलाई भन्नुभएझैं येशूले तपाईंलाई पनि भन्नुहुन्छ, "मेरो शक्ति तिम्रो दुर्बलतामा नै सिद्ध हुन्छ" (२ कोरिन्थी १२:६)। उहाँको शक्तिले तपाईंको असफलतालाई जितिदिन्छ र तपाईंको निम्ति भएको उहाँको योजना तपाईंमा पूरा गर्न सम्भव तुल्याउँछ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

६. **क.** १) हामीले आफैलाई जीवित बलिदानहरूका रूपमा दिइहाल्नुपर्छ र २) यस संसारसँग एकै चालको हुनुहुँदैन।
   **ख.** हाम्रो मनलाई परिवर्तन गरेर भित्रिय रूपमा हामीलाई परिवर्तन गर्नको निम्ति हामीले परमेश्वरलाई स्थान दिनुपर्छ। (तपाईंका उत्तरहरू यस्तै हुनुपर्छ।)

१. **क.** २) परिवर्तन भएको व्यक्ति।
   **ख.** २) परिवर्तन भएको व्यक्ति।
   **ग.** १) नकल गर्न कोशिश गर्ने व्यक्ति।
   **घ.** १) नकल गर्न कोशिश गर्ने व्यक्ति।
   **ङ.** २) परिवर्तन भएको व्यक्ति।

७. ख) हामी आफैंलाई परमेश्वरमा अर्पण गर्छौं र...।

२. **क)** असल गर्ने चाहनाचाहिँ उनमा थियो तर वास्तवमा जे खराब छ सोही उनले गरे।
   **ख)** आफ्नो शरीरमा व्यवस्थाले काम गरिराखेको छ भनी

उनले बताए। यसले उनलाई पापको कैदी बनाएको थियो।

८. ख) विश्वासी हुनुभन्दा पहिले शन्त बहादुर...।

३. ख) ४:१३-१५

६. **क**) बेठीक
**ख**) बेठीक
**ग**) ठीक

४. ग) परमेश्वरले हामीलाई जे गरेको चाहनुहुन्छ, हाम्रा स्वाभाविक इच्छाहरूले हामीलाई त्यसतर्फ डोर्‍याउँदैनन्।

१०. **क**) आफू कमजोर भएको बेलामा परमेश्वरको शक्ति बलवान् हुन्छ भनी उनले सिके।
**ख**) आफ्नो कमजोरीमा पौलसले आनन्द मनाउन सके, किनभने यस अवस्थामा नै उनले परमेश्वरको महान् शक्तिलाई अनुभव गर्न सक्थे।
(तपाईंका उत्तरहरू पनि यस्तै हुनुपर्छ।)

५ क) गलाती २:१६-२०।

११. ग) परमेश्वरले... हाम्रो निम्ति आफ्नो योजना बनाउनुभएको हो।
घ) परमेश्वरको. . .हाम्रा असफलता र पापहरूले रोक्दैन।

पाठ ४

# के म परमेश्वरको योजनालाई गुमाउँदैछु?

. . . जीवन सधैंभरि सजिलो हुँदैन।

परमेश्वरको इच्छाअनुसार काम गर्न कहिलेकहीँ आनन्द लाग्छ, र कहिलेकहीँ कठिनाइको महसूस हुन्छ। अब्राहामले कठिन समयको पनि सामना गरेका थिए।

अब्राहाम महान् राज्यका पिता हुनेछन् भनी परमेश्वरले उनलाई प्रतिज्ञा गर्नुभएको थियो। तर धेरै वर्ष बित्दा पनि सो प्रतिज्ञा पूरा भएन। परमेश्वरको प्रतिज्ञा पूरा भएको देख्न चाहने अब्राहाम र साराको योजना निराशामा समाप्ति भयो। तब परमेश्वर फेरि अब्राहामसँग बोल्नुभयो र उनलाई आफ्नो प्रतिज्ञाको स्मरण गराउनुभयो। अन्तमा गएर इसहाकको आश्चर्यपूर्ण जन्ममा त्यो प्रतिज्ञा पूरा भयो। तर अब्राहामको जाँच अझै सिद्धिएको थिएन।

इसहाकलाई बलिदान गर्नू भनी केही वर्षपछि परमेश्वरले अब्राहामलाई भन्नुभयो। अब उनले प्रेम गरेको आफ्नो पुत्रलाई मोरियाह पहाड़मा लगेर परमप्रभुकहाँ चढ़ाउनुपर्थ्यो। आफ्ना भावनाहरू, परिस्थितिहरू, वा व्यक्तिगत इच्छाहरू हुँदाहुँदै पनि परमेश्वरको आज्ञा पालन गर्नको निम्ति अब्राहामलाई ठूलो चुनौती आएको थियो। उनले परमेश्वरको इच्छा पालन गरे र



ठूलो आश्चर्यकर्मको अनुभव गरेः इसहाकको सट्टामा परमेश्वरले भेड़ो जुटाइदिनुभयो (उत्पत्ति २२:१-१६)।

तपाईंले पनि यस्तै चुनौतीको सामना गरिरहनुभएको होला। तपाईंको विश्वास जाँच गर्नको निम्ति पनि परमेश्वरले विशेष परिस्थितिहरूलाई तपाईंको जीवनमा प्रयोग गर्नुहुन्छ होला। हाम्रो निम्ति भएको परमेश्वरको योजनामा हाम्रा परिस्थितिहरू कसरी सम्बन्धित छन् भन्ने विषयमा हामी यस पाठमा अध्ययन गर्नेछौं। तपाईंले अध्ययन गर्दै जानुहुँदा यस सत्यतालाई पत्ता लगाउनुहुनेछ कि तपाईंको जीवनमा आफ्नो योजना पूरा गर्नको निम्ति तपाईंलाई सहायता पुऱ्याउन परमेश्वरले परिस्थितिहरू पनि प्रयोग गर्नुहुनेछ।

**यस पाठमा तपाईंले यी विषयहरूमा अध्ययन गर्नुहुनेछ. . .**

परिस्थितिहरूले प्रश्नहरू उठाउँछन्।
परिस्थितिहरूले हाम्रो विश्वासको जाँच गर्न सक्छन्।
परिस्थितिहरूले हामीलाई अनुशासन गर्न सक्छन्।
परिस्थितिहरूले हामीलाई उत्साह दिन सक्छन्।

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- कठिनाइ र विरोधको अनुभव गर्नको लागि किन परमेश्वरले हामीलाई अनुमति दिनुहुन्छ सो कारण दिन।
- हाम्रो निम्ति भएको परमेश्वरको योजनालाई पछ्याउने कोशिश गर्दा किन कठिनाइहरू खड़ा हुन्छन् सो बताउन।
- हामीले अनुभव गरेका कठिनाइहरूबाट हामीले प्राप्त गर्न सक्ने मूल्य र फाइदाहरूलाई वर्णन गर्न।

## परिस्थितिहरूले प्रश्नहरू उठाउँछन्

कहिलेकहीँ परिस्थितिहरूद्वारा परमेश्वरको इच्छालाई पक्का गरिएको जस्तो देखिन्छ। तर अरू कुनै बेलाचाहिँ परमेश्वरले हामीलाई गर्नू भन्नुभएको काम गर्न प्रकट परिस्थितिहरूले अति नै कठिन बनाइदिन्छन्। हामीले परमेश्वरको इच्छालाई गुमाइराखेका छौं भन्ने कुरा के कठिनाइले सङ्केत गर्छ? जति नै कठिन वा सजिलो देखिए तापनि परमेश्वरको इच्छा बुझ्न सम्भव छ त? यदि यो असम्भवजस्तो देखियो भने के होला, अर्थात् परमेश्वरले हामीलाई जे गर्न लगाउनुभएको छ भनी हामी विचार गर्छौं, सो गर्दा बाहिरीय परिस्थितिहरू यसको विरुद्धमा भए भने के होला? परमेश्वरको योजना वा हाम्रो निम्ति भएको उहाँको इच्छा र हाम्रा परिस्थितिहरूका बीचको सम्बन्धलाई अब हामी विचार गरौं।

## परिस्थितिहरूले हाम्रो विश्वासको जाँच गर्न सक्छन्

उद्देश्य १ *हाम्रो विश्वासको जाँच हुन दिन परमेश्वरले किन अनुमति दिनुहुन्छ दुइ कारणहरू थाहा पाउनुहोस्।*

कुनै पनि थोक कति भरोसायोग्य छ भनी जान्न यसलाई हामीले जाँच्नुपर्छ। कुनै पनि नाविकले समुद्र पार गर्नुभन्दा

पहिले आफूले चलाउने जहाज (डुङ्गा)-लाई कुनै ठूलो ताल वा समुद्रको किनारमा चलाएर जाँच गर्छ। डोरीको सहायताले भिरालो पहाड़मा आफू उक्लनुभन्दा पहिले पहाड़ चढ्ने व्यक्तिले डोरी कति बलियो छ भनी जाँच गर्छ।

कहिलेकहीँ हाम्रो विश्वासको जाँच गर्नलाई परमेश्वरले कठिन परिस्थितिहरू प्रयोग गर्नुभएको देखिन्छ। उहाँले हाम्रो विश्वासको जाँच गर्नुहुन्छ, किनभने उहाँसँगको हाम्रो सीधै सम्बन्ध यसैबाट नै हुन्छ। उहाँले यसद्वारा नै काम गर्नुहुन्छ। विनाविश्वास हाम्रो निम्ति भएको परमेश्वरको योजना पूरा हुँदैन वा हामी उहाँलाई खुशी तुल्याउन सक्दैनौं (हिब्रू ११:६)।

**जाँचले हाम्रो विश्वासको प्रकट गर्छ**

आफूले परमेश्वरमा भरोसा नगरीकन पनि कोही-कोही मानिसहरूले परमेश्वरमा भरोसा *गरेका छौं* भनी विचार गर्छन्। परमेश्वरमाथिको तिनीहरूको भरोसालाई परिस्थितिहरू र घटनाहरूले जहिले पनि समर्थन गर्छ र परमेश्वरको इच्छाअनुसार काम गर्नुचाहिँ उनीहरूका लागि सजिलोजस्तो देखिन्छ। धेरै पल्ट आफूलाई इच्छा लागेको काम नै तिनीहरू गर्छन् र आफूले गर्न चाहेको काम नै परमेश्वरको इच्छा हो भनी तिनीहरू विचार गर्छन्। यस्तो विश्वास कति भरोसायोग्य हुन्छ त?

हामीले वास्तवमा परमेश्वरमा कति भरोसा राखेका छौं भनी उहाँ हेर्न चाहनुहुन्छ। हामीलाई यो देखाउनको निम्ति, बाहिरीय समर्थन र सहायताहरू उहाँले हामीबाट हटाउन सक्नुहुन्छ। आज्ञाकारी हुन कठिनजस्तो छ भनी यसले देखाउँछ। हामी परमेश्वरकै इच्छामा नै छौं त भनी यसले हामीलाई अचम्मित पार्न सक्छ। हामीले परमेश्वरमा कति धेरै भरोसा *राखेका छौं* भनी हामीलाई जाँच्न र देखाउन यदि हामी परमेश्वरलाई

अनुमति दिँदैनौं भने, शैतानले आक्रमण नगरुञ्जेलसम्म हाम्रो विश्वासको कमजोरीलाई देख्न सकिँदैन।

ख्रीष्टप्रतिको आफ्नो भक्तिमा पत्रस पक्का थिए। सबैको भन्दा बढ़ी भक्ति आफ्नो नै छ भनी उनले विचार गरेका थिए। येशूलाई सिपाहीहरूले गिरफ्तार गर्नुभन्दा पहिले पत्रसले उहाँलाई भनेका थिए, "सबै जनाले तपाईंलाई त्यागे भने पनि मचाहिँ तपाईंलाई कहिल्यै त्याग्नेछैन" (मतियोस २६:३३)।



### तपाईंको अभ्यासको निम्ति

१ पत्रसको जीवनमा भएको यस घटनाको बारेमा बताउने बाइबलका पदहरूलाई पढ्नुहोस्। प्रत्येक प्रश्नको उत्तर आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

**क)** लूकास २२:३१। ख्रीष्टले पत्रसलाई कस्तो चेताउनी दिनुभयो?

**ख)** मतियोस २६:३४। पत्रसले के गर्नेछन् भनी ख्रीष्टले भन्नुभयो?

ग) मतियोस २६:३५। आफूले के गर्दिनँ भनी पत्रसले भनेका थिए?

घ) मतियोस २६:६९-७५। पत्रसले के गरे?

पत्रसले अनुभव गरेका कठिन परिस्थितिहरूले त्यस बेला उनको कमजोर विश्वासको प्रकट गरिदिएको थियो। बाहिरीय सहायताविना उनी खड़ा हुन नै सकेनन्।

तर जाँच गरिएको विश्वासको मूल्य हुन्छ। प्रेरित याकूबले यस मूल्यलाई बुझेका थिए। यसरी उनले यसलाई व्याख्या गरेका छन्:

> मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ (याकूब १:२-३)।

यी पदमा उल्लेखित विचारहरूलाई हेर्नुहोस्– आपत्-विपत्, धैर्य। तिनीहरूले विरोध र कठिनाइका बारेमा बताउँछन्। दुःख पाउनुचाहिँ हाम्रो निम्ति भएको परमेश्वरको योजनालाई गुमाउनु हो भन्ने कुराको सङ्केत थिनीहरूले कहिल्यै पनि दिँदैनन्। वास्तवमा भन्ने हो भने आपत्-विपत् आइपर्दा हामीले तिनलाई पूरा आनन्दको कुरा सम्झनुपर्छ।

**तपाईंको अभ्यासको निम्ति**

**२** आफ्नो बाइबलमा याकूब १:२-४-लाई पढ्नुहोस्। हाम्रो विश्वासको जाँचको अन्तिम नतीजा के हो?

........................................................................

**जाँचले हाम्रो विश्वासलाई निर्माण गर्छ**

नकारात्मक परिस्थितिद्वारा हाम्रो विश्वासको जाँचले परमेश्वरमा हामी कति भरोसा *राख्न सक्छौं* भनी हामीलाई देखाउँछ। यसले हाम्रो विश्वासको निर्माण गर्न हामीलाई सहायता गर्छ।

मोरियाह पहाड़मा भएको अब्राहामको अनुभव साँच्चै नै विश्वासको ठूलो विजयता थियो। उनले विजय प्राप्त गरेकोमा यो सबैभन्दा ठूलो थियो। आफ्नो छोरालाई बलिदान गर्ने घड़ीसम्म उनी आज्ञाकारी भए तर परमेश्वरले उनका छोराको सट्टामा बलिदानको निम्ति भेड़ा जुटाइदिनुभयो। कठिनाइ हुँदाहुँदै पनि उनले आज्ञा पालन गरे। उनको विश्वासलाई जाँच गरी प्रमाणित गरियो। परमेश्वरले बलिदान जुटाउन सक्नुहुन्छ र उनको परिवारको खाँचो पूरा गर्नुहुन्छ भनेर पनि उनले सिके।



इस्राएलको भयङ्कर शत्रु गोल्यातलाई दाऊदले सामना गरेका समयको बारेमा हामी १ शमूएल १७ अध्यायमा पढ्छौं। गोल्यातजस्तो डरलाग्दो लड़ाकूलाई हराउन दाऊदजस्तो जवान मानिसको लागि असम्भव नै थियो! तर जब दाऊदले गोल्यातको गाली सुने, त्यससँग युद्ध गर्नलाई उनी तयार भए।

**तपाईंको अभ्यासको निम्ति**

**३** १ शमूएल १७:३४-३७ पढ्नुहोस्। गोल्यातसँग लड़ाइँ गर्न दाऊद तयारी थिए किनभने,

**क**) उनले सफलता प्राप्त गर्नेछन् भनी उनका दाज्यू-भाइहरूमध्ये धेरैले विश्वास गरे।

**ख**) गोल्यात ईश्वर विरोधी पलिश्ती थियो र दाऊदचाहिँ इस्राएली थिए।

**ग**) सिंहहरू र भालूहरूसँग युद्ध गर्दा नै परमेश्वरमा भरोसा राख्ने कुरा दाऊदले सिकिसकेका थिए।

हाम्रो विश्वासको जाँचको निम्ति हामीलाई सामना गर्नका लागि परमेश्वरले दिनुहुने केही परिस्थिति के-के हुन्? त्यहाँ खतराहरू र निराशाहरू हुन सक्छन्। हामीलाई भरोसा नगर्ने व्यक्तिहरू पनि हाम्रा वरिपरि हुन सक्छन्। असुविधा अर्को समस्या हुन सक्छ। लक्ष्य प्राप्त गर्ने कुरा टाढ़ा पुगेको जस्तो अनुभव हुन सक्छ। हाम्रो विश्वास कहाँ कमजोर छ, र हामीले कसरी उहाँमा अझै विश्वास राख्न सक्छौं भनी हामीलाई देखाउनको निम्ति यी सबै कुरामा उहाँमा राखिएको हाम्रो विश्वासलाई परमेश्वरले जाँच्नुहुन्छ।

### तपाईंको अभ्यासको निम्ति

४ कठिन परिस्थितिहरूद्वारा परमेश्वरले हाम्रो विश्वासको जाँच किन गर्नुहुन्छ भन्ने सम्बन्धमा हामीले दुइ कारणहरूलाई अध्ययन गरिसकेका छौं। यी कारणहरूमध्ये एउटा कारणलाई प्रकट गर्ने प्रत्येक वाक्यको अगाड़िको अक्षरलाई घेरा लगाउनुहोस्।

**क**) हामी आफैले आफैलाई छल गर्न नसकौं भनेर कहिलेकहीँ हामीले हाम्रो विश्वासको वास्तविक शक्तिलाई देखाउनु आवश्यक छ।

**ख**) हामी कमजोर वा बलियो कस्तो छौं भनी पत्ता लगाउन परमेश्वरले हाम्रो विश्वासको जाँच गर्नुहुन्छ।

**ग**) हाम्रो निम्ति भएको परमेश्वरको योजनालाई हामीले गुमाएका छौं भनी हामीलाई देखाउनको निम्ति हाम्रो विश्वासको जाँच गरिन्छ।

**घ**) हाम्रो विश्वासको जाँच भइसकेपछि हामीले पहिलेको भन्दा पनि ठूला चुनौतीहरू पूरा गर्न सक्छौं।



## परिस्थितिहरूले हामीलाई अनुशासन गर्न सक्छन्

उद्देश्य २ *कठिन परिस्थितिहरूले हामीलाई कसरी अनुशासित गर्न सक्छन् भनी व्याख्या गर्ने उत्तम बयानलाई छान्नुहोस्*

हामीले परमेश्वरको इच्छा पछ्याउने कोशिश गर्दा आइपर्ने कठिन परिस्थितिहरूले पनि हामीलाई अनुशासन गर्न सक्छन्। यस अनुशासनको उद्देश्य परमेश्वरले हाम्रो निम्ति निर्धारित गर्नुभएको उद्देश्यतर्फ हाम्रो प्रयास लगाउनु हो। कसै-कसैले अनुशासनको अर्थ दण्ड हो भनी विचार गर्छन्, तर वास्तवमा भन्ने हो भने अनुशासन गर्नलाई दण्डको आवश्यकता छैन। साँचो अनुशासन पालन गर्न असफल भएपछि मात्र दण्डको आवश्यकता पर्छ। अनुशासन *तालीम* हो। कुनै उद्देश्य पूरा गर्नको निम्ति विशेष क्रियाकलापलाई चुन्ने काम नै अनुशासन हो।

खेलमा अनुशासन भनेको कुनै खेल जित्नको लागि ठीक नियमहरूको सिकाइ हो। नियमहरूको पालन नगरी गरिने क्रियाकलापले हाम्रो बललाई मात्र खेर फाल्ने होइन तर हामी त्यस कामको निम्ति अयोग्य हुन्छौं। यस्तो कार्यलाई दण्डित गरिन्छ।

अनुशासनमा घरीघरी दोहोऱ्याउने कार्य संलग्न भएको हुन्छ। खेलमा अझै बलियो बन्नको निम्ति खेलाड़ीले घरीघरी बाधाहरूको सामना गर्नुपर्छ।

अनुशासित बन्ने र चेला बन्ने विचारको बीचमा गहिरो सम्बन्ध छ भनी सजिलोसँग देख्न सकिन्छ। ख्रीष्टका बाह्र *चेलाहरू* उहाँको इच्छा पूरा गर्नका निम्ति *अनुशासित* मानिसहरू थिए। तिनीहरूका जीवनका विवरणलाई पढ्दा हामी देख्छौं कि समस्याहरूका सामना गर्नलाई ख्रीष्टले तिनीहरूलाई मौका दिनुभयो र कहिलेकहीँ त्यसतर्फ डोऱ्याउनु पनि भयो। यी अनुभवहरू तिनीहरूका तालीमका भागहरू नै थिए।

तिनीहरू डरलाग्दो आँधीमा ख्रीष्टसँगै डुङ्गामा थिए, तर ख्रीष्टले यस विषयमा केही पनि नगर्नुभएको जस्तो थियो। उहाँ सुतिरहनुभएको थियो (मर्कूस ४:३५-४१)। ख्रीष्टको रूप

परिवर्तन भएको पहाड़को फेदीमा नौ जना चेलाहरू बसिरहेका थिए। तिनीहरूले भूत लागेको केटालाई सामना गर्नुपरेको थियो (मर्कूस ९:१४-२९)।



**तपाईंको अभ्यासको निम्ति**

**५** मर्कूस ६:३४-४४-लाई पढ्नुहोस्। तब तल दिइएका प्रश्नहरूको उत्तर आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

**क**) चेलाहरूले कस्तो कठिनाइको सामना गरे?

**ख**) ख्रीष्टले तिनीहरूलाई के गर्नलाई अराउनुभयो?

**ग**) तिनीहरूसँग के-के कुराहरू थिए?

**घ**) ख्रीष्टले के गर्नुभयो?

**ङ**) नतीजा के भयो?

यी प्रत्येक नकारात्मक र कठिन परिस्थितिहरूमा ख्रीष्टले चेलाहरूलाई तिनीहरूका योग्यताको सीमासम्मै पुऱ्याउनुभयो। उहाँमा *पूरा* भरोसा राख्नुपर्छ भनी उहाँले तिनीहरूलाई सिकाउनुभयो। उहाँले तिनीहरूका ध्यानलाई तिनीहरूका सीमितपनबाट हटाएर आफैतर्फ खिँच्नुभएको थियो।

विभिन्न कठिनाइहरूले परमेश्वरको इच्छाको सम्बन्धमा हाम्रा मनलाई गोलमालमा पार्न हामीले दिनुहुँदैन। यसको सट्टामा, हामीले महसूस गर्नैपर्छ कि उहाँको बारेमा हामीलाई एक चित्तको बनाउनलाई परमेश्वरले यी समस्याहरूलाई प्रयोग गर्नुभएको

होला। यसैले कठिनाइहरूमाथि विजय प्राप्त गर्ने मुख्य तरीका परमेश्वरतर्फ हाम्रो ध्यान लगाउनु हो।

**तपाईंको अभ्यासको निम्ति**

**६** कठिन परिस्थितिहरूले हामीलाई कसरी *अनुशासन* गर्छन्?

**क**) हामीले परमेश्वरको इच्छा पछ्याएका छैनौं भनी महसूस गर्न हामीलाई सहायता गरेर।

**ख**) हामीले पूरा रूपमा परमेश्वरमा भरोसा गर्नुपर्ने आवश्यकता सृजना गरेर।

**ग**) हामी आफैले समस्याहरूको सामना गर्न सक्ने क्षमता हामीलाई देखाएर।

**घ**) हामी असफल भएका छौं भनी हामीलाई थाहा दिनको निम्ति हामी आफैमाथि दण्ड ल्याएर।

## परिस्थितिहरूले हामीलाई उत्साह दिन सक्छन्

उद्देश्य ३ *कठिन परिस्थितिहरूका कारण र मूल्य दिने बयानहरूका बीचमा भिन्नता देखाउनुहोस्।*

कठिन परिस्थितिहरूले हाम्रो विश्वासको जाँच र हामीलाई अनुशासन गर्छन् भन्ने कुरा वास्तविक हो। यदि हामीले यी समस्याहरूलाई ठीक किसिमले लिएर परमेश्वरको इच्छालाई बुझ्यौं भने यी नै समस्याहरू हाम्रा निम्ति उत्साहको स्रोत हुन सक्छन्। यस उत्साहका तीन रूपहरूलाई अब हामी विचार गरौं।

**हामी परमेश्वरका हौं भन्ने प्रमाण**

पहिलो कुरा त कठिनाइहरूले हामी परमेश्वरका हौं भन्ने कुराको प्रमाण दिन्छ। संसारमा भएको दुष्टताको शक्तिको बारेमा बाइबलले स्पष्टसँग बताउँछ। शैतान नै ख्रीष्टलाई पछ्याउनेहरूको विरोधी हो। उसले परमेश्वरको राज्यको प्रगतिलाई मौका पाएपछि रोकिहाल्छ। शैतानले यसलाई जानी-जानी, तीब्र इच्छाले र छलले गर्छ। त्यो शक्तिशाली छ तर त्यसको शक्ति सीमित छ। त्यो शक्तिशालीभन्दा पनि छली छ। त्यो झूटको पिता हो।

शैतान र सांसारिक तरीका ख्रीष्टियानको शत्रु हो। सांसारिक प्रणालीमा कुनै पनि धार्मिकता छैन। यो छल, दमन र अन्यायमा स्थापित भएको छ। यो बटारिएको प्रणाली हो, जहाँ मानिसहरूले खराबलाई असल र असललाई खराब भन्छन्। यो प्रणाली परिपूर्तिविनाको प्रतिज्ञा र सत्यताविनाको ज्ञान हो। यो परमेश्वर र उहाँको बालकको विरुद्धको प्रणाली हो। यस प्रणालीले परमेश्वरका पुत्रलाई इन्कार गरी उहाँलाई क्रूसमा टाँगेको थियो, किनभने उहाँ धर्मी हुनुहुन्थ्यो। उहाँको धार्मिकताले यस्तो परिपाटीलाई घृणा गरेको थियो।

**तपाईंको अभ्यासको निम्ति**

७ योआनेस १५:१८-२० पढ्नुहोस् र तलको खण्डलाई पूरा गर्नुहोस्। संसारले आफूलाई घृणा गर्छ भनी ख्रीष्टले आफ्ना चेलाहरूलाई बताउनुभयो। तिनीहरूलाई पनि संसारले घृणा गर्नेछ भनी उहाँले तिनीहरूलाई चेताउनी दिनुभयो, किनभने

...............................................................................

परमेश्वरको बालकले उहाँको इच्छा पछ्याउन शुरू गर्दा उसले के कुराको आशा गर्न सक्छ? बाङ्गोटिङ्गो वातावरणमा ऊ जिउँछ र सीधा बाटो हिँड्ने कोशिश गर्छ। अँध्यारोमा ऊ ज्योतिको पछि हिँड्न चाहन्छ। संसारको परिपाटीसँग मिलापमा रहेर जिउनु परमेश्वरको इच्छा होइन भनी बाइबलले हामीलाई बताउँछ। यी दुइ युद्ध, झगड़ा, विरोध र बेमिलापमा छन्। ख्रीष्टले भन्नुभयो, "संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु! (योआनेस १६:३३)।

हामीले परमेश्वरको इच्छा गुमाएका छौं कि भनी कठिनाइहरूले हामीलाई चकित पार्नुको सट्टा ख्रीष्टको प्रतिज्ञाअनुसार हामी ख्रीष्टकै इच्छामा छौं भनी यसले हामीलाई स्पष्टरूपमा सङ्केत दिन्छ। दुष्टताको परिपाटी र हाम्रो आफ्नै धार्मिक जीवनको बीचमा भएको विरोधको कारणले यदि कठिनाइ आएको हो भने यो विशेष रूपमा सत्य ठहरिन्छ।

लूकास ६:२०-२३ पदहरूमा चेलाहरूलाई दिइएको उत्साहलाई ध्यान दिनुहोस्। तिनीहरू कठिनाइहरूद्वारा पनि उत्साहित हुनुपर्थ्यो! यसको साथसाथै २४-२६ पदहरूमा दिइएका चेताउनीहरूलाई पनि ध्यान दिनुहोस्। सांसारिक परिपाटीको मान्यता प्राप्त गर्ने कुरासँग यी चेताउनीहरू सीधै रूपमा सम्बन्धित छन्।

**तपाईंको अभ्यासको निम्ति**

**८** लूकास ६:२०-२६ पढ्नुहोस्। बायाँपट्टि दिइएको प्रत्येक अनुभवलाई दायाँपट्टि दिइएको नतीजासँग जोड़ा मिलाउनुहोस्।

__**क**) गरीबी — १) आनन्दित नतीजा

__**ख**) धन — २) डरलाग्दो नतीजा

__**ग**) सबै मानिसहरूबाटको स्वीकार

__**घ**) विलाप

__**ङ**) मानिसहरूको घृणा

कठिनाइहरूले हामीलाई उत्साह दिन सक्छन्। हामी परमेश्वरका इच्छामा छौं र हामीले उहाँको इच्छालाई गुमाएका छैनौं भनी वास्तवमा तिनीहरूले हामीलाई सङ्केत दिन्छन्।

**विजयताका निम्ति मौकाहरू**

दोस्रो कुराचाहिँ कठिनाइहरूले विजयताका निम्ति हामीलाई मौका दिन सक्छन्। सांसारिक परिपाटी र संसारमा नै भएको कारणबाट नै हामीमाथि सङ्कष्ट आइपर्छ। तर ख्रीष्टले यस सांसारिक परिपाटीलाई जितिसक्नुभएको छ।

परमेश्वरको इच्छा पूरा गर्नलाई कठिनाइहरू र विरोधहरूले असम्भव तुल्याउन सक्दैनन्। समस्याहरूलाई जित्न सकिन्छ। तिनीहरूले त विजयतालाई सम्भव तुल्याउँछन्, किनभने विजयता प्राप्त गर्नको लागि विरोध हुनु आवश्यक नै छ। हामीले ख्रीष्टद्वारा विजयता र विजयताभन्दा पनि अझै महान् कुरा प्राप्त गरेका छौं।

मानिसका शत्रुहरू र उसका मित्रुहरू हेरेर उसको चरित्रलाई बुझ्न सकिन्छ। संसारको मित्रु हुनुचाहिँ परमेश्वरको शत्रु हुनु हो भनी बाइबलले बताउँछ (याकूब ४:४)। यसको अर्थ यही नै हुन्छ कि यदि हामी परमेश्वरका मित्रहरू हौं भने संसारका चाहिँ शत्रुहरू हौं।

विजय प्राप्त गर्ने व्यक्तिले हारेको शत्रुको मान्यता खोज्छ र? हामी पनि सांसारिक परिपाटीको सहयोग र मान्यताको

खोजी गरेर हाम्रो ध्यान परमेश्वरमा लगाउने अनुशासनलाई गुमाउन चाहँदैनौं। यसको विपरीत, यसमाथिको विजयताको अनुभवले परमेश्वरको पछि लाग्नको निम्ति हामीलाई नयाँ निश्चयता प्रदान गर्छ।



**तपाईंको अभ्यासको निम्ति**

६ प्रकाश ३:२१ पढ्नुहोस्। ख्रीष्टको सिंहासनमा उहाँसँग बस्नको लागि उहाँले कसलाई प्रतिज्ञा गर्नुभएको छ?

..................................................................

## विरोधबाट निश्चयता

तेस्रो कुराचाहिँ, हामीले परमेश्वरलाई खुशी पार्ने कोशिश गरिराखेका छौं भनी कठिनाइहरूले हामीलाई निश्चयता दिन्छन्। शैतान र सांसारिक परिपाटीसँग भएका समस्याहरू र कसरी ती समस्याहरू उत्साहका स्रोत बन्न सक्छन् भन्ने कुरा हामीले उल्लेख गरिसकेका छौं। हामीले कठिनाइहरूको सामना गर्ने तेस्रो क्षेत्र पनि छ। बाइबल पवित्रशास्त्रमा यसलाई "मानव-स्वभाव", "पापपूर्ण स्वभाव," वा "शरीर" भनिन्छ। यो शारीरिक शरीर नै होइन। संसारले दिने कुराको इच्छा गर्ने र त्यससँगै सहमति हुने हाम्रो स्वभावकै यो एक भाग हो।

शैतानलाई शत्रुका रूपमा पाउनु हाम्रा लागि अति नै खराब हो। यसको साथसाथै हामी पतित संसारमा यसले उत्पादन गरेको

परिपाटीमा जिउँछौं। तर अझै ठूलो कठिनाइचाहिँ हामी हाम्रो मानव-स्वभाव अर्थात् परमेश्वरको शत्रुसँग सहमति भएका छौं। हामी यसबाट आफूलाई छोड़पत्र गर्न सक्दैनौं। हामीले यसलाई जित्नैपर्छ। जित्नको निम्ति युद्ध हुनैपर्छ।गलाती ५ अध्यायले शरीरका कामहरू वा मानव-स्वभावको सूची दिएको छ। यो सूची पूरा त छैन, तर यसले आवश्यकीय नामहरू उल्लेख गरेको छ र यसरी यहाँ उल्लेख नगरिएका अन्य कामहरूलाई पनि हामी थाहा गर्न सक्छौं।

शरीर वा पाप-स्वभावको विरोधबाट हामी कसरी उत्साहित हुन सक्छौं? शरीर र परमेश्वरका आत्माको बीचमा निरन्तर युद्ध छ भनी जान्नाले हामीलाई यस कुराको निश्चयता हुन्छ कि, हामीले शरीरको पछि लाग्न इन्कार गऱ्यौं भने, परमेश्वरलाई खुशी पारेका हुन्छौं। शरीरले शरीरसँग युद्ध गर्दैन। युद्धचाहिँ शरीर र आत्माको बीचमा हुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**१०** कठिन परिस्थितिहरूको सामनाको हाम्रो अनुभवबाट प्राप्त हुने केही मूल्य वा फाइदाहरूका बारेमा हामीले अध्ययन गरिसकेका छौं। यी कठिनाइहरू आउने कारणहरूका बारेमा पनि हामीले अध्ययन गरेका छौं। तल दिइएको १ र २ शब्द समूहलाई तलका बयानहरूसँग जोड़ा मिलाउनुहोस्।

१ ) कठिनाइको मूल्य

२ ) कठिनाइको कारण

___**क**) हाम्रा आफ्नै सीमितपनालाई छोड़ेर ख्रीष्टलाई हेर्नको निम्ति कठिनाइहरूले हामीलाई सहायता गर्छन्।

___**ख**) शैतान, संसार र यसको परिपाटीको शत्रु ख्रीष्ट हुनुहुन्छ।

___**ग**) आत्माले शरीरसँग युद्ध गर्छ।

___**घ**) हामीले संसारलाई घृणा गर्‍यौं भने हामी परमेश्वरका हौं भन्ने कुराको निश्चयता हुन्छ।

___**ङ**) हामीले पाप-स्वभावको को विरोध गर्‍यौं भने यसले हामीलाई यही कुराको निश्चयता दिन्छ कि हामीलें यस स्वभावलाई इन्कार गरेका छौं र परमेश्वरलाई खुशी पार्ने कोशिश गर्छौं।

परमेश्वरको योजना पछ्याउनको निम्ति तपाईंलाई सहायता पुर्‍याउन परमेश्वरले कठिन परिस्थितिहरू प्रयोग गर्न सक्नुहुन्छ। तिनीहरूले तपाईंको विश्वासलाई बढ़ाउन सहायता गर्छन्। परमेश्वरमा भरोसा गर्नको निम्ति सिक्न तिनीहरूले तपाईंलाई सहायता गर्छन्। विजयताको निम्ति तिनीहरूले मौकाहरू उपलब्ध गरिदिन्छन्। ख्रीष्टले प्रतिज्ञा गर्नुभएका कुराहरूलाई विचार गर्नुहोस्– क्रूस, युद्ध, दौड, संसारद्वारा तिरस्कार, परीक्षा र सङ्कष्ट। तर उहाँले अझै प्रतिज्ञा गर्नुभएको कुरालाई विचार गर्नुहोस्– विजयता, मुकुट, सिंहासन, सेतो पोशाक र पिताबाटको स्वीकार। "तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ" (याकूब १:२)।

अब तपाईंले पहिला चार पाठहरूलाई सिध्याउनुभएको छ र तपाईंको विद्यार्थी-प्रतिवेदनको पहिलो खण्डका उत्तरहरू दिन तयार हुनुभएको छ। पाठ १-४-लाई दोहोर्‍याउनुहोस् र उत्तर-पृष्ठ भर्दा तपाईंको विद्यार्थी-प्रतिवेदनको अन्तिम पृष्ठमा दिइएको ठेगानामा तपाईंको उत्तर पृष्ठ फर्काई पठाउनुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

६. ख) हामीले पूरा रूपमा परमेश्वरमा भरोसा गर्नुपर्ने आवश्यकता सृजना गरेर

१. **क**) शैतानले पत्रसलाई परीक्षा गर्नेछ भनी येशूले भन्नुभयो।
**ख**) पत्रसले उहाँलाई तीन पल्ट इन्कार गर्नेछन् भनी उहाँले तिनलाई भन्नुभयो।
**ग**) येशूलाई चिन्दिनँ भनी आफूले कहिल्यै नभन्ने कुरा पत्रसले बताए।
**घ**) पत्रसले तीन पल्टसम्म येशूलाई चिन्दैचिन्दिनँ भने। (तपाईंका उत्तर पनि यस्तै हुनुपर्छ)।

७. तिनीहरू उहाँका हुन् र संसारका होइनन् (वा यस्तै उत्तर)।

२. हामी सिद्ध र पूर्ण हुन्छौं (वा यस्तै उत्तर)।

८. **क.** १) आनन्दित नतीजा
**ख.** २) डरलाग्दो नतीजा
**ग.** २) डरलाग्दो नतीजा
**ङ.** १) आनन्दित नतीजा

३. ग) ...परमेश्वरमा भरोसा राख्ने कुरा दाऊदले सिकिसकेका थिए।

९. विजयता प्राप्त गर्नेहरूका लागि।

४. क) ... शक्तिलाई देखाउनु आवश्यक छ।
घ) ... ठूला चुनौतीहरू पूरा गर्न सक्छौं।

१०. **क.** १) कठिनाइको मूल्य

**ख.** २) कठिनाइको कारण
**ग.** २) कठिनाइको कारण
**घ.** १) कठिनाइको मूल्य
**ङ.** १) कठिनाइको मूल्य

**५. क)** भोकाएको ठूलो मानिसको भीड़ त्यहाँ थियो।
**ख)** "तिनीहरूलाई केही खान देओ" (पद २७)।
**ग)** पाँच रोटी र दुइ माछाहरू
**घ)** उहाँले खानेकुरालाई आशिष् दिनुभयो र मानिसहरूलाई बाँड़िदिनका निम्ति उहाँले आफ्ना चेलाहरूलाई दिनुभयो।
**ङ)** सबैले पेटभरि खाए।
(तपाईंका उत्तरहरू यस्तै हुनुपर्छ)।



### तपाईंको अभ्यासको निम्ति

**६** तपाईंले यस पाठको अध्ययनलाई समाप्तिमा ल्याउँदैहुनुहुन्छ, अब तपाईंको बाइबलमा १ योआनेस ३:१-३,९-१० भेट्टाई पढ्नुहोस्। तब आफ्नो अभ्यास-पुस्तिकामा तलका प्रश्नहरूका उत्तर लेख्नुहोस्।
**क)** हाम्रो आशा के हो (पद २)?
**ख)** हामीले किन पाप गरिरहनुहुँदैन?

पाठ ५

# के ख्रीष्टियान हुँदैमा पुगिहाल्छ

. . . मैले मेरा कामहरूलाई विचार गर्नैपर्छ होला।

लोक बहादुरको व्यापार सफलतासाथ वृद्धि भइरहेको थियो। उनी कड़ा परिश्रम गर्थे र आफ्ना कामदारहरूबाट पनि त्यस्तै परिश्रमको आशा गर्थे। अल्छीपनालाई उनी सहनै सक्दैनथे र आफ्नो काम पूरा नगर्ने कामदारलाई हप्काउन उनी हिचकिचाउँदैनथे। लोक बहादुर ख्रीष्टियान थिए।

उनी आफ्नो एकलेसियामा पनि सक्रिय थिए र आफूले गरेको काम र व्यापारहरूजस्तै एकलेसियामा भएको उनको जिम्मेवारीप्रति पनि उनी जोशिला थिए। उनको काम गर्ने तरीकालाई अन्य ख्रीष्टियानहरूले नरुचाएको उनले महसूस गरे। प्रचार गरिएका उपदेशहरूले उनका कामको विरोध गरेको जस्तो देखिन्थ्यो तर उनका कामले उत्पादन गरेका नतीजाहरूचाहिँ प्रशंसायोग्य देखा पर्थे। आफ्ना कामहरू ठीक छन् भनी लोक बहादुरले दाबी गरे तापनि आफूभित्रचाहिँ ती कामहरूप्रति कहिले-कहीँ असन्तोष भएको उनले महसूस गर्थे। एउटा कुरामा चाहिँ उनी निश्चित नै थिएः समाधान नभएको युद्ध आफूभित्र छँदैछ।

*मेरो साँचो व्यक्तित्व के हो भनी* तपाईं आफैले आफैलाई प्रश्न गर्नुभएको होला। *बाइबलले भनेको जस्तो व्यक्ति म छु कि*



*वा आफूले विचार गरेको जस्तो व्यक्ति म छु?* हामी के हौं भनी बुझ्नलाई बाइबलको अध्ययनबाट पनि हामीलाई कठिन हुन सक्छ। हामी सेनाहरू हौं कि मिलाप गराउनेहरू हौं? साहसी वा नम्र? धैर्य वा प्रगतिशील। *हामी के हौं भनी* बाइबलले बताएको विचारसँग हाम्रो आफ्नै अनुभव र कार्यहरूलाई हामी यस पाठमा तुलना गर्नेछौं। परमेश्वरले महत्त्वपूर्ण ठान्नुभएको कुरालाई हामी पत्ता लगाउनेछौं। परमेश्वरले हामीलाई जे भएको चाहनुहुन्छ वास्तवमा सो हामी कसरी बन्न सक्छौं भन्ने विषयमा हामी अध्ययन गर्नेछौं। हाम्रो साँचो लक्ष्य नै यही हो।

**यस पाठमा तपाईंले यी विषयहरूमा अध्ययन गर्नुहुनेछ. . .**

परमेश्वरले हामीलाई कसरी हेर्नुहुन्छ
परमेश्वरलाई के महत्त्वपूर्ण छ
परमेश्वरका आशाहरूलाई पूरा गर्नु

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- परमेश्वरले हामीलाई हेर्ने तरीकालाई वर्णन गर्न।

- खीष्टको कार्य र यसप्रति हाम्रो प्रतिउत्तरको महत्त्वलाई व्याख्या गर्न।
- परमेश्वरले हामीबाट आशा राख्नुभएको कुरालाई हामी पूरा गर्न सक्छौं भन्ने कारण दिन।

## परमेश्वरले हामीलाई कसरी हेर्नुपर्छ

उद्देश्य १ *परमेश्वरले हामीलाई कसरी देख्नुहुन्छ भन्ने वर्णनलाई छान्नुहोस्।*

परमेश्वरले हामीलाई कसरी देख्नुहुन्छ भनी पत्ता लगाउने कोशिश गर्दा, हाम्रो विषयमा बाइबलले जे भन्छ त्यसलाई विचार गर्दै शुरू गरौं।

### बाइबलले के भन्छ

हामी "खीष्टमा" के छौं भन्ने बारेमा खीष्टियानहरूले कुराकानी गरेको हामीले सुनेका हौंला। यो दन्त्यकथा वा काल्पनिक भाषाजस्तै देखिन्छ। तर वास्तवमा बाइबलले हाम्रो स्थानको बारेमा उल्लेख गरेको छ।

स्वर्गीय संसारमा हामीसँग आशिष् छ भनी एफिसी १ अध्यायमा हामीलाई बताइएको छ (पद ३)। हामी पवित्र र निष्कलङ्क छौं (पद ४)। परमेश्वरको उद्देश्य र निर्णयको कारणले नै हामी परमेश्वरका सन्तान हुनलाई छानिएका छौं (पद ११)। हामी खीष्टसँगै जीवित पारिएका छौं र उहाँसँग स्वर्गीय स्थानहरूमा उठाइएका छौं (पदहरू ५-६)। हामी जे छौं सो परमेश्वरले नै हामीलाई बनाउनुभएको हो (पद १०), र परमेश्वरका जनहरूसँगै हामी सङ्गी-नागरिकहरू र उहाँका घरानाका सदस्यहरू हौं (पद १९)।

१ पत्रस २:९-मा हामी यी नै विचारहरू भेट्टाउँछौं। हामी चुनिएका वंश, राजकीय पूजाहारीगिरी र पवित्र जाति हौं भनी त्यहाँ हामी पढ्न सक्छौं। यी वर्णनका साथसाथै त्यहाँ अन्य धेरै वर्णनहरू छन्। यसभन्दा उत्तम नाम वा उपाधि अरू के हुन सक्छ र?



**तपाईंको अभ्यासको निम्ति**

**१** तल दिइएको प्रत्येक पदलाई पढ्नुहोस्। हामी "ख्रीष्टमा" के हौं भनी अर्को वर्णन दिने पदको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) एफिसी २:२२
**ख**) एफिसी ४:१
**ग**) एफिसी ४:१७

## हामी के अनुभव गर्छौं

हाम्रो वास्तविक अनुभवमा हामी संघर्ष नै भेट्टाउँछौं। हामीलाई थकाइ, भोक र तीर्खा लाग्छ। हाम्रा योजनाहरू र सपनाहरू छन्। हामीले भित्रपट्टि प्रेरणा पाएको र बाहिरपट्टि आकर्षित भएको अनुभव गर्छौं। पाप गर्ने परीक्षा हटाइएको हुँदैन। एक क्षेत्रमा हामीले विजयता हासिल गरेका छौं भन्ने विचार गर्दागर्दै अर्को क्षेत्रमा युद्ध सरेको हामी देख्छौं।

परमेश्वरका बालकको हैसियतले हामीहरूमध्ये कति जनाले अरू विश्वासीहरूसँग आफैलाई मिलापमा रहेको पाउँदैनौं। हामी डर, विद्रोह र निराशको अनुभव गर्छौं। परमेश्वरले अर्थसहित दिनुभएका नामहरूले आकाश हुन्छन्जस्तो हामीलाई लाग्छ। हामीहरू सबैलाई हाम्रा सीमितपनाको बारेमा स्पष्टै थाहा छ, र तिनीहरू आकाशसँगभन्दा पृथ्वीसँग अझै नजीकतामा सम्बन्धित छन्।

हाम्रा कार्यहरू हाम्रा स्वर्गीय स्वभावबाटभन्दा हाम्रा पार्थिव स्वभावबाट आउनेजस्तो देखिन्छ। एक पल्ट प्रार्थना गर्दा हाम्रा सबै समस्याहरूको समाधान हुने भएता अति नै सजिलो हुनेथियो। तर हाम्रा प्रार्थनाहरूले हाम्रा समस्याहरूलाई समाधान नै नगरेको पो हामी भेट्टाउँछौं। हामी अझै पनि परीक्षा र निराशाको सामना गर्दैछौं।

हाम्रो जीवनको निम्ति परमेश्वरको योजना पत्ता लगाउनलाई यी सबै कठिनाइहरूले हामीलाई कसरी सहायता पुऱ्याउँछन्? शिक्षक, पास्टर वा डाक्टर हुने जस्ता पेशागत "जीवन" निर्णयहरू बनाउन सजिलै हुन्छ। तर हामीप्रति भएको परमेश्वरको इच्छामा जीवन धान्ने निर्णयहरू बनाउनेभन्दा पनि अझै महत्त्वपूर्ण कुरा समावेश गरिएको छ। यसमा हाम्रा सबै कार्यहरू समावेश गरिएका हुन्छन्। हामीले गर्नैपर्छ भनी *जानिसकेको कुरालाई कसरी* गर्नुपर्छ भनी पत्ता लगाउनु नै वास्तविक कठिनाइ हो।

महत्त्वपूर्ण नभएको कुराहरूलाई हामी महत्त्वपूर्ण स्थानमा राख्छौं र महत्त्वपूर्ण कुराहरूचाहिं महत्त्व नै नभएको जस्तो गरी तिनीहरूसँग व्यवहार गर्छौं। हाम्रा सम्बन्धहरू अस्पष्ट बन्छन्। हामी दोहोरो मनका छौं भन्ने कुरा हाम्रा लक्ष्यहरूले देखाउँछन्। हाम्रा दैनिक निर्णयहरू असल नभएका हुनाले नै जीवन निर्णयहरू बनाउन हामीलाई समस्या हुन्छ।

यदि हाम्रा स्वभाव, कार्य, लक्ष्य वा इच्छाहरूमा त्यति प्रभाव परेको छैन भने ख्रीष्टमा भएको हाम्रो स्थानको बारेमा जान्नु मात्र पर्याप्त हुँदैन भन्ने कुरा स्पष्ट छ।

**तपाईंको अभ्यासको निम्ति**

२ तपाईं ख्रीष्टमा जे हुनुहुन्छ त्यसअनुसार जिउनको निम्ति तपाईंले आफ्नो जीवनको कुनै क्षेत्रमा कठिनाइको महसूस गर्नुभएको होला। बायाँपट्टि दिइएको बयानसँगको खाली ठाउँमा लेखिएको "छैन", "कोही", र "धेरै"-को मुनि (X) चिन्ह लेख्नुहोस्। यदि समस्यै छैन भने "छैन"-को मुनि, यदि केही समस्या छ भने "*केही*"-को मुनि र ठूलो समस्या छ भने "धेरै"-को मुनि (X) चिन्ह लेख्नुहोस्। तपाईंले निरन्तर रूपमा अध्ययन गर्दै जानुहुँदा तपाईंले उल्लेख गर्नुभएका समस्याहरूलाई समाधान गर्नको लागि तपाईंलाई बाटो देखाउन परमेश्वरसँग बिन्ती गर्नुहोस्।

| | छैन | केही | धेरै |
|---|---|---|---|
| मूल्यवान् लक्ष्यहरूतर्फ अगाडि बढ्नु | | | |
| स्वार्थी प्रेरणाहरूमाथि विजयी हुनु | | | |
| ठीक निर्णयहरू बनाउनु | | | |
| परीक्षाहरूसँग व्यवहार गर्नु | | | |
| अरूहरूसँग ठीक सम्बन्ध राख्नु | | | |
| महत्त्वपूर्ण विषयहरूमा ध्यान दिनु | | | |

**परमेश्वरले के देख्नुहुन्छ**

केटाकेटीहरू बढ़िसकेपछि, आमा-बाबुहरूले आफ्ना छोराछोरीहरूका शुरूका वर्षहरूका असल दिनहरूलाई मात्र सम्झना गर्छन्। नसुती बसेका रातहरू, बाल्यकालका रोगहरू, छाद्ने, छेर्ने र सबै किसिमका 'दुःखदायी' समयको अनुभव गर्दै तिनीहरूलाई हुर्काउने कठिनाइहरूचाहिँ बिर्सिएका हुन्छन्। नजीकता र प्रेमका घड़ीहरूलाई मात्र याद गरिन्छ। तालीम दिन अति नै कठिन भएको बालकलाई अब त स्वर्गदूत नै हो कि जस्तो गरी सम्झना गरिन्छ। के परमेश्वरले पनि हामीलाई यसै गरी हेर्नुहुन्छ त? के उहाँले पक्षपाती आँखाद्वारा हेर्नुहुन्छ? अवश्य पनि यसरी हेर्नुहुन्न! परमेश्वरको धार्मिकताको स्तर पूर्ण र पक्षपातरहित छ। उहाँले हामीलाई "सन्तहरू", "आफ्नै सन्तानहरू", "पूजाहारीहरू" भन्नुहुन्छ।

उहाँले हामीलाई हेर्नुहुँदा के देख्नुहुन्छ?

परमेश्वरले हामीलाई हेर्नुहुँदा हामी जस्तो छौं त्यस्तै हामीलाई देख्नुहुन्छ। उहाँले हाम्रा स्वाभाविक रुचिहरू देख्नुहुन्छ, जुनचाहिँ पाप होइनन् तर विजय प्राप्त गर्नको लागि जीवनभरि नै युद्ध गर्नुपर्ने पुराना वा पापपूर्ण स्वभावलाई पनि उहाँले देख्नुहुन्छ। असल शुरू आशा नगरिएका नतीजाहरूमा पुगेर अन्त भएको पनि उहाँले देख्नुहुन्छ।

जल-प्रलयमा बाँचिन्छ भन्ने विश्वास भएका नोआलाई परमेश्वरले देख्नुभयो (उत्पत्ति ७:६-१०) र उनी मद्यले मात्तिएको अवस्थामा पनि उहाँले उनलाई देख्नुभयो (उत्पत्ति ९:२०-२१)। उहाँले मोशालाई उनको विश्वासमा देख्नुभयो (प्रस्थान १४:१३-१४) र उनले पहरामा हिर्काउँदा उनको रीस र अधैर्यलाई पनि देख्नुभयो (गन्ती २०:११-१२)। दाऊदले प्रशंसा र आराधनाका महत्त्वपूर्ण भजनहरूलाई लेखेका उहाँले देख्नुभयो (२ शमूएल २२; भजन १८), र उहाँले

दाऊदलाई बेतशेबासँग पनि देख्नुभयो (२ शमूएल ११)। उहाँले पत्रसलाई अस्थिर (मतियोस १६:१७; लूकास २२:५४-६२) र पौलसलाई मर्कूससँग अधैर्य भएको देख्नुभयो (प्रेरित १५:३७-४०)। ख्रीष्ट सङ्कष्टमा भएर जाँदा बाह्र चेलाहरूमध्ये कोचाहिँ उहाँप्रति विश्वासयोग्य थिए त? कोही पनि विश्वासयोग्य थिएन! उहाँले एकलै सङ्कष्ट भोग्नुभयो (मतियोस २६:५६)।

अपसिद्ध, असफल सन्तहरू। तर अझै पनि सन्तहरू नै!

हामीले बाइबलमा पढ़ेका मानिसहरूका बारेमा परमेश्वरले जसरी देख्नुभयो त्यसै गरी उहाँले हामीलाई पनि स्पष्टसँग देख्नुहुन्छ। तिनीहरूका जस्तै गरी हाम्रा जीवनलाई पनि यदि स्पष्टरूपमा उल्लेख गरिएको भए, यही नमूना नै देखिन्थ्यो। यसलाई उहाँले पूरै देख्नुहुन्छ।

### तपाईंको अभ्यासको निम्ति

**३** परमेश्वरले हामीलाई कसरी देख्नुहुन्छ भनी पूर्ण रूपमा वर्णन गर्ने बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) हामी ख्रीष्टसँगै बौरिउठेका छौं र परमेश्वरका सन्तान हौं। पूजाहारीहरू र परमेश्वरको परिवारमा सङ्गी-नागरिकहरूको स्थान हामीले पाएका छौं।

**ख**) परमेश्वरका हुनको निम्ति उहाँद्वारा चुनिएका पवित्र जाति हामी नै हौं। तरै पनि हामीमा असफलता र अस्थिरताका समयहरू छँदैछन्।

**ग**) हामी मानव हौं र असफल हुन सक्छौं। हामीसँग निराशाका समयहरू छन् र अरूहरूसँगको हाम्रो सम्बन्ध प्रायःजसो ठीक हुँदैन।

## परमेश्वरलाई के महत्त्वपूर्ण छ

उद्देश्य २ *परमेश्वरले सबैभन्दा महत्त्वपूर्ण ठहराउनुभएको बयानलाई परिचित गर्नुहोस्।*

हामी को हौं भन्ने बारेमा बाइबलले जे भनेको छ हाम्रा दैनिक अनुभवका वास्तविकताहरूलाई हामीले विचार गरिसकेका छौं। तर परमेश्वरलाई के कुरा महत्त्वपूर्ण छ त? सन्तहरूका हैसियतले हाम्रा स्थानमा वा हाम्रा व्यवहारमा कहाँचाहिँ उहाँले महत्त्व दिनुहुन्छ?

यस प्रश्नको उत्तर स्पष्टसँग दिन सकिन्छ। यस उत्तरमा दुइवटा पक्षहरू समावेश गरिएका छन्, जसलाई याद गर्नु आवश्यक छ।

### ख्रीष्टको कार्य

येशू ख्रीष्टको काम अर्थात् उहाँको धार्मिकता, उहाँको सिद्धता र उहाँको आज्ञाकारितामा परमेश्वरले सबैभन्दा उच्च मूल्य राख्नुहुन्छ। पवित्रशास्त्र बाइबल र कारणले यसलाई स्पष्टसँग सङ्केत गर्छन्।

मुक्तिको सन्देश यही नै हो कि हामी पापी छँदैमा ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। उहाँले हामी अधर्मीलाई *परमेश्वरकहाँ* ल्याउनका निम्ति धर्मी भएर यसो गर्नुभएको थियो। कारणचाहिँ उहाँ नै हुनुहुन्छ र हामी परमेश्वरकहाँ आउनुचाहिँ यसको असर हो। *उहाँको* धार्मिकताले हाम्रो धार्मिकतालाई उत्पादन गरेको हो।

यसरी जब परमेश्वरले हामीलाई सन्तहरू भन्नुहुन्छ (र हामीहरू आफैंचाहिँ सन्त भएको जस्तो अनुभव गर्दैनौं), उहाँले हाम्रो भूटा रूप देख्नुभएको होइन। उहाँले प्रक्रियाको अन्तिम

नतीजालाई हेरिरहनुभएको छ– जसको कारण स्पष्ट र पूर्ण छ र यसको असरचाहिँ पूर्ण तवरले निश्चित गरिसकिएको छ। उहाँ सीमित हुनुहुन्न र कुनै नयाँ ज्ञान थपिनुपर्ने आवश्यकता उहाँमा छैन। उहाँले शुरूबाट नै अन्त देख्नुहुन्छ। उहाँले शुरूमा नै अन्त देखिसक्नुभएको छ।



**तपाईंको अभ्यासको निम्ति**

४ परमेश्वरले साँच्चै नै हामीलाई "सन्तहरू" वा "पवित्र जनहरू" भन्न सक्नुहुन्छ, किनभने
- **क**) हामी उहाँको सेवा गर्न चाहन्छौं भन्ने कुरा उहाँलाई थाहा छ।
- **ख**) उहाँले हाम्रा भूल र असफलताहरूलाई देख्नुहुन्न।
- **ग**) हामी के बन्छौं भन्ने कुरा उहाँले देख्नुहुन्छ।

हाम्रो मुक्तिको कारण विचार गर्दा हामीलाई पुनः निश्चयता प्राप्त हुन्छ। परमेश्वरको योजनामा ख्रीष्टको कार्य (व्यक्ति)-को महत्त्वलाई कलस्सी १:१५-२७-ले स्पष्टसँग उल्लेख गरेको छ। ख्रीष्टले हामीलाई छुटकारा दिनुभएको छ। हाम्रो उद्धार उहाँमा छ। उहाँचाहिँ अदृश्य परमेश्वरका दृश्य रूप हुनुहुन्छ। उहाँ सबै थोकका सृष्टिकर्ता हुनुहुन्छ। सबै थोक हुनुभन्दा पहिल्यै उहाँ हुनुहुन्थ्यो र उहाँले सबै थोकलाई कायम राख्नुहुन्छ। परमेश्वरले देख्नुहुने कुराहरूसहित सबै थोकमा उहाँको *पहिलो स्थान* (प्राथमिकता) छ। वास्तवमा कारणचाहिँ उहाँ नै हुनुहुन्छः

"ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ... र तिमीहरूले परमेश्वरको महिमामा भाग पाउनेछौ" (कलस्सी १:२७)।

**तपाईंको प्रतिउत्तर**

कारणको नतीजा (ख्रीष्ट र उहाँको कार्य) निश्चित गरिएको छः सन्तपन पूरा भएको छ, परमेश्वरका सन्तानको महिमा प्रकट भएको छ! (रोमी ८:१६; १ योआनेस ३:१-२)। प्रक्रियाका लागि चाहिने समयलाई यदि विचार गरिएन भने (किनभने परमेश्वर यसको अधीनमा हुनुहुन्न), कारण र असर एकैसाथ पूरा हुन्छ। यसको अर्थ यही नै हो कि, परमेश्वरको दृष्टिमा हामी जे हुनेछौं सो अहिले नै छौं।

निश्चयता अति नै *महान्* छ, यद्यपि तपाईंको भाग पनि महत्त्वपूर्ण छ। ख्रीष्टको कार्यमा थपेको कारणले होइन तर प्रक्रियामा रहिरहनुभएको कारणले नै तपाईं महत्त्वपूर्ण हुनुहुन्छ (कलस्सी १:२३)।

**तपाईंको अभ्यासको निम्ति**

**५** मानिलिऔं तपाईंले चिन्नुहुने विश्वासीले तपाईंलाई यो प्रश्न गर्नुभयोः *परमेश्वरले के कुरालाई सबैभन्दा महत्त्वपूर्ण ठान्नुहुन्छ? ख्रीष्टले मेरो निम्ति के गर्नुभएको छ वा उहाँको काममा म कसरी प्रतिउत्तर दिन सक्छु?* सबैभन्दा उत्तम जवाफको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) परमेश्वरले ख्रीष्टको कामलाई धेरै महत्त्वपूर्ण ठान्नुहुन्छ, किनभने हाम्रो मानव कमजोरीले हामीलाई प्रक्रियामा भाग लिन अयोग्य बनाउँछ भन्ने कुरा उहाँलाई थाहा छ। यसको अर्थ यही हुन्छ कि हाम्रो प्रतिउत्तर त्यत्ति

महत्त्वपूर्ण छ भनी परमेश्वरले ठान्नुहुन्न।

**ख**) परमेश्वरले विभिन्न किसिमले दुवैलाई महत्त्वपूर्ण ठान्नुहुन्छ। कारणको रूपमा ख्रीष्टको काम महत्त्वपूर्ण छ भनी उहाँले ठान्नुहुन्छ। हाम्रो प्रतिउत्तर पनि महत्त्वपूर्ण छ, किनभने प्रभाव देखिनको निम्ति हामी प्रक्रियामा रहनैपर्छ।

परमेश्वरले हामीलाई के भनी बोलाउनुहुन्छ र हामी आफैले आफैलाई के देख्छौं सो भिन्नता हामीले देखिसकेका छौं। हाम्रो लक्ष्य स्पष्ट छ– उहाँको कारण र योजना हामीमा पूरा भएको छ। तर अब परमेश्वरले हामीलाई जसरी हेर्नुभएको छ सो हाम्रो अनुभवमा पनि सत्य बनाउनलाई हामी उहाँसँग कसरी एकैसाथ काम गर्न सक्छौं सो हामीले पत्ता लगाउनैपर्छ। हामी सन्तहरू कसरी सन्त बन्न सक्छौं हामीले पत्ता लगाउनैपर्छ।

## परमेश्वरका आशाहरूलाई पूरा गर्नु

उद्देश्य ३ *हामी जे भएका परमेश्वर चाहनुहुन्छ सो हामी कसरी बन्न सक्छौं भनी कारण दिने बयानहरूलाई चिन्न सक्नु।*

*हाम्रो निम्ति भएको परमेश्वरको योजनालाई हामी दैनिक रूपमा कसरी छान्न सक्छौं* भनिने यस प्रश्नको उत्तर पत्ता लगाउने कोशिश गर्दा कुशित, ख्रीष्टियान अनुभवको युद्ध, अनिश्चयता, ख्रीष्टियान जीवनका तनावहरूजस्ता कुराहरू प्रकट हुन्छन्।

नयाँ करारका प्रायःजसो अर्तीहरू यसै प्रश्नसँग सम्बन्धित छन्। हामी कसरी ख्रीष्टियान *बन्न सक्छौं* भनी बताउने खण्डहरू छोटा छन्। ख्रीष्टियान भएर कसरी जिउनुपर्छ भनी हामीलाई बताउने खण्डहरूचाहिँ लामा छन्।

परिवर्तन गर्ने क्षमता बलका दुइ आधारभूत भण्डारहरूबाट आउँछन्। पहिलोचाहिँ पाप र मृत्युको व्यवस्थालाई ख्रीष्टले जित्नुभएको उहाँको कामको वास्तविकता हो। दोस्रोचाहिँ दुष्टतालाई जित्ने र हराउने भलाइको विशेष शक्ति हो।

**ख्रीष्टले पापलाई जित्नुभयो**

हाम्रा जीवनमा परमेश्वरको योजना किन पूरा गर्न सकिन्छ भन्ने पहिलो कारणचाहिँ पापमाथि भएको ख्रीष्टको विजयता नै हो। पापले हामीलाई अब शासन गर्न सक्दैन। यसको *प्रभावचाहिँ* छ, तर *शासन* (अधिकार)-चाहिँ छैन।

ख्रीष्टको जीत र कार्य कति वास्तविक थियो त? ख्रीष्टको कार्य कुनै धारणा वा विचार थिएन। यो साँचो घटना नै थियो। यो विशेष ठाउँ र विशेष समयमा भएको थियो। यो साँचो युद्ध थियो। त्यहाँ साँचो रगत बहाइ, साँचो मृत्यु, साँचो पुनरुत्थान र साँचो जीत थियो। यो साँचो थियो, किनभने पापको शक्ति पनि साँचो थियो।

मानव इतिहासमा कोही पनि पापको व्यवस्थाको शक्तिबाट कहिल्यै उम्केको छैन (रोमी ३:२३)। यसको वास्तविकताको यो आवश्यक प्रमाण हो। तर यो व्यवस्थाको वास्तविकताको प्रमाणित गर्ने प्रमाण (गवाही)-हरू त्यहाँ छन् भने, ख्रीष्टले यसमाथि प्राप्त गर्नुभएको विजयतालाई प्रमाणित गर्ने गवाहीहरू पनि त्यहाँ छन्। चालीस दिनपछि धेरै मानिसहरूले पुनरुत्थानको जाँच गरेका थिए (प्रेरित १:३; १ कोरिन्थी १५:३-८)। त्यहाँ कुनै प्रश्न नै थिएन। ख्रीष्ट मरेको शरीरबाट बौरिउठ्नुभएको थियो!

पापको शक्ति आदमको पतनमा आधारित थियो। येशू ख्रीष्टको आज्ञाकारिताद्वारा नै पापमाथिको विजयता प्राप्त भयो

(रोमी ५:१८-१९)। यो जीत "व्यवस्था"-माथि हुने "जीवन", आशाहीनता माथि आशा, मानिसको मूर्खतामाथि परमेश्वरको उद्देश्य, दबाउमाथि प्रेम हो।

तपाईंले पापको व्यवस्थाबाट छुटकारा प्राप्त गरी धर्मी ठहरिन सक्नुहुन्छ, किनभने वास्तवमा ख्रीष्ट तपाईंकै पापको निम्ति मर्नुभएको हो। उहाँ तपाईंको सट्टामा मर्नुभयो। शैतानको परीक्षा गर्ने तरीका तपाईंलाई निराशा तुल्याउनु र तपाईंको विजयताको वास्तविकताप्रति तपाईंको मनमा शङ्का उब्जाइदिनु हो। त्यसले त्रास, दोष, छल प्रयोग गर्छ। *तर तपाईं स्वतन्त्र हुनुहुन्छ।*

**तपाईंको अभ्यासको निम्ति**

**६** पापले हामीमाथि अब अधिकार वा शासन गर्न सक्दैन, किनभने

**क**) आदमको अनाज्ञाकारिताले सम्पूर्ण मानव-जातिमाथि पाप ल्यायो।

**ख**) ख्रीष्टको साँचो विजयताले पापको वास्तविक शक्तिलाई जितेको छ।

**ग**) ख्रीष्टियानजस्तै गरी हामीले कसरी काम गर्न सक्छौं भनी बाइबलले हामीलाई बताएको छ।

**असलले खराबलाई जितिदिन्छ**

हाम्रो जीवनमा परमेश्वरको योजनालाई हामी पूरा गर्न सक्छौं भन्ने दोस्रो कारणचाहिँ यही हो कि असल (परमेश्वरबाटको)-ले खराब (शैतानबाटको)-माथि विजय प्राप्त गर्छ। हृदयलाई छिया-छिया पार्ने पुरानो र पापपूर्ण स्वभावलाई कसरी जित्न सकिन्छ भन्ने सत्यतालाई बाइबलले प्रकट गरिदिएको छ।



पापपूर्ण व्यवहारहरू त्यसै रोकिँदैनन्। तिनीहरूका ठाउँमा अरू नै कुराहरू राखिन्छ। पाप सृजनात्मक हुँदैन तर यो विनाशकारी हुन्छ। अर्थात् यो बल, कुशलता र कार्यको गल्ती प्रयोग हो, जसलाई ठीक किसिमले पनि प्रयोग गर्न सकिन्छ। यसरी खराबलाई हटाएर असल राख्ने सम्बन्धमा बाइबलले धेरै उदाहरणहरू दिएको छ। यी असल कार्यहरू केवल कृतिम कामहरू मात्र होइनन्, तर तिनीहरू पुरानो स्वभावको सट्टामा नयाँ स्वभावका वर्णनहरू हुन्। शरीर र आत्माको बीच-मा भएको युद्धमा हाम्रो कार्यचाहिँ खराबको ठाउँमा असल राख्नु हो।

पुरानो स्वभाव भूटमा जिउँछ (शैतान अर्थात् भूटको पिताको वरदान)। नयाँ स्वभावले आफूलाई सत्यतामा प्रकट गर्छ। यसैले हामीले भूट बोल्न छोड़ेर त्यसको सट्टामा सत्य बोल्नुपर्छ (एफिसी ४:२५)। अर्को अभ्यासमा यस प्रक्रियाका अन्य धेरै उदाहरणहरूलाई तपाईंले अध्ययन गर्नुहुनेछ।

---

**तपाईंको अभ्यासको निम्ति**

**७** तल उल्लेखित पदहरूलाई आफ्नो बाइबलमा पढ्नुहोस्। यहाँ बताइएको खराब कामको सट्टामा कुन असल कामले ठाउँ लिनुपर्छ बताउनुहोस्।

**क**) एफिसी ४:२८; लुट्ने र चोर्ने

..........................................................................

**ख**) एफिसी ४:२९; विनाशकारी शब्दहरू प्रयोग गर्ने

..........................................................................

ग) १ पत्रस ३:९; खराबको बदला खराब गर्ने

.................................................................

घ) गलाती ५:१६-२६; हाम्रो मानव स्वभावले चाहेको जस्तै खराब कार्यहरू गर्नु

.................................................................

ङ) ३ योआनेस ११; खराब कुराको पछि लाग्नु

.................................................................

यो प्रक्रियाले पवित्रशास्त्र बाइबलभरि नै भेट्टाइने नमूनाको प्रदर्शित गर्छ। शैतानले जहिले पनि असल भएको ठाउँमा खराब काम राख्ने कोशिश गरिरहन्छ। पतन यसरी नै भएको हो (उत्पत्ति ३)। खराब राखिएको ठाउँमा हामीले असल काम राख्नुपर्छ।

ठीक किसिमले काम गर्नु भनेको *स्व-धर्मी* हुनु भनेको होइन। पवित्रतामा सृष्टि गरिएको हाम्रो नयाँ स्वभावको पक्षमा हाम्रो मन र इच्छाको शक्तिलाई यसले प्रयोग गर्छ। हाम्रो शक्तिले भ्याउनेभन्दा बाहिरका क्षेत्रमा जब परमेश्वरले काम गर्नुहुन्छ, हाम्रो शक्ति र योग्यतालाई खराब गर्नबाट असल गर्नतर्फ हामी फर्काउँछौं र यसरी "ख्रीष्ट हामीमा" हुनुहुन्छ भन्ने कुरा प्रकट गर्छौं। निर्माण *हुँदै जाने* प्रक्रिया (*हामी सबै* यही प्रक्रियामा छौं) यही नै हो।

हामी यस प्रक्रियामा छौं भन्ने सत्यतालाई जब हामी स्वीकार गर्छौं, यसपछि धेरै नतीजाहरू उत्पादन हुन्छन्। अझै पनि प्रक्रियामा भइराखेका व्यक्तिहरूलाई स्वीकार गर्न हामी-लाई सजिलो लाग्छ। हामीले हाम्रो संघर्षलाई अझै राम्रोसँग बुझ्छौं। कसरी प्रतिक्रिया जनाउनुपर्छ भनी जान्नाले परीक्षाको विरोध गर्न हामीले बल प्राप्त गर्छौं। हामी आफैलाई कमजोर

होइन तर बलियो बनाउनको लागि हामी बानी-व्यवहारको शक्तिलाई प्रयोग गर्छौं, जुन शक्तिलाई शैतानले पनि घरीघरी प्रयोग गर्नेगर्छ। हाम्रा पापपूर्ण स्वभावका खराब कुराहरूलाई हटाई ती भएका ठाउँमा राख्न हामीले असल बानीहरूलाई विकास गर्नुपर्छ।

### तपाईंको अभ्यासको निम्ति

**८** परमेश्वरका आशालाई हामी किन पूरा गर्न सक्छौं भन्ने सम्बन्धका केही कारणहरूलाई हामीले अध्ययन गरिसकेका छौं। ती कारणहरू दिने प्रत्येक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) हामीले गर्ने सबै काममा हामी पूरा धर्मी र सिद्ध भएको परमेश्वरले आशा राख्नुहुन्छ।

**ख**) पापले हामीमाथि प्रभाव पार्छ, तर हामीमाथि त्यसको अधिकारचाहिँ छैन।

**ग**) परमेश्वरबाट आउने असल कुराले शैतानबाट आउने खराब कुरालाई जितिदिन्छ।

**घ**) हामी जे छौं सो बन्ने हाम्रो प्रयासद्वारा ख्रीष्टियान जीवनको युद्ध शुरू हुन्छ।

**ङ**) ख्रीष्टले पापमाथि प्राप्त गर्नुभएको विजयता हाम्रो विजयता पनि हो।

परमेश्वरले आशा गर्नुभएका कुराहरूलाई पूरा गर्नु हाम्रो निम्ति सम्भव छ। हामी सफल हुन सक्छौं, किनभने ख्रीष्टले पापमाथि विजयता प्राप्त गरिसक्नुभएको छ र हामीमा भएको उहाँको जीवनको शक्तिले खराबीलाई भलाइले जित्न सक्छ।

### तपाईंको अभ्यासको निम्ति

६ तपाईंले यस पाठको अध्ययनलाई समाप्तिमा ल्याउँदैहुनुहुन्छ, अब तपाईंको बाइबलमा १ योआनेस ३:१-३,६-१० भेट्टाई पढ्नुहोस्। तब आफ्नो अभ्यास-पुस्तिकामा तलका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

**क**) हाम्रो आशा के हो (पद २)?

**ख**) हामीले किन पाप गरिरहनुहुँदैन?

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५. ख) परमेश्वरले...दुवैलाई महत्त्वपूर्ण ठान्नुहुन्छ।

१. क) एफिसी २:२२।

६. ख) ख्रीष्टको साँचो विजयताले...।

२. तपाईंको उत्तर। तपाईंमा भएका कुनै पनि समस्याहरू वास्तवमा विजयताका निम्ति शुभ-अवसरहरू नै हुन्।

७. **क.** काम गर्ने र अरूहरूलाई दिन सक्ने। (ध्यान दिनुहोस्ः हामीले चोरेर वा काम गरेर र दिएर कुनै पनि थोकहरूसँग सम्बन्ध कायम राख्छौं।)

**ख.** भलाइ गर्ने सहयोगपूर्ण शब्दहरू प्रयोग गर्नुहोस्। (ध्यान दिनुहोस्ः शब्दहरू प्रयोग हुन्छन् नै। हामी कस्तो बानी विकास गर्छौं। त्यो नै महत्त्वपूर्ण छ)।

**ग.** खराबको बदला भलाइ गर्नु वा आशिष् दिनु।

**घ.** आत्माले चाहनुहुने असल कामहरू गर्नुहोस्।

**ङ.** असल (भलाइ)-को पछि लाग्नु।
(तपाईंका आफ्नै शब्दहरूमा उत्तरहरू दिनुहोस्।)

३. ख) परमेश्वरका हुनको निम्ति उहाँद्वारा चुनिएका पवित्र...।

८. ख) पापले हामीमाथि प्रभाव पार्छ तर हामीमाथि त्यसको...।
ग) परमेश्वरबाट आउने असल कुराले...।
ङ) ख्रीष्टले पापमाथि प्राप्त गर्नुभएको विजयता...।

४. ग) हामी के बन्छौं भन्ने कुरा उहाँले देख्नुहुन्छ।

९. **क)** हामी ख्रीष्टजस्तै हुनेछौं।
**ख)** किनभने परमेश्वरको स्वभाव हामीभित्र रहन्छ।
(तपाईंका आफ्नै शब्दहरूमा उत्तरहरू दिनुहोस्।)

पाठ ६

# परमेश्वर मसँग कसरी बोल्न सक्नुहुन्छ?

. . . मैले उहाँको आवाज कहिल्यै सुनेको छैन।

*"बाहिर जाऊ र कुनै अशुद्ध कुराहरू नछोऊ।"* आवाज प्रेरणादायक, अधिकारपूर्ण र भरपर्दो थियो। यो आवाज सुन्दा निर्मल आफ्नो घरतर्फ फर्किराखेका थिए। व्यापारमा उनले महत्त्वपूर्ण स्थान प्राप्त गरेका थिए र उनको आम्दानी पनि प्रशस्तै थियो तर परमेश्वरको आदर भने हुन सकेको थिएन। आवाजले उनका विचारहरूलाई रोकिदियो र यो वास्तविक थियो। यसले बोलेरहेको छ भनी निर्मललाई थाहा थियो, तरै पनि आफ्ना कानहरूले सुनिराखेको वा आफ्नो हृदयमा बोलिराखेको कुरामा चाहिँ उनी पक्का थिएनन्। पहिले पनि यस्ता शब्दहरूलाई उनले कतै सुनेका थिए।

निर्मल ख्रीष्टियान परिवारमा नै हुर्केका थिए। आफू केटो हुँदा बाइबल अध्ययन कक्षाहरूमा गएको उनलाई याद आउँछ। उनका दाजु-भाइ तथा दिदी-बहिनी सबैले प्रभुको सेवा गर्छन्, तर जीवनमा शुरूदेखि नै निर्मलचाहिँ धेरै पैसा, ठूलो घर, र सुख-सुविधाजस्ता कुराहरूले अति नै आकर्षित भए। यसरी उनको जीवनचाहिँ परिवारका अन्य व्यक्तिहरूका भन्दा भिन्नै दिशातर्फ लागेको थियो। आफ्नो विवेकले आफूलाई बाधा



गर्नलाई उनले दिएका थिएनन्। उनी जवान थिए, उनका लक्ष्यहरू निर्धारित भइसकेका थिए, र उनी "सफलताको" बाटोमा लम्किराखेका थिए। तब यो आवाज आयो। *यो कहाँबाट आएको हो? को बोलिरहेको हो?* उनले आफैलाई प्रश्न गरे।

निर्मलले आवाज सुन्दा एउटा कुरामा उनी पक्का भए; आवाजचाहिँ परमेश्वरबाट कै आवाज थियो। उनले बाइबलको कथाका शब्दहरूलाई सम्झे, तर यो सम्झनाभन्दा पनि अझ धेरै थियो। आफ्नो घरतर्फ आउँदैगर्दा बीच बाटोमा नै उनी अड़िए, आफ्ना विचारहरू प्रभुतर्फ फर्काए र आफ्नो जीवनको समर्पण गर्दै आवाजप्रति उत्तर दिए।

परमेश्वर बोल्नुहुन्छ। उहाँको आवाज सुन्न सकिन्छ। कहिलेकहीँ निर्मलले सुनेजस्तै गरी सुन्न सकिन्छ। कहिलेकहीँ भिन्नै किसिमले पनि सुन्न सकिन्छ। परमेश्वर तपाईंसँग कसरी

बोल्नुहुन्छ सो कुरा पत्ता लगाउन यस पाठले तपाईंलाई सहायता पुऱ्याउनेछ।

**यस पाठमा तपाईंले यी विषयहरूमा अध्ययन गर्नुहुनेछ. . .**

परमेश्वर हामीसँग बोल्ने तरीकाहरू
कोही-कोहीले परमेश्वरको आवाज नसुन्ने कारणहरू
परमेश्वर बोल्नु नै हुनेछ भन्ने निश्चयता।

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- परमेश्वर हामीसँग बोल्नुहुने विभिन्न तरीकाहरूको वर्णन गर्न।
- परमेश्वरले बोल्नुभएको कसै-कसैले किन सुन्दैनन् सो व्याख्या गर्न।
- परमेश्वर तपाईंसँग बोल्नुहुनेछ भन्ने कुरामा निश्चयता प्राप्त गर्न।

## परमेश्वर हामीसँग बोल्ने तरीकाहरू

उद्देश्य १ *हामीसँग बोल्नका लागि परमेश्वरले प्रयोग गर्नुहुने विभिन्न तरीकाहरूका उदाहरणहरूलाई चिन्नुहोस्।*

आफूसँग परमेश्वर बोल्नुहुन्छ त भन्ने बारेमा फिक्री गर्दै धेरै मानिसहरू आफ्नो समय बिताउँछन्। *के परमेश्वर मसँग बोल्न सक्नुहुन्छ? भनी तिनीहरू आफैले आफैलाई प्रश्न गर्छन्।* परमेश्वर जसले हामीलाई सृष्टि गर्नुभयो र सुन्ने र अरूहरूसँग कुराकानी गर्ने क्षमता पनि दिनुभयो, उहाँलाई बोल्न कठिन छजस्तो विचार गरिनु बड़ो चाखलाग्दो धारणा हो! तर परमेश्वर बोल्नु नै हुन्छ। हामीसँग कुराकानी गर्नका निम्ति उहाँले धेरै तरीकाहरू छान्नुभएको छ।

**परमेश्वर बाइबलद्वारा बोल्नुहुन्छ**

परमेश्वरले हामीसँग मुख्य गरी बाइबल अर्थात् उहाँको लिखित वचनद्वारा बोल्नुहुन्छ। दुइ हजार वर्ष पहिले पूरा भएको पुस्तकले आज पनि परमेश्वरको इच्छाको बारेमा प्रत्येक व्यक्तिसँग बोल्न सक्छ भन्ने कुरा असम्भवजस्तो देखिन्छ। तर पुस्तकभन्दा पनि बाइबल अझ ठूलो कुरा हो। यो ता परमेश्वरबाट नै हामीलाई दिइएको सन्देश हो। यस सत्यताले हामीलाई यही निश्चयता दिन्छ कि परमेश्वर हामीसँग बोल्न सक्नुहुन्छ र हामी यसलाई बुझ्न सक्छौं।

बाइबल पवित्र आत्माको प्रेरणाद्वारा लेखिएको छ। पवित्र आत्मा त्रित्वको तेस्रो व्यक्ति हुनुहुन्छ। उहाँ पिता र पुत्र जत्तिकै परमेश्वर हुनुहुन्छ। पिता र पुत्रकाजस्ता सबै गुण उहाँमा छन्। उहाँ सर्वज्ञानी हुनुहुन्छ। उहाँलाई सबै कुरा थाहा छ। उहाँलाई वर्तमान समय थाहा छ, उहाँलाई बिगत समय पनि थाहा छ (उहाँले बिर्सनुहुन्न)। उहाँ भविष्यको बारेमा जान्नुहुन्छ। तपाईं जन्मनुभन्दा पहिले, तपाईंका आमा-बाबु जन्मनुभन्दा पहिले वा कोही व्यक्ति हुनुभन्दा पहिल्यै उहाँले तपाईंलाई चिन्नुभएको थियो।

उहाँ बाइबलका लेखक हुनुहुन्छ। उहाँले यसको लेखाइलाई अगुवाइ गर्नुभयो र यसको सत्यतालाई निश्चित तुल्याउनुभयो (२ पत्रस १:१९-२१)। यो मानव-जातिका लागि परमेश्वरको योजनाको प्रकाश हो। यसले उद्धारमा अगुवाइ गर्न सक्ने मात्र होइन, तर अगुवाइको निम्ति पनि यो पर्याप्त छ। सफलदायक ख्रीष्टियान जीवन जिउनको निम्ति तपाईंलाई आवश्यक पर्ने सबै कुरा पवित्र आत्माले बाइबलमा समावेश गर्नुभएको छ।

**तपाईंको अभ्यासको निम्ति**

**१** २ तिमोथियस ३:१६-१७-लाई आफ्नो बाइबलमा पढ्नुहोस् र यस प्रश्नको उत्तरलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्ः परमेश्वरको जन वा परमेश्वरको सेवा गर्ने व्यक्तिलाई पवित्रशास्त्र बाइबलले कसरी सहायता पुऱ्याउँछ?

पवित्रशास्त्र बाइबलको आश्चर्यता यो कसरी लेखिएको थियो भन्ने कुरामा मात्र होइन तर यसलाई कसरी बुझिन्छ भन्नेमा पनि छ। किनभने पवित्र आत्मा जीवित हुनुहुन्छ। उहाँ बाइबलको लेखकका अगुवा हुनुहुन्थ्यो र उहाँ यसको बुझाइको पनि अगुवा हुनुहुन्छ।

पवित्र आत्माले हामीलाई अगुवाइ गर्न सक्नुहुन्छ भनी हामीलाई निश्चयता दिने तपाईंले पाठ २-मा अध्ययन गर्नुभएका बाइबलका केही पदहरूलाई विचार गर्नुहोस्। उदाहरणको लागि आउनुहुने शान्तिदाता अर्थात् पवित्र आत्माको सम्बन्धमा ख्रीष्टले योआनेस १४ र १६ अध्यायहरूमा सिकाउनुभएका कुराहरूलाई याद गर्नुहोस् (योआनेस १४:१६; १६:१२-१५)। पवित्र आत्मालाई परमेश्वरको मन थाहा छ र हाम्रो प्रार्थनालाई उहाँले निर्देशित गर्नुहुन्छ भनी रोमी ८:२६-२७-मा दिइएको निश्चयतालाई याद गर्नुहोस्। पवित्र आत्माले ख्रीष्टको शिक्षालाई हाम्रो मनमा ल्याउनुहुन्छ भनी ख्रीष्ट आफैले भन्नुभएको छ (योआनेस १४:२६)। पवित्र आत्माले यो कसरी गर्नुहुन्छ त? वचनद्वारा र उहाँ नै यसको लेखक हुनुहुन्छ।

बाइबल पढ्दैजाँदा कुनै पद वा खण्ड विशेष रूपमा प्रकट भएको के तपाईंले अनुभव गर्नुभएको छ? यसले तपाईंको आवश्यकतालाई बतायो, किन यसो भयो भनी तपाईंलाई थाहा

भएन, तर यसले उत्तर वा अगुवाइ दियो। यसले निश्चयता पनि दिएको हुन सक्छ। हाम्रा विचारहरूलाई समर्थन गर्नको निम्ति हामीले इच्छा गरेका छौं भने हामी यस्तो अनुभव गर्न सक्दैनौं, तर यदि हामीले पवित्रशास्त्र बाइबलबाट परमेश्वरको मन जान्ने खोजी गरेका छौं भने यस्तो अनुभव गर्न सक्छौं।

पवित्र आत्मा यसै गरी बोल्नुभयो भन्ने विषयमा ख्रीष्टलाई पक्का थाहा थियो, किनकि उहाँले घरीघरी पुरानो करारका खण्डहरूबाट उद्‌धृत गर्नुभयो र तिनीहरूले उहाँलाई नै सम्बोधन गरेका छन् भनी बताउनुभयो। पवित्र आत्माको सहयोगविना सत्यता वा निर्देशनलाई गुमाउन सकिन्छ। (उदाहरणको लागि, लूकास ४:१८ हेर्नुहोस्।) अरूहरूले पनि यस्तो किसिमको प्रकाशको अनुभव गरेका छन् (उदाहरणको लागि, प्रेरित २:१४-२१-मा पत्रसको अनुभव)।

यस पाठको शुरूमा नै तपाईंले निर्मलको बारेमा पढ्नुभयो र उनी मेरो नजीकका मित्र हुन्। उनले सुनेका आवाज परमेश्वरको आवाज हो र यशैया ५२:११-द्वारा परमेश्वर उनीसँग बोलिरहनुभएको थियो। वास्तवमा भन्ने हो भने यी शब्दहरू शुरूमा अरू नै मानिसहरूलाई बोलिएका थिए। पवित्र आत्माले बाइबलका पदहरूलाई प्रयोग गरेर त्यसको सन्देशलाई स्पष्ट बनाई बोल्नुहुन्छ भन्ने कुराको यो एक उदाहरण हो।

**तपाईंको अभ्यासको निम्ति**

**२** मानिलिऔं, हामीसँग बोल्नका निम्ति पवित्र आत्माले बाइबलका शब्दहरूलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ भनी तपाईंले कसैलाई व्याख्या गरिदिने प्रयास गरिरहनुभएको छ।

तपाईंको आफ्नै जीवनबाट वा तपाईंले चुन्नुभएको कुनै व्यक्तिको जीवनबाट वा यस पाठबाटै यसको उदाहरणलाई तपाईंको आफ्नै अभ्यास-पुस्तिकामा वर्णन गर्नुहोस्।

स्पष्टसँग सिकाइएको सिद्धान्तअनुसार नै पवित्रशास्त्र बाइबललाई हाम्रो जीवनमा प्रयोग गर्नको निम्ति पवित्र आत्माले हामीलाई अगुवाइ गर्नुहुनेछ। उहाँ आफैले आफ्नो विरोध गर्नुहुन्न।

परमेश्वरको योजना पछ्याउनको निम्ति यदि बाइबलका सिद्धान्तहरूले हामीलाई सहायता गर्छन् भने तब तिनीहरूलाई बाइबलमा कसरी दिइएको छ हामीले बुझ्नैपर्छ। बाइबलचाहिँ जीवनको बारेमा भएका विचारहरूको संकलन मात्र होइन। योचाहिँ परमेश्वर मानिसहरूसँग बोल्नुभएको र उहाँलाई तिनीहरूले दिएका जवाफको विवरणको पुस्तक हो। सिद्धान्तहरूलाई प्रस्तुत गरिन्छ, र मानिसहरूका जीवनमा भएको तिनीहरूको प्रभावको विवरणबाट नै हामी तिनीहरूका अर्थ बुझ्छौं। सिद्धान्तहरूलाई कसरी प्रयोग गरिएका थिए भनी यस विवरणले देखाउँछ, र तिनीहरूप्रतिको हाम्रो धारणामा असन्तुलित हुनबाट हामीलाई जोगाउँछ।



उदाहरणको लागि ख्रीष्टले विनयता वा नम्रताको अन्तिम विजयको सिद्धान्तलाई सिकाउनुभएको छ (मतियोस ५:५) तर नम्रता के हो? अरू गुणहरूसँग यसले कसरी सन्तुलनमा काम गर्छ भन्ने सम्बन्धमा मोशाको जीवनको अध्ययनद्वारा हामी बुझ्न सक्छौं (उदाहरणको लागि, प्रस्थान १२ अध्याय हेर्नुहोस्।)

दाऊद र शाऊल, इस्राएलका दुइ राजाहरूका जीवनलाई हेरेर पश्चात्ताप र अफसोसको बीचमा भएको भिन्तालाई हामी बुझ्न सक्छौं। शाऊलको डरलाग्दो पापको कारणले उनले आफ्नो राज्य गुमाएका होइनन्। वास्तविकताचाहिँ यो थियो कि, उनले अफसोस गरेर प्रतिक्रिया जनाए तर कहिल्यै पनि साँचो पश्चात्ताप गरेन र आफ्ना मार्गहरूचाहिँ परिवर्तन गरेनन्। यसको विपरीत दाऊदले चाहिँ पूरै हृदयले पश्चात्ताप गरे (उदाहरणको लागि, १ शमूएल १३:८-१४; १५:१७-२५; २ शमूएल १२ र भजनसंग्रह ५१ तुलना गर्नुहोस्।)



**तपाईंको अभ्यासको निम्ति**

**३** प्रेरित ५:४०-४२ र तल उल्लेखित पदहरूलाई पढ्नुहोस्। प्रेरितमा उल्लेख गरिएको घटना कहाँ दिइएको सिद्धान्तको उदाहरण हो।

**क**) मतियोस ५:७
**ख**) मतियोस ५:११
**ग**) लूकास ६:३७

यसरी हामी भन्न सक्छौं कि पवित्र आत्माले सिद्धान्तभित्र नै हामीलाई अगुवाइ गर्नको निम्ति वचन प्रयोग गर्नुहुन्छ र मानिसहरूका जीवनमा तिनीहरूले कसरी काम गरेका छन् भनी हामीले हेर्दा तिनीहरू दुवै स्थिर र बुझ्ने खालका हुनुपर्छ।

### तपाईंको अभ्यासको निम्ति

४ पवित्रशास्त्र बाइबलबाट हामीले प्राप्त गर्ने तीन किसिमका अगुवाइहरूका बारेमा हामीले अध्ययन गरिसकेका छौं। तल दिइएका पदहरूलाई पढ्नुहोस् र यसले प्रतिनिधित्व गर्ने किसिमको अगुवाइलाई वर्णन गर्ने शब्द समूहसँग यसलाई तुलना गर्नुहोस्। पदको अगाड़िपट्टि शब्द समूहको संख्या लेख्नुहोस्।

१) कुनै व्यक्ति वा समूहलाई सीधै दिइएको आज्ञा
२) व्यवहारको सिद्धान्त
३) कसैको जीवनमा सिद्धान्तको उदाहरण

___**क**) यहोशू ६:४
___**ख**) मतियोस ५:४४
___**ग**) मतियोस १६:२१
___**घ**) प्रेरित ७:५४-६०

### अरूहरूद्वारा परमेश्वर बोल्नुहुन्छ

आफ्नो इच्छा हामीलाई बताउनको निम्ति परमेश्वरले अरूहरूलाई पनि प्रयोग गर्नुहुन्छ। यसो गर्नको निम्ति उहाँले ख्रीष्टियानहरू वा अख्रीष्टियानहरूलाई प्रयोग गर्न सक्नुहुन्छ।

अधिकारमा आधारित सम्बन्धहरू वा बनावटहरू भित्रै रहेर हामी काम गर्छौं। हाम्रो सरकार, परिवार, व्यापार र

एकलेसिया (मण्डली)-को अधिकार मुनि रहेर हामीले काम गर्नुपर्छ। विशेष क्षेत्रको निम्ति अगुवाइ गर्नलाई यिनीहरू हरेक जिम्मेवारी छन्। परमेश्वर यी कुराहरूका माध्यमद्वारा पनि बोल्नुहुन्छ भनी पवित्रशास्त्र बाइबलले पनि स्वीकार गरेको छ। उदाहरणको लागि जवान छोराछोरीका आमा-बाबुले तिनीहरूलाई निर्देशनहरू दिन्छन् र छोराछोरीहरूले आमा-बाबुको आज्ञा पालन गर्नु परमेश्वरको इच्छा हो भनी परमेश्वरको वचनले बताएको छ (एफिसी ६:१)। देशका शासकहरूले आफ्ना नागरिकहरूलाई निर्देशन दिने अधिकार पाएका छन् र शासकहरूको आज्ञा पालन गर्नु परमेश्वरको इच्छा हो भनी उहाँको वचनले सिकाएको छ (रोमी १३:१)।

यस्ता किसिमका सम्बन्धहरूका साथसाथै परमेश्वरले हामीसँगको सम्पर्कमा ल्याउन चाहनुभएका व्यक्तिहरू पनि त्यहाँ हुन सक्छन्। परमेश्वरसँग लामो जीवन बिताएका हुनाले तिनीहरू बुद्धिमान् हुन सक्छन्। तिनीहरूले परमेश्वरको मार्गलाई चिनेको हुनाले तिनीहरूका सल्लाह अमूल्य हुन्छन्।

**तपाईंको अभ्यासको निम्ति**

**५** तपाईंको बाइबलमा प्रस्थान १८:१३-२६ पढ्नुहोस्। तल सोधिएका प्रश्नहरूका जवाफ आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

**क**) मोशाको समस्या के थियो (१३-१७ पदहरू)?
**ख**) यथ्रोले मोशालाई के सल्लाह दिए (१८-२३ पदहरू)?
**ग**) नतीजा के थियो (२४-२६)?

यद्यपि, राजा दाऊदले इस्राएलका मानिसहरूको जनगणना गरी पाप गरे, किनभने उनले योआबको सल्लाहलाई वेवास्ता गरे

(२ शमूएल २४:३-४,१०)। मोशा र दाऊदमाथि यथ्रो र योआबको "अधिकार" थिएन। वास्तवमा मोशा अगुवा थिए र दाऊदचाहिँ राजा थिए। तर त्यस सल्लाहको ठूलो महत्त्व थियो।

परमेश्वरले तपाईंलाई विशेष वरदानहरू वा खूबीहरू दिनुभएको छ भनी तपाईंलाई देखाउन तपाईंको विद्यालयले दिएको जाँच वा परीक्षा पनि प्रयोग गर्न सक्नुहुन्छ। विशेष खूबीहरू पत्ता लगाउने शिक्षकहरूद्वारा पनि परमेश्वर तपाईंसँग बोल्न सक्नुहुन्छ।

यदि हामीले प्राप्त गरेको सल्लाह मिलापमा (प्रायःजसो यस्तै हुन्छ) छैन भने के हुन्छ? कुनै-कुनै सल्लाहलाई इन्कार गरिनुपर्छ, किनकि पवित्रशास्त्र बाइबलको निर्देशनको विरोधमा यो हुन्छ। कहिलेकहीँ हामीलाई सल्लाह दिने व्यक्तिको बारेमा पनि हामीले विचार गर्नु आवश्यक छः हाम्रो सम्बन्धमा उनको उद्देश्य के छ त? तर अलमलको विरुद्धमा भएको यस सुरक्षासाथ हाम्रो निश्चयताचाहिँ यो हो कि परमेश्वर स्पष्टसँग बोल्न सक्नुहुन्छ र उहाँ स्पष्टसँग बोल्नु नै हुनेछ।

**तपाईंको अभ्यासको निम्ति**

**६** किरण आफ्नो काम मेहनतसाथ गर्छन् र कामको निम्ति आफूले पाउनुपर्ने रकम नपाएको जस्तो उनलाई लाग्छ। यस विषयमा के गर्नु भनी उनले आफ्ना साथीहरूसँग सोधनी गर्छन्। - एफिसी ६:५-८ पढ्नुहोस् र त्यहाँ उल्लेखित निर्देशनहरूमा आधारित गरी उनले कुनचाहिँ सल्लाहलाई इन्कार गर्नुपर्छजस्तो तपाईंलाई लाग्छ सो निर्णय गर्नुहोस्।

**क)** आफ्ना मालिक कार्यालयबाट गइसकेपछि आफू पनि

समयभन्दा पहिल्यै काम छोड़ेर घर जाने सल्लाह नरेशले दिन्छन्।

**ख)** आफ्ना मालिकसँग कुरा गरी आफ्नो समस्या बताउने सल्लाह चन्द्रले दिन्छन्।

**ग)** आफूले ठीक ज्याला नपाएको हुनाले धेरै नखटिनु भनी जीमले सल्लाह दिन्छन्।

**विगत दिनका अनुभवहरूद्वारा परमेश्वर बोल्नुहुन्छ**

विगत दिनहरूमा परमेश्वरको निर्देशनअनुसार चलेका अनुभवहरूले परमेश्वरको आवाज स्पष्टसँग सुन्ने तरीकालाई सिक्न सहायता पुर्‍याउनेछ। परमेश्वर विभिन्न तरीकाले तपाईंसँग बोल्न चाहनुहुन्छ। तपाईंले आफ्नो जीवनको बारेमा विचार गर्नुहुँदा यो महसूस गर्नुहुनेछ कि परमेश्वर विश्वासयोग्य हुनुभएको छ। उहाँले बोलिसक्नुभएको छ। तपाईंको जीवनमा उहाँको आवाज वा अगुवाइलाई जब तपाईं परिचित गर्न सक्नुहुन्छ, यसलाई चिन्नलाई अझै तपाईं सक्षम हुनुहुनेछ।

बाइबलमा उल्लेख भएका मानिसहरूका जीवनमा परमेश्वरले विशेष सिद्धान्तअनुसार काम गर्नुभयो, र विशेष सिद्धान्तअनुसार नै उहाँले तपाईंको जीवनमा पनि काम गर्नुहुन्छ। शुरूमा तपाईंले परमेश्वरको काम आफ्नो जीवनमा संगठित नभएकोजस्तो देख्नुहुन्छ। त्यसपछि तपाईंले नमूना निर्माण भएको देख्न सक्नुहुन्छ। अन्तमा परमेश्वरलाई पछ्याएको तपाईंको आफ्नै अनुभवबाट उहाँले काम गरिराख्नुभएको सिद्धान्तलाई तपाईंले पत्ता लगाउनुहुनेछ। तल उल्लेखित घटना यसको एक उदाहरण हो।

जीमले बाइबल कलेजको अध्ययन सकेपछि, दुइ भिन्नाभिन्नै एकलेसिया (मण्डली)-हरूले आफ्ना पास्टर हुनको निम्ति उनीसँग बिन्ती गरे। उनले प्रार्थना गरे, बाइबल पढ़े, र आत्मिक

अगुवाहरूको सल्लाह मागे। केही पनि स्पष्ट भएकोजस्तो लागेन। यदि उनले कुनै एउटा मण्डलीलाई छाने भने पनि पवित्रशास्त्र बाइबलको सिद्धान्तको कुनै पनि विरोध हुँदैनथ्यो। एउटा एकलेसिया (मण्डली)-लाई छान्नको निम्ति बाइबल कलेज़का शिक्षकहरूले सल्लाह दिए। एक आत्मिक एल्डरले चाहिँ अर्को छान्ने सल्लाह दिए। अब पर्खेर बस्ने समय सकिसकियो र अन्तमा उनले निर्णय बनाउनै पर्‍यो। डर-डर मानी उनले निर्णय बनाए र सो कुरा एकलेसियाहरूलाई पनि बताइदिए। अब उनी पूर्ण समर्पित भए। आफूले गर्नुपर्ने सबै काम उनले गरेका थिए।

उदेक लाग्ने कुराचाहिँ यो थियो कि उनको छनोटको डरको ठाउँ अब उनको निर्णयमा भएको निश्चयताले भरिदिएको थियो। आफू परमेश्वरका इच्छामा भएको कुरामा उनी निश्चित थिए।

के जीम भाग्यशाली भएका हुनाले नै ठीक छनोट गरेका हुन् त? होइन। उनको छनोट भाग्यद्वारा भएको होइन तर यो ता परमेश्वरको निर्देशनको नतीजाद्वारा भएको हो। आफूले विभिन्न सल्लाहहरू खोज्नुको साथसाथै, जीम ईमानदारितासाथ परमेश्वरको इच्छा पूरा गर्न चाहन्थे। उनी आत्माको पछि हिँड्का थिए। उनको नयाँ वा परिवर्तित मन थियो (रोमी १२:१-२)। पवित्र आत्माको अगुवाइको प्रतिउत्तरमा आफूले थाहै नगरी उनले वास्तवमा निर्णय बनाइसकेका थिए।

केही वर्षपछि जीमले अर्को महत्त्वपूर्ण निर्णय बनाउनुपर्‍यो। फेरि उनले परमेश्वरलाई खोजे, प्रार्थना गरे, सल्लाहहरू सुने, र विभिन्न सम्भावनाहरूलाई हेरे। त्यहाँ स्वर्गबाट कुनै आवाज आएन। अब उनले पर्खिने समय सकिसकियो र उनले निर्णय बनाउनु नै पर्‍यो। उनले निर्णय बनाए र आफूले परमेश्वरलाई पछ्याउँदा आफूमा भएको निश्चयताले डर बसेको स्थानलाई ओगट्यो।

जीमले महसूस गर्न थाले कि आफूले गरेको परमेश्वरको इच्छाको खोजीमा एउटा सिद्धान्तचाहिँ सधैँभरि स्थिर रहिरह्यो। उनले ईमानदारीसाथ परमेश्वरलाई खोजी गरेका हुनाले, निर्णय बनाउँदा जहिले पनि परमेश्वरले उनलाई अगुवाइ गर्नुभएको थियो। त्यही सिद्धान्त नै निश्चयताको आधार बन्यो। भजनसंग्रह ३७:२३-मा यही सिद्धान्तलाई दिइएको उनले देखे, "सज्जनका पाइला परमप्रभुबाटै स्थिर रहन्छ।" यही सिद्धान्तले आफ्नो जीवनमा पनि काम गरेको उनले भेट्टाए। उनी यसमा भर पर्न सक्थे। आफूले यही हो भन्न सक्ने कुनै आवाज उनले सुनेनन्, तर पनि परमेश्वर बोलिरहनुभएको थियो। परमेश्वर विभिन्न किसिमले बोलिरहनुभएको थियो। तिनीहरू एकैसाथ मिल्दा जीमको निर्णयचाहिँ वास्तवमा परमेश्वरलाई दिइएको प्रतिउत्तर नै थियो।



**तपाईंको अभ्यासको निम्ति**

७ परमेश्वरको इच्छाअनुसार गर्न चाहनेलाई परमेश्वरले कसरी अगुवाइ गर्नुहुन्छ भन्ने उदाहरणलाई हामीले भर्खरै मात्र अध्ययन गर्‍यौं। तपाईंको आफ्नै जीवनलाई परमेश्वरले कसरी अगुवाइ गर्नुभएको छ सो विचार गर्नुहोस्। त्यसपछि

आफ्नो अभ्यास-पुस्तिकामा तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्।

**क**) परमेश्वरले तपाईंलाई उद्धारमा कसरी डोऱ्याउनुभयो?

**ख**) तपाईंलाई अगुवाइ गर्नका निम्ति परमेश्वरले कस्ता मानिसहरूलाई प्रयोग गर्नुभएको छ?

**ग**) परमेश्वरको वचनमा भएको कुन सन्देशले तपाईंलाई विशेष निर्देशन दिएको छ?

**घ**) तपाईंलाई निर्माण गर्नको निम्ति परमेश्वरले कस्ता परिस्थितिहरू प्रयोग गर्नुभएको छ?

**ङ**) के तपाईंले आफ्नो जीवनमा अगुवाइको निम्ति कुनै नमूना वा सिद्धान्तलाई अपनाउनुभएको छ? यो के हो त?

**परमेश्वर सीधै बोल्न सक्नुहुन्छ**

हामीसँग बोल्नको निम्ति आफ्नो वचन, अरू मानिसहरू, वा विगत दिनका अनुभवहरूलाई प्रयोग गर्नुका साथसाथै, कोही-कोही अवसरमा परमेश्वर सीधै पनि हामीसँग बोल्नुहुन्छ। परमेश्वरले यस तरीकालाई कति धेरै प्रयोग गर्नुहुन्छ त? परमेश्वरको आवाजको प्रतिनिधित्वको रूपमा यदि हामीले हाम्रो विवेकलाई लियौं भने, परमेश्वर घरीघरी हामीसँग सीधै बोल्नुहुन्छ भनी हामी भन्न सक्छौं। सुनिने शब्दहरू नै हुनुपर्छ भनी यदि हामी हाम्रो मनमा विचार गर्छौं भने हामीसँग बोल्नका लागि परमेश्वरले प्रायःजसो बाइबललाई नै प्रयोग गर्नुहुन्छ। तर उहाँ बोल्नुहुन्छ। यो याद गर्नुहोस् कि उहाँले आफ्नो वचनमा भनिसक्नुभएको कुरासँग दिइएको सन्देश *कहिल्यै पनि* वेमिलापमा हुनुहुँदैन।

तपाईंले सुन्नुभएको आवाज परमेश्वरकै आवाज हो भनी तपाईंलाई कसरी थाहा हुन्छ त? बाइबलले दुइवटा जाँच

दिन्छ, जसले एक-अर्कालाई सन्तुलनमा राख्छन्। पहिलोचाहिँ आन्तरिक छ। जसरी भेड़ाहरूले आफ्ना गोठालाको स्वर चिन्छन् (योआनेस १०:४), तिमीहरूले पनि आफ्ना गोठालाहरूको स्वर चिन्नेछौ (योआनेस १०:१४-१५)। जब तपाईं परमेश्वरको खोजी गर्नुहुन्छ, आफ्नो मनलाई उहाँको वचनले भर्नुहुन्छ, र पवित्र आत्माको पछि लाग्नुहुन्छ भने परमेश्वर नै बोलिरहनुभएको छ भनी तपाईं थाहा पाउन सक्नुहुन्छ।

दोस्रो जाँचले पहिलोलाई बलियो पार्छ, परमेश्वरको लिखित वचनसँग उहाँको निर्देशन (सन्देश) सधैँ मिलापमा रहन्छ (यशैया ८:२०)।

**तपाईंको अभ्यासको निम्ति**

**८** प्रेरित १०:९-३३ पढ्नुहोस् र तलका प्रश्नहरूका उत्तर आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

**क**) कुन दुइ किसिममा परमेश्वर सीधै पत्रससँग बोल्नुभयो (९-१६,१९-२० पदहरू)?

**ख**) परमेश्वरको सन्देशलाई कसरी पक्का तुल्यायो (१४,१७-१८,२२ पदहरू)?

**ग**) पत्रसले कसरी जवाफ दिए (२१-२३,२८ पदहरू)?



## कोही-कोहीले परमेश्वरको आवाज नसुन्ने कारणहरू

उद्देश्य २ *परमेश्वरको सन्देशलाई गुमाउने मानिसहरूका उदाहरणसँग तिनीहरूले किन गुमाए भन्ने कारणहरूको जोड़ा मिलाउनुहोस्।*

मानिसहरूले किन परमेश्वरको आवाज वा निर्देशनलाई गुमाउँछन् भन्ने सम्बन्धमा मुख्य दुइ कारणहरू छन्। पहिलोचाहिँ, परमेश्वरको बोल्ने तरीकालाई तिनीहरू स्वीकार गर्न सक्दैनन्। अर्कोचाहिँ परमेश्वरले भनिसक्नुभएको कुराको तिनीहरूले आज्ञापालन गरेका छैनन्।

### परमेश्वरको तरीकालाई अस्वीकार

पहिलो, परमेश्वर यसरी बोल्नैपर्छ भनी कतिपय व्यक्तिहरूले पहिल्यै पक्का गरेका हुन्छन्। परमेश्वरले अर्को तरीका प्रयोग गर्नुभयो भने, त्यसको निम्ति तिनीहरू तयार भएका हुँदैनन्। कहिलेकहीँ तिनीहरूले उहाँको आवाजलाई पूरै गुमाउँछन्। कहिलेकहीँ अपनाएको तरीकाको कारणले पनि तिनीहरूले सन्देशलाई अस्वीकार गर्छन्।

हिब्रू १:१-३-ले हामीलाई बताउँछ कि आफू मानिससँग बोल्दा परमेश्वरले आफ्नो तरीका बदली गर्नुभएको छ। ख्रीष्ट आउनुभन्दा पहिले उहाँ पिता-पुर्खाहरू र अगमवक्ताहरूद्वारा बोल्नुभयो। तर अन्तमा आफ्ना पुत्रद्वारा बोल्नुभएर पहिलेको बोल्ने तरीका बदली गर्नुभयो। *परमेश्वर को हुनुहुन्छ* भन्ने सन्देश पूर्ण रूपले ख्रीष्टमा दिइएको छ। तर कोही व्यक्तिहरूले तरीका (येशू)-लाई स्वीकार नगरेका हुनाले तिनीहरूले सन्देश (परमेश्वर को हुनुहुन्छ)-लाई गुमाए।

नामान एक महान् सेनापति थिए र उनले गरेका सबै काममा उनी सफल हुन्थे (२ राजा ५) तर उनको जीवनमा एक समस्या थियोः उनी कोरी थिए अर्थात् उनमा डरलाग्दो छालाको रोग थियो। उनीसँग कुरा गर्न परमेश्वरले धेरै तरीकाहरू अपनाउनुभयो र अन्तमा उनलाई एलिशा अगमवक्ताकहाँ जानलाई अगुवाइ गर्नुभयो। एलिशा आफैले नै उनीसँग कुरा गर्छन् भनी नामानले आशा गरेका थिए, तर एलिशाका नोकरहरूले पो सन्देश ल्याए (९-१२ पदहरू)। सन्देश ल्याउने व्यक्तिलाई मन नपराएका हुनाले पनि सन्देशसँग नामानको समस्या थियो। तर जब उनले सन्देशको आज्ञा पालन गरे, उनी निको भए (१३-१४ पदहरू)।

हामी परिचित नभएको तरीकाबाट पनि परमेश्वर कहिलेकहीँ हामीसँग बोल्न चाहनुहुन्छ। परमेश्वरको हैसियतले त्योचाहिँ उहाँको हक र अधिकार हो। उहाँले प्रयोग गर्नुहुने तरीकाको कारणले उहाँको सन्देशलाई चाहिँ नगुमाउनुहोस्।

**अनाज्ञाकारिता**

दोस्रो, अनाज्ञाकारिताको कारणले कोही-कोहीले परमेश्वरको अगुवाइ र आवाजलाई गुमाउँछन्। परमेश्वरको आवाज सुन्नलाई आज्ञाकारिता कति धेरै आवश्यक छ भनी मैले भनिसकेको छु (पाठ २ हेर्नुहोस्), यो धेरै नै महत्त्वपूर्ण भएको कारणले मैले यसलाई यहाँ दोहोऱ्याएको हुँ। परमेश्वरले भन्नुभएका कुराहरू उन्नतशील हुन्छन्, अर्थात् एक पल्टमा एक कदम हामीलाई प्रकट गरिएको हुन्छ। शुरूमा नै सबै योजना हामीलाई देखाइएको हुँदैन।

इस्राएलीहरूलाई छुटकारा दिन गिदोनले सेनालाई तयार गरिरहेका थिए। यो कसरी गर्नुपर्छ भन्ने सम्बन्धमा उनले परमेश्वरबाट आज्ञा लिइरहेका थिए। कुनै बेला यदि उनी

अनाज्ञाकारी भएका भए, परमेश्वरले आफ्नो कार्यको योजना निरन्तररूपमा प्रकट गरिदिनुहुन्छ भन्ने विषयमा उहाँप्रति उनी आशावादी हुन सक्ने थिएनन्। तर गिदोन प्रत्येक कदममा आज्ञाकारी भएका हुनाले, अर्को कदम स्पष्टसँग उनलाई बताइएको थियो। अन्तमा छनोट भएका तीन सय सेनाहरूले हजारौं मिद्यानीहरूलाई जिते (न्यायकर्ता ७:१-२५)।

गिदोनको अनुभवले यस सल्लाहको सुझाव दिन्छः अगुवाइको निम्ति परमेश्वरको आवाज सुन्नलाई यदि तपाईंलाई कठिन भइराखेको छ भने, परमेश्वरले प्रकट गरिसक्नुभएको उहाँको इच्छा बुझ्न तपाईं कहाँ असफल हुनुभएको छ सो पत्ता लगाउन परमेश्वरको वचनको खोजी गर्न थाल्नुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

**६** परमेश्वरको अगुवाइ गुमाउने व्यक्तिको वर्णनसँग उसले किन यसो गऱ्यो त्यसको कारण दिने शब्दसमूहको जोड़ा मिलाउनुहोस्।

१) तरीकाको अस्वीकार

२) अनाज्ञाकारिता

__**क**) आफूलाई खराब गर्ने साथीलाई क्षमा दिएको परमेश्वर चाहनुहुन्छ भनी विश्वासलाई थाहा छ, तर विश्वासले यो अझै गरेका छैनन्। अब उनी आफ्ना प्रार्थनाहरूको उत्तर नपाएको महसूस गर्छन्।

__**ख**) दानले परमेश्वरको अगुवाइ खोजिरहेका छन्। उनले के गर्नुपर्ने हो भन्ने विषयमा उनका आमा-बाबुले पनि प्रार्थना गरिराखेका छन्। अझै तालीम लिनको लागि एक वर्ष काम गरेर पैसा जोगाउने सल्लाह

उनीहरू तिनलाई दिन्छन्। तर तिनीहरूका सल्लाह-लाई दान अस्वीकार गर्छन्। तिनीहरूद्वारा परमेश्वर बोल्नुहुन्छ भन्ने कुरामा दान आशावादी छैनन्।

___ग) यसपछि आफूले के गरेको परमेश्वर चाहनुहुन्छ भन्ने कुरा लिन्डा जान्न चाहन्छिन्। आफूले अहिले बाइबल कक्षामा सिकाउन मद्दत गरेको परमेश्वर चाहनुहुन्छ भनी उनलाई थाहा छ, तर उनले अहिलेसम्म यसो गरेकी छैनन्।

## परमेश्वर बोल्नु नै हुनेछ भन्ने निश्चयता

उद्देश्य ३ *परमेश्वर तपाईंसँग बोल्नु नै हुनेछ भनी तपाईंलाई निश्चयता दिने सत्यताहरूमा मनन गर्नुहोस्।*

परमेश्वरको इच्छा पूरा गर्न चाहने कोही पनि व्यक्तिले आफूले परमेश्वरको आवाज सुन्न सक्दिनँ भनी कुनै डर राख्नु खाँचो छैन। कुरा गर्ने शक्ति हामीमा होइन, तर उहाँमा नै भर पर्छ।

परमेश्वर बोल्नु नै हुन्छ। उहाँ तपाईंसँग पनि बोल्नुहुनेछ। यस विषयमा तपाईं निश्चित हुन सक्नुहुन्छ। उहाँ आफैले आफ्नो आवाज सुनाउनुहुन्छ। मानिसहरूले परमेश्वरको आवाज नसुनेका भए तापनि परमेश्वरचाहिँ घरीघरी तिनीहरूसँग बोल्नुभएको प्रशस्तै उदाहरणहरू हामी बाइबलमा देख्छौं (उदाहरणको लागि योना १:३-मा योना र प्रेरित ९:१-६-मा शाऊल)। आवाज सुनिराख्ने व्यक्तिसँग उहाँ निश्चय नै बोल्नुहुन्छ।

### तपाईंको अभ्यासको निम्ति

**१०** तल दिइएका बाइबलका खण्डहरूलाई पढ़ी त्यसमा मनन गर्नुहोस्। प्रत्येक खण्डको बारेमा सोधिएको प्रश्नको

उत्तरलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

**क**) भजनसंग्रह १९:७-११: परमेश्वरको व्यवस्था वा वचनले हामीलाई के दिन्छ (पद ११)?

**ख**) भजनसंग्रह २३:१-३: परमेश्वरले हामीलाई किन अगुवाइ गर्नुहुन्छ (पद ३)?

**ग**) भजनसंग्रह २५:८-१०: परमेश्वरले हामीलाई किन सिकाउनुहुन्छ (पद ८)?

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

६. उसले क नरेशको सल्लाह र ग जीमको सल्लाह अस्वीकार गर्नैपर्छ। किन यसो गर्नुपर्छ, के तपाईं व्याख्या गर्न सक्नुहुन्छ?

१. हरेक किसिमको असल काम गर्नको निम्ति यसले तपाईंलाई तयारी बनाउँछ। (वा यस्तै खालको उत्तर)।

७. तपाईंको उत्तर। तपाईंले निर्मलको अनुभव वा यस्तै किसिमको आफ्नो अनुभव वा तपाईंले चिन्नुभएको व्यक्तिको अनुभवलाई बताउनुभएको होला।

८. **क**) दर्शन (१०-१६ पदहरू) र आवाजद्वारा (१३,१५ र १९ पदहरू)।

**ख**) पत्रसले परमेश्वरको आवाजलाई चिन्ने (पद १४), र परिस्थितिहरूले पनि यसलाई निश्चित तुल्यायो (१७-१८, २२ पदहरू)।

**ग**) उनले परमेश्वरको आवाजको आज्ञापालन गरे (पद २३), र जस-जसलाई स्वीकार गर्नू भनी परमेश्वरले

भन्नुभएको थियो, तिनीहरूलाई उनले स्वीकार गरे (पद २८)।
(तपाईंका उत्तरहरू पनि यीजस्तै हुनुपर्छ। परमेश्वर सीधै रूपमा कसरी बोल्नुहुन्छ भनी देखाउने यो असल उदाहरण हो।)

३. ख) मतियोस ५:११

६. **क.** २) अनाज्ञाकारिता
**ख.** १) तरीकाको इन्कार
**ग.** २) अनाज्ञाकारिता

४. **क.** १) कुनै व्यक्ति वा समूहलाई सीधै दिइएको आज्ञा।
**ख.** २) व्यवहारको सिद्धान्त।
**ग.** १) कुनै व्यक्ति वा समूहलाई सीधै दिइएको आज्ञा।
**घ.** ३) कसैको जीवनमा सिद्धान्तको उदाहरण।

१०. **क)** यसले हामीलाई ज्ञान वा चेताउनी दिन्छ।
**ख)** आफ्नो नाउँको खातिर वा आफ्नो प्रतिज्ञा पूरा गर्नलाई उहाँले अगुवाइ गर्नुहुन्छ।
**ग)** उहाँ भला र धर्मी हुनुभएको हुनाले हामीलाई सिकाउनुहुन्छ।
(यी वा यस्तै उत्तरहरू)

५. **क)** उनी आफैले नै सबै मानिसहरूका न्याय गरिदिन्थे र यति धेरै काम एकलै गर्न उनलाई कठिन थियो।
**ख)** उनलाई सहायता पुऱ्याउन योग्य मानिसहरूको नियुक्त गर्नू भनी यथ्रोले सल्लाह दिए।
**ग)** मानिसहरूको नियुक्त भयो र समस्याहरूको पनि समाधान भयो। यसरी इस्राएलीहरूलाई ठीकसँग अगुवाइ गर्न मोशा सक्षम भए।
(तपाईंका उत्तरहरू पनि मिल्दाजुल्दा हुनुपर्छ)

# पाठ ७

# के येशूलाई परमेश्वरको योजना थाहा थियो?

. . . उहाँ परमेश्वरका पुत्र हुनुहुन्थ्यो।

सिकर्मीको पसलको ढोकामाथि "व्यापारको निम्ति खोलिएको" भन्ने साइनबोर्ड टाँगिएको थियो। यो पसल एउटै परिवारबाट सञ्चालन गरिएको थियो र बाबुका जवान छोराचाहिँ सिकारू थिए। उनीहरूले ईमानदारीको इज्जत पाएका थिए, किनभने सिकर्मी र उनका छोरा ग्राहकहरूले मन पराएकै बुट्टाका सामानहरू तयार पार्न तल्लिन हुन्थे।

सिकारू विशेष किसिमका केटा थिए र पूर्ण सफलता प्राप्त गर्ने लक्षण देखाइसकेका थिए। उनमा भएको सीमितपनाचाहिँ उनको जवानीपन नै देखिन्थ्यो। उनले जे गर्थे सो ठीक गर्थे; तर उनले सिक्नुपर्ने कुरा अझै धेरै नै बाँकी थियो। उनको सिकारूपना महत्त्वपूर्ण हुनुको कारणचाहिँ आफ्नो कामको लागि सबै बल प्रयोग गर्ने उनको क्षमता नै हो। अरूहरू पापतिर खिचिएका देखिन्थे तर सिकर्मीको छोराचाहिँ उनको भित्रि इच्छाको कारणले ठीक कामतर्फ झुकेका देखिन्थे।

के यस वर्णनले बालकको रूपमा हुनुभएको ख्रीष्टको प्रतिनिधित्व गर्छ? मैले लेखी पनि सकेको छु कि उहाँको बाल्यकालको बारेमा थोरै मात्र भनिएको छ। यति मात्र हामीलाई



थाहा छः उहाँको बाल्यकाल साँचो थियो।

ख्रीष्ट मानव बन्नुभएपछि स्वाभाविक जीवनको सीमितपनाको अधीनमा रहनुभयो। उहाँ बालकै हुनुहुँदा उहाँको जीवन खतरामा थियो। उहाँको जीवन बचाउनको निम्ति उहाँका आमा-बाबु भाग्नुपरेको थियो। उहाँ परमेश्वरका अनन्त पुत्र हुनुभएको भए तापनि हेरोदले उहाँलाई मार्न सक्थे। पुत्र परमेश्वर हुनुभएको हुनाले ख्रीष्टलाई अनन्तको योजना स्पष्टसँग थाहा थियो। तर मानिस बन्नुभएको हुनाले मानिसलेजस्तै गरी उहाँले सिक्नुभयो र प्रार्थनाद्वारा परमेश्वरसँग कुराकानी गर्नुभयो।

परमेश्वरको योजना पत्ता लगाउनु र यसलाई पछ्याउनु भनेको के हो सो बारेमा उहाँको जीवनको अध्ययन क्रममा हामीले धेरै सिक्नेछौं।

**यस पाठमा तपाईंले यी विषयहरूमा अध्ययन गर्नुहुनेछ. . .**

ख्रीष्टले सीमितपनाद्वारा सिक्नुभयो
ख्रीष्ट बढ्दैजाँदा सिक्नुभयो
ख्रीष्टले प्रार्थना गर्दा सिक्नुभयो
ख्रीष्टले अनुभव गर्दा सिक्नुभयो

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- ख्रीष्टले कसरी सिक्नुभयो र आफ्नो निम्ति भएको परमेश्वरको योजनालाई कसरी पछ्याउनुभयो सो व्याख्या गर्न।
- तपाईंले उहाँको उदाहरणलाई पछ्याउन सक्ने तरीकाहरूको उल्लेख गर्न।

## ख्रीष्टले सीमितपनाद्वारा सिक्नुभयो

उद्देश्य १ *सीमितपनाको आफ्नो अनुभवद्वारा ख्रीष्टले के सिक्नुभयो परिचित गर्नुहोस्।*

सीमितपनाहरूसँग ख्रीष्ट परिचित हुनुभयो। सृष्टिका परमेश्वर (योआनेस १:३) आफैले सृष्टि गर्नुभएको शरीरमा आफै सीमित हुनुभयो! उहाँले स्वइच्छाले नै आफ्नो ईश्वरीय ज्ञान, उपस्थिति र शक्तिलाई सीमित तुल्याउनुभयो। उहाँ आफैले अनुभवद्वारा सिक्नुभयो।

आफ्ना आमा-बाबुका अधीनमा रहेर उहाँले बाल्यकालको सीमितपना र निराशालाई सिक्नुभयो। उहाँको बाल्यकाल सामान्य थियो। अर्कै किसिमको थियो भनी विचार गर्ने कारण नै छैन। शुरूकै वर्षहरूमा उहाँलाई अनुशासन परिचित गराइएको थियो भन्ने विषयमा कुनै शङ्का छैन। उहाँ वृद्धि हुँदै जानुहुँदा बिस्तारै उहाँको सीमितपना पनि घट्दै गएको थियो।

पितासँग एकै स्थानमा हुनुभएको भए तापनि सीमितपना संलग्न भएको आज्ञाकारितालाई उहाँले स्वीकार गर्नुभयो (फिलिप्पी २:६-८)। आफूले गर्न चाहेको काम उहाँले गर्नुभएन, तर परमेश्वरले चाहनुभएको काम मात्र उहाँले गर्नुभयो (योआनेस ५:१९,३०)। उहाँले अनुभवबाट सिक्नुभयो कि मानिस विभिन्न किसिमका वास्तविक दबाउको अधीनमा छ। स्वाभाविक

(पापरहित) इच्छाहरूले एउटा कुरा चाहन्छन् र परमेश्वरको इच्छाचाहिँ अर्कै हुन सक्छ।

आफ्नो परीक्षाको समयमा आफ्नो मानव जीवन कमजोर भएको अनुभव एकातिर थियो भने, अर्कोतिर ढुङ्गालाई रोटी नबनाउने छनोटद्वारा आफू बाँधिएको पनि उहाँलाई थाहा थियो (लूकास ४:१-४)। जीवनका सृष्टिकर्ताको निम्ति यो कस्तो खालको अनुभव!

**तपाईंको अभ्यासको निम्ति**

**१** ख्रीष्टले स्वइच्छाले नै आफूलाई सीमित राख्नुभयो, यसरी उहाँले हाम्रो कुन अनुभवमा भाग लिन सक्नुहुन्थ्यो?

**क**) पाप
**ख**) असफलता
**ग**) मानवता

## ख्रीष्ट बढ्दैजाँदा सिक्नुभयो

उद्देश्य २ *ख्रीष्टको बाल्यकालको बाइबल आधारित वर्णनहरूबाट ल्याइएको परमेश्वरको इच्छाको बारेका शारंशहरूलाई चिन्नुहोस्।*

ख्रीष्ट ज्ञान र समझ (बुद्धिमा)-मा बढ्नुभयो। उहाँको जीवनको विभिन्न क्षेत्रहरूमा यो भएको थियो भनी बाइबलले उल्लेख गरेको छ।

लूकास २:४०-मा उहाँको शुरूको वृद्धिलाई वर्णन गरिएको छ। परमेश्वरको अनुग्रह उहाँमाथि थियो भनी यसले ठूलो

प्रमाण दिन्छ, किनभने बाइबलले बताएको छ कि उहाँ कलिलो उमेरमा नै बुद्धिले पूर्ण हुनुभएको थियो। तर गालीलमा आफूले सेवा शुरू गर्नुभन्दा पहिले उहाँले कुनै आश्चर्यकर्म गर्नुभएको थिएन (योआनेस २:११)।

येशू बाह्र वर्षको हुनुभएपछि निस्तार-चाड्को निम्ति उहाँका आमा-बाबुद्वारा उहाँलाई मन्दिरमा लगिएको थियो (लूकास २:४१-४२)। यहूदी समाजअनुसार धार्मिक कुरामा वयस्क अवस्थामा उहाँ पुग्नुभएको थियो। तर पनि उहाँ अझै आफ्ना आमा-बाबुका अधीनमा हुनुपर्थ्यो।

हुन सक्छ, यस बेला येशूले एक किसिमको परीक्षाको अनुभव गरिराख्नुभएको थियो, जुनचाहिँ हामी पनि वृद्धि हुँदै जाँदा अनुभव गर्छौं। यो प्रश्न घरीघरी उठ्छः एक व्यक्तिले कहिले आफ्नो जीवनको अगुवाइलाई निश्चित तुल्याउँछ र आफ्नै निर्णयहरूको जिम्मा स्वीकार गर्छ?

ख्रीष्टको जीवनमा आत्मिक सचेतना वा ईश्वरीय चेतना वृद्धि भइराखेको थियो। उहाँको उमेरको दाँजोमा यस्तो वृद्धि अति नै ठूलो थियो। एउटा कुराचाहिँ स्पष्ट छः यसले उहाँको जीवनमा तनाव सृजना गरेको थियो। आफ्ना आमा-बाबुको अधीनमा नै रहेर मन्दिरमा नै बस्ने रुचि उहाँमा तीव्र रूपमा बढ़ेको थियो (लूकास २:४३-५१)।

**तपाईंको अभ्यासको निम्ति**

**२** लूकास २:४१-५१ पढ्नुहोस्। त्यस बेला प्रकट गरिएको उहाँको चरित्रद्वारा येशूले देखाउनुभयो कि उहाँ

**क**) कसैको अधीनमा पनि नहुनुभएको हुनाले उहाँले आफ्नै

निर्णयहरू बनाउन सक्नुहुन्थ्यो।

**ख**) आफ्ना आमा-बाबुको आज्ञाको अधीनमा हुनुहुन्थ्यो र पनि सिद्ध रूपले परमेश्वरको सेवा गर्न सक्नुहुन्थ्यो।

**ग**) ले आफ्ना आमा-बाबुको सल्लाह र अगुवाइको पछि लाग्नुपर्दैनथ्यो।

लूकास २:४०-मा हामी पढ्छौं कि ख्रीष्ट *पूरा* बुद्धिले भरिनुभएको थियो र लूकास २:५२-मा उहाँ बुद्धिमा बढ्दैजानुभयो भनी उल्लेख गरिएको पाउनु चाखलाग्दो कुरा हो। यसबाट यस्तो देखिन्छ कि वरदानको रूपमा भएको बुद्धि कुनै व्यक्तिको परिपक्वता र वृद्धिको अवस्थामा सम्बन्धित छ। बालक येशूलाई भर्ने बुद्धि उहाँको मानसिक र आत्मिक वृद्धिको साथसाथै विकास हुनु आवश्यक थियो।

त्यस समयमा ख्रीष्टले अवश्य पनि परमेश्वरको योजना वा आफ्नो निम्ति भएको उहाँको इच्छाको बारेमा केही सिक्नुभयो। उहाँले आफ्नो पुत्रत्वको बारेमा सिक्न थाल्नुभएपछि, उहाँले मन्दिरमा आफ्नो ठीक स्थान प्राप्त गर्न चाहनुहुन्थ्यो। यद्यपि, उहाँको निम्ति भएको परमेश्वरको इच्छामा मरियम, योसेफ र तिनीहरूले धेरै वर्षसम्म दिएका अनुशासन र शिक्षा पनि संलग्न गरिएको थियो। बाह्र वर्षको उमेरमा उहाँले पूर्ण तस्वीर त देख्नुभएन, तर आफूले *जानेको* कुरालाई बाह्र वर्षको केटाले जस्तै गरी उत्तर दिनुभयो। वास्तविकताचाहिँ यो थियो कि ख्रीष्टलाई तालिम दिने काम परमेश्वरले सकिसक्नुभएको थिएन र ख्रीष्ट पनि आफ्नो सेवकाइको निम्ति अझै तयारी भइसक्नुभएको थिएन।

सत्यताहरूका बुझाइमा जसरी हामी वृद्धि हुन्छौं, त्यसै गरी ख्रीष्ट पनि वृद्धि हुनुभयो। उहाँले आफ्नो *सेवा* शुरूमा नै देख्नुभयो। उहाँ आफू *वृद्धि* हुनुभएपछि यसलाई बुझ्नुभयो।

### तपाईंको अभ्यासको निम्ति

**३** लूकास २:३६-५२-मा येशूको बाल्यकालको बाइबल वर्णनबाट निकाल्न सकिने परमेश्वरको इच्छाको बारेमा भएको सारांशको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) आफ्नो निम्ति भएको परमेश्वरको इच्छालाई देख्ने एक व्यक्ति यसको बुझाइमा वृद्धि हुनु आवश्यक छ।

**ख**) एक व्यक्ति एकै पल्टमा परमेश्वरको इच्छा पछ्याउन र सीमितपनका अधीनमा रहन सक्दैन।

**ग**) आफ्नो इच्छाको सम्बन्धमा परमेश्वरले दिनुभएको बुद्धिले वृद्धि वा परिपक्वतासँग कुनै सम्बन्ध राख्दैन।

## ख्रीष्टले प्रार्थना गर्दा सिक्नुभयो

उद्देश्य ३ *ख्रीष्टले सिक्नुभएजस्तै गरी तपाईंले पनि प्रार्थनाद्वारा सिक्नुभएका पाठहरूलाई वर्णन गर्नुहोस्।*

वृद्धि हुँदैजाँदा मात्र ख्रीष्टले सिक्नुभएन, तर उहाँले प्रार्थना गर्नुहुँदा पनि सिक्नुभयो। हाम्रो जस्तै उहाँको पनि, प्रार्थना पितासँगको सचेतन सम्बन्ध थियो। उहाँ जवान मानिस हुनुभएको बेलामा प्रार्थना गर्ने उहाँको बानीको सम्बन्धमा बाइबलले केही पनि बताउँदैन (तीस वर्षको उमेरमा), तर उहाँको तीन वर्षको सेवकाइको समयमा भएको उहाँको प्रार्थनाको जीवनबाट यो स्पष्ट छ, कि प्रार्थना गर्ने यो बानीचाहिँ उहाँले शुरूबाटै विकास गर्नुभएको थियो। प्रार्थनाद्वारा परमेश्वरको योजनाको सम्बन्धमा उहाँले के सिक्नुभयो होला त?

**अनुशासन**

ख्रीष्टले प्रार्थनाको अनुशासनमा आफैलाई समर्पित गर्नुभयो। प्रार्थना सजिलो अभ्यास होइन। शरीरको इच्छाले यसलाई आकलझुकल मात्र समर्थन गर्छ। वास्तवमा, आत्मामा हुने पीडाद्वारा आउने आत्मिक विजयता हाम्रा शरीरमा हुने कष्टको मूल्यमा प्रायःजसो जितिने गरिन्छ। यस किसिमको संघर्षमा भाग लिनबाट हाम्रो शरीर टाढै रहन चाहन्छ।

गेत्समनीमा भएको ख्रीष्टको प्रार्थनाको अनुभवबाट यस सिद्धान्त स्पष्टसँग प्रकट भएको छ। उहाँले पिताको अपरिवर्तित इच्छा पूरा गर्ने आत्मिक अठोट गर्नुभएको हामी देख्छौं। "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्" भनी उहाँले भन्नुभयो (मतियोस २६:३९)। उहाँको चिच्याई, परमेश्वरको मार्गलाई जान्न चाहने वास्तविक मानिसको चिच्याई नै थियो। प्रार्थनाको पीडाको साथसाथै भएको यस्तो तनावको बीचमा उहाँको मानव शरीर थकाइको चरमसीमामा पुग्यो र उहाँको पसीना रगतका थोप्लाजस्तै भई खसिरहेका थिए (लूकास २२:४४)।

**तपाईंको अभ्यासको निम्ति**

**४** मतियोस २६:४०-४१ पढ्नुहोस्। चेलाहरूले प्रार्थना गरेका थिएनन्, किनभने

**क)** कसरी प्रार्थना गर्नुपर्ने हो त्यस विषयमा तिनीहरू पक्का थिएनन्।

**ख)** त्यस बेला तिनीहरूमा प्रार्थना गर्ने मन नै थिएन।

**ग**) तिनीहरूले आफूलाई आफ्ना शारीरिक इच्छाले अधीन गर्न दिए।

मानव शरीरले जहिले पनि शारीरिक आराम खोज्छ। यसका इच्छाले कसैलाई पनि प्रार्थना वा मध्यस्थको प्रार्थनातर्फ लैजाँदैन। आदमको पापद्वारा आएको श्रापबाट असर नपरेको उहाँको सिद्ध मानवीय स्वभाव भए तापनि यस सत्यतालाई ख्रीष्टले स्पष्टसँग सिक्नुभएको थियो।



**आश्रय (भर)**

प्रार्थना गर्दा पितामा कति भरोसा राख्नुपर्छ भनी ख्रीष्टले सिक्नुभएको थियो। प्रार्थनाको लामो समयपछि मात्र उहाँले नयाँ सेवा सञ्चालन गर्नुभयो। आफ्ना बाह्र चेलाहरू छान्नुभन्दा पहिले उहाँले पूरै रात प्रार्थनामा बिताउनुभयो। त्यस प्रार्थनाका शब्दहरूलाई उल्लेख नगरिएको भए तापनि हामी देख्छौं कि आफूले छान्नुभएका बाह्र चेलाहरूलाई अर्को दिन आफैकहाँ बोलाउनुहुँदा उहाँ निश्चित हुनुहुन्थ्यो (लूकास ६:१२-१६)।

आफ्नो कष्ट र मृत्युको समय नजीकै पुग्दा उहाँले गर्नुभएको प्रार्थना सुन्ने सुभ अवसर हामीले पाएका छौं (योआनेस १७)।



पितासँग भएको उहाँको गहिरो व्यक्तिगत सम्बन्धको बारेमा हामी यहाँ देख्छौं। उहाँको प्रार्थना यति यथार्थ, यति व्यक्तिगत थियो कि हामी पितालाई त्यहीँ नै देख्न सक्छौं। ख्रीष्टले पितालाई आफ्ना सम्बन्ध र पिताले आफूलाई दिनुभएका व्यक्तिहरूमाथि कसरी भरोसा राख्नुभयो सो कुराको स्मरण गराउनुभयो। यो पूरा भरोसाको प्रार्थना थियो।



**प्रभावशाली कुराकानी**

ख्रीष्टले यो पनि सिक्नुभयो कि परमेश्वरसँग कुराकानी गर्नेका निम्ति पूर्ण प्रभावशाली र पर्याप्त तरीका प्रार्थना नै हो। उहाँले प्रार्थना गर्नुहुँदा आश्चर्य कामहरू भए। पानीमा बप्तिस्मा लिँदैगर्नुहुँदा उहाँले प्रार्थना गर्नुभयो, र पवित्र आत्मा ढुकुरको रूपमा उहाँमाथि आउनुभयो (लूकास ३:२१-२२)।

भूत आत्माले ग्रस्त भएको एक जवान केटाबाट चेलाहरूले त्यस भूतलाई निकाल्न नसकेपछि येशूले तिनीहरूलाई हप्काउनुभयो (मर्कूस ९:१९,२८-२९)। प्रार्थनाद्वारा नै विजय प्राप्त भएको हो भनी उहाँले बताउनुभयो। उहाँको शक्तिले उहाँका प्रार्थनाहरूको गवाही दिएको थियो।

लाजरसको पुनरुत्थानको निम्ति उहाँले प्रार्थना गर्नुभयो (योआनेस ११:३८-४४)। उहाँले प्रार्थनाद्वारा निरन्तर रूपमा पिताको शक्ति र अगुवाइलाई खोज्नुभयो। उहाँले सिक्नुभयो कि परमेश्वरसँग कुराकानी गर्नको निम्ति प्रार्थनाको माध्यम पर्याप्त र प्रभावशाली छ।

**तपाईंको अभ्यासको निम्ति**

**५** प्रार्थनाद्वारा ख्रीष्टले तीन कुराहरू सिक्नुभयो भनी हामीले अध्ययन गऱ्यौं। तपाईंले प्रार्थनाद्वारा सिक्नुभएका कुरालाई विचार गर्नुहोस्। तल उल्लेखित क्षेत्रहरूमा तपाईंले अनुभव गर्नुभएको वा तपाईंले सिक्नुपर्ने पाठको सम्बन्धमा छोटो वर्णन आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

**क)** अनुशासन

**ख)** आश्रय (भर)

**ग)** प्रभावशाली कुराकानी

## ख्रीष्टले अनुभव गर्दा सिक्नुभयो

उद्देश्य ४ *ख्रीष्टले अनुभवद्वारा के सिक्नुभयो सो वर्णनलाई छान्नुहोस्।*

ख्रीष्टले अनुभवद्वारा सिक्नुभयो। अनुभव गरेर सिक्नु र यस घटनाबाट अलग भएर त्यस विषयमा जानकारी प्राप्त गर्नु भिन्नाभिन्नै ज्ञान हो।

परमेश्वरको पवित्रतालाई अलगपनद्वारा प्रकट गरिएको छ। परमेश्वरका पुत्रको हैसियतले पापीहरूसँग होइन तर मानिससँग मिल्न उहाँ आफै आउनुभयो। उहाँको उद्देश्य मानिसको अनुभवमा भाग लिनु र परमेश्वरको पवित्रतालाई कायम राख्नुथियो। मानिस बन्नुभएको अनुभवद्वारा ख्रीष्टले के सिक्नुभयो जुन कुरा उहाँलाई पहिले थाहा थिएन?

### परीक्षामाथि विजयता

ख्रीष्टले परीक्षाको अनुभवद्वारा सिक्नुभयो। उहाँले परीक्षालाई अवलोकन मात्र गर्नुभएको होइन। उहाँले अनुभव गर्नुभयो कि यसले गल्ती गर्नको निम्ति दबाउ दिन्छ। उहाँले उजाड़-स्थानमा अनुभव गर्नुभएको परीक्षाको नमूनालाई पछ्याउनुहोस् (लूकास ४:१-१३)।

आत्माद्वारा येशू उजाड़-स्थानमा लगिनुभयो, र चालीस दिनसम्म उहाँले केही पनि खानुभएन। यी चालीस दिनहरूमा उहाँले शैतानबाटका धेरै परीक्षाहरूको सामना गर्नुपऱ्यो। बाइबलमा उल्लेख गरिएका तीनवटा परीक्षाहरूका सामना गर्दा उहाँलाई भोक, थकाइ र शारीरिक कमजोरीको अनुभव भएको थियो। उहाँले आफ्ना मानव सीमितपनहरूलाई अनुभव गरिरहनु-भएको थियो। ढुङ्गालाई रोटी बनाउनेजस्तो काम गर्ने परीक्षा वास्तवमा पूरा गल्तीजस्तो देखिँदैनथ्यो।

अनन्तताको निम्ति भएको सारा विश्वको आशा ख्रीष्टले पिताको इच्छा जान्ने र पालन गर्ने आज्ञाकारितामा भर परेको थियो, यसरी ख्रीष्टले भोक, थकाइ, निराशा वा अन्य परिस्थितिहरूको वास्ता गर्नुभएन। त्यस किसिमको संघर्ष नै परीक्षाको अनुभव हो।

उहाँको विजयतालाई अरूहरूका असफलतासँग तुलना गर्नुहोस्। एसाव शिकार खेल्दैथिए र याकूबले तयार गरेका मासुको झोलको बास्नाको परीक्षालाई उनले इन्कारै गर्न सकेनन् (उत्पत्ति २५:२७-३४)। इस्राएलीहरू मिश्रदेशबाट उजाड़-स्थानमा आइसकेपछि मिश्रमा खानेकुरा सम्झेर केही दिनपछि नै तिनीहरू त्यहाँ फर्कन तयार भइसकेका थिए (प्रस्थान १६:१-३)।

येशूले अनुभवद्वारा सिक्नुभयो। उहाँले प्राकृतिक शरीर र मनको कमजोरीलाई सिक्नुभयो। परीक्षासँग युद्ध गर्नको निम्ति परमेश्वरको वचनको शक्तिको पर्याप्ततालाई पनि उहाँले सिक्नुभयो। उहाँले कमजोरीको निम्ति दया देखाउनुभयो र पापलाई चाहिँ सहँनुभएन (हिब्रू ४:१५)।

### तपाईंको अभ्यासको निम्ति

**६** ख्रीष्टको परीक्षाको अनुभवले हामीलाई देखाउँछ कि

**क)** परीक्षाहरू त्यस बेला आउँछन्, तब हामी तिनीहरूमाथि विजय हुनलाई कमजोर भइराखेका हुन्छौं।

**ख)** हामीले जस्तै गरी उहाँले परीक्षाको सामना गर्दै गर्नुभएन।

**ग)** परमेश्वरको वचनको प्रयोगद्वारा हामी परीक्षामाथि विजय हुन सक्छौं।

**घ)** हामी कमजोर वा थकित भए तापनि परीक्षाहरूमाथि विजयता प्राप्त गर्न सम्भव छ।

**आज्ञाकारिता**

ख्रीष्टले कष्टको आफ्नो अनुभवद्वारा आज्ञाकारिता सिक्नुभयो। स्वर्गको आनन्दमा पिताको अधीनमा रहनु एउटा कुरा हो; अर्कै किसिमको होला भनी कसले कल्पना गर्न सक्छ त? तर मानिस पृथ्वीमा आज्ञाकारी हुनु अर्कै कुरा हो। स्वाभाविक संसारको सबै दबाउ यसकै विरुद्धमा हुँदा, पतन भएको संसारको सबै शक्ति यसकै विरुद्धमा हुँदा, शैतानको सबै शक्ति यसकै विरुद्धमा हुँदा पनि परमेश्वरकै अधीनमा रहनु मानिसको साँचो आज्ञाकारिता हो।

यस्तो किसिमको आज्ञाकारिता कष्टबाटै सिकिन्छ (हिब्रू ५:८)। त्यहाँ अर्को उपाय नै छैन। हामीले जानेजस्तै जान्न, हामीले आज्ञापालन गरेझैँ आज्ञा पालन गर्न ख्रीष्टलाई मानव बन्नु आवश्यक थियो भन्दा हामीले बाइबललाई गल्ती व्याख्या गरेका हुँदैनौं।

सर्वशक्तिमान्‌का निम्ति विरोधको अर्थ के हुन्छ त? आफै जीवन हुनुभएका लागि मृत्युको अर्थ के हुन्छ त? निको पार्नुहुने यहोवेको निम्ति दुःख के हुन्छ त? असीमित सम्पत्ति हुनुभएका लागि खाँचो के हुन्छ त? समुद्रबाट एक कचौरा पानी झिक्नाले समुद्रमा कस्तो असर पर्‍यो भनी कसैले नाप्न सक्छ त?

तर अवतार लिनुभएको अर्थात् मानव बन्नुभएको ख्रीष्टको निम्ति सीमितपना वास्तविक अनुभव थियो। यसरी नै मानिसका रूपमा उहाँले पिताको इच्छाको आज्ञापालन गर्न सिक्नुभयो।

**तपाईंको अभ्यासको निम्ति**

७ आफ्नो कष्टको अनुभवद्वारा ख्रीष्टले आज्ञाकारिता सिक्नुभयो किनभने,

**क**) उहाँले यसभन्दा पहिले कहिल्यै दुःख वा कष्टको

अनुभव गर्नुभएको थिएन।

**ख**) उहाँले स्वर्गमा परमेश्वरका पुत्रको हैसियतले नभएर मानिसका रूपमा परमेश्वरको इच्छा पूरा गर्नुभयो।

**ग**) उहाँ मानिस हुनुभन्दा पहिले पिताको इच्छाको अधीनमा हुनुहुन्थ्यो।

**८** ख्रीष्टले आफ्नो निम्ति भएको परमेश्वरको योजनालाई सिक्नु र पछ्याउनुभएका धेरै तरीकाहरूलाई हामीले अध्ययन गरिसकेका छौं। ती तरीकाहरू वर्णन गर्ने प्रत्येक वाक्यलाई पढ्नुहोस्। तपाईंको आफ्नै जीवनमा उहाँको उदाहरणलाई कसरी पछ्याउन सक्नुहुन्छ सो वर्णन गर्दै आफ्नो अभ्यास-पुस्तिकामा तलको वाक्यलाई पूरा गर्नुहोस्।

**क**) ख्रीष्टको मानविक अनुभवको सीमितपना हुँदाहुँदै पनि उहाँले पूर्ण रूपले परमेश्वरको इच्छालाई पूरा गर्नुभयो। *मेरो अनुभवका सीमितपनामा पनि म परमेश्वरको इच्छा पूरा गर्न सक्छु...*
(यसलाई आफ्नो अभ्यास-पुस्तिकामा पूरा गर्नुहोस्)।

**ख**) ख्रीष्टले प्रार्थनाको अनुशासनद्वारा परमेश्वरको इच्छा सिक्नुभयो। *म पनि ... (यसलाई पूरा गर्नुहोस्) गरेर प्रार्थनाको अनुशासनद्वारा परमेश्वरको इच्छा सिक्न सक्छु।*

**ग**) परीक्षा, भोक, थकाइ, दुःख वा कष्ट हुँदाहुँदै पनि ख्रीष्टले परमेश्वरको इच्छा पालन गर्नुभयो। *तल उल्लेखित परीक्षा, भोक, थकाइ, दुःख वा कष्ट हुँदाहुँदै पनि म परमेश्वरको इच्छाअनुसार गर्न सक्छुः ................ (यसलाई पूरा गर्नुहोस्।)*

पृथ्वीमा आउनुहुँदा पहिल्यै ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्थ्यो। उहाँ आउनुभन्दा पहिल्यै सबै थोक उहाँलाई थाहा थियो, तर हाम्रा महान् प्रधान पूजाहारी हुन र पिताको अगाड़ि हामीलाई प्रस्तुत गर्नका निम्ति उहाँ स्वर्गमा फर्केर जानुहुँदा उहाँले भिन्नै

किसिमको ज्ञान लिएर फर्कनुभएको थियो (हिब्रू १२:२)।

कति ठूलो उत्साह! कति ठूलो उदाहरण! हामीभन्दा पहिले ख्रीष्ट गइसक्नुभएको छ। आफ्नो निम्ति भएको परमेश्वरको योजना उहाँले सिक्नुभयो र त्यसकै पछि लाग्नुभयो। उहाँ विजयी हुनुहुन्छ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५. तपाईंका उत्तरहरू। परमेश्वरको योजना थाहा पाउनु र त्यसको पछि लाग्नको निम्ति तपाईंलाई सहायता पुऱ्याउनको लागि ख्रीष्टको प्रार्थनाको जीवनमा भएका केही सत्यताहरूलाई तपाईं देख्नुहुन्छ?

१. ग) मानवता

६. ग) परमेश्वरको वचनको प्रयोगद्वारा हामी परीक्षामाथि विजय हुन सक्छौं।
   घ) हामी कमजोर वा थकित भए तापनि परीक्षाहरूमाथि विजय प्राप्त गर्न सम्भव छ।

२. ख) आफ्ना आमा-बाबुको आज्ञाको अधीनमा हुनुहुन्थ्यो र पनि सिद्ध रूपले परमेश्वरको सेवा गर्न सक्नुहुन्थ्यो।

७. ख) उहाँले स्वर्गमा परमेश्वरका पुत्रको हैसियतले नभएर मानिसका रूपमा परमेश्वरको इच्छा पूरा गर्नुभयो।

३. क) आफ्नो निम्ति भएको परमेश्वरको इच्छालाई देख्ने एक व्यक्ति यसको बुझाइमा वृद्धि हुनु आवश्यक छ।

८. तपाईंको उत्तर। तपाईंको जीवनमा तपाईंले ख्रीष्टको उदाहरण पछ्याउन सक्ने विभिन्न तरीकालाई तपाईंले देख्न सक्नुभयो होला भन्ने कुरामा म आशावादी छु।

४. ग) तिनीहरूले आफूलाई आफ्ना शारीरिक इच्छाले अधीन गर्न दिए।

पाठ ८

# म कसरी भविष्यको नजीक आउन सक्छु?

. . . के गर्नुपर्ने हो म जान्न चाहन्छु

जोहनको व्यापार उल्टापाल्टा भयो, किनभने धेरै वर्षमा उनले पहिलो पल्ट ठूलो नोक्सान सहनुपरेको थियो। यस्तो किन भयो भन्ने विषयमा साँचो जानकारी प्राप्त गर्न नसक्नु नै उनको ठूलो समस्या थियो। मानिसहरूबाट उनको व्यापार किन्ने प्रस्ताव आयो। तुरुन्तै यसलाई बेच्ने वा भविष्यमा हुने नाफाको आशा राखेर अहिले नबेच्ने सम्बन्धमा प्रश्न उठ्यो। यदि उनलाई भविष्य थाहा हुने भएता हुनेथियो!

जोहनले पनि अरूहरूले गरेझैं गरे। उनी जोखाना हेर्ने (भाग्य बताउने)-कहाँ गए। यदि उनले भविष्यको बारेमा थाहा मात्रै पाए भने, कसरी काम गर्नुपर्ने हो सो उनलाई थाहा थियो। जोखाना हेर्ने मानिसले जोखाना हेर्दा आफूले "देखेको" दाबी गर्दै भन्यो कि उनको नजीकको भरोसायोग्य कामदार बेइमान भएको छ र अब ऊ त्यस पूरै व्यापारको मालिक हुने प्रयास गरिराखेको छ। भर्खरै व्यापारमा भएको नोक्सानी पनि उनकै कारणले भएको हो भनी त्यो जोखाना हेर्नेले बताइदियो।

अब जोहनले जोखाना हेर्नेको कुरामा विश्वास गरी एक्कासि त्यसैअनुरूप काम गर्न थाले। उनले आफ्ना सहकर्मी मोहनलाई



गाली गरे। वर्षौं पहिलेदेखि उनले मोहनलाई विश्वास गर्दै आएका थिए, तर जोखाना हेर्ने व्यक्ति गल्ती हुन सक्दैन भनी उनले विचार गरेका थिए।

त्यस बेलुकी जोहन आफ्नो चर्च (एकलेसिया)-मा गए। त्यहाँ उनी पवित्र आत्माद्वारा कायल भए। जोखाना हेर्न गएकोमा उनले पश्चात्ताप गरे र आफूले क्षमा माग्नको निम्ति मोहनलाई बोलाए। तर मोहनले आत्महत्या गरिसकेका थिए र सो कुराले उनमा ठूलो त्रास उब्जियो। पछिगएर, मोहन पूरै निर्दोष थिए भन्ने कुराको प्रमाण भयो।

मानिसमा भएको के कुराको कारणले उसले जहिले पनि भविष्यको विषयमा थाहा पाउन चाहन्छ? के यो गल्ती हो? तपाईंले भविष्यलाई कसरी हेरेको परमेश्वर चाहनुहुन्छ र यस बारेमा उहाँले के प्रकट गर्नुभएको छ सो कुरा तपाईंले यस पाठमा अध्ययन गर्नुहुनेछ।

**यस पाठमा तपाईंले यी विषयहरूमा अध्ययन गर्नुहुनेछ. . .**

भविष्यको निम्ति परमेश्वरको योजना
परमेश्वरले किन आफ्नो प्रकाशलाई सीमित पार्नुहुन्छ
आजको निम्ति परमेश्वरको योजना

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- उचित प्रवृत्तिसाथ भविष्यलाई दृष्टिकोण गर्न।
- भविष्यको बारेमा परमेश्वरले किन केही कुरा हामीलाई देखाउनुहुन्छ र अरूहरूचाहिँ देखाउनुहुन्न सो व्याख्या गर्न।
- तपाईंको जीवनको निम्ति परमेश्वरको दैनिक योजनालाई पछ्याउन।

## भविष्यको निम्ति परमेश्वरको योजना

उद्देश्य १ *भविष्यको सम्बन्धमा भएको परमेश्वरको प्रकाशको विषयवस्तु र उद्देश्यको उल्लेख गर्नुहोस्।*

भविष्यको बारेमा विचार गर्न सक्ने एक मात्र सृष्टि मानिस नै हो भनी बुझ्नु महत्त्वपूर्ण छ। भविष्यको निम्ति खाना जम्मा गर्नलाई जनावरहरूले शारीरिक खाँचोअनुसार कार्य गर्छन्, तर मानिसले भविष्यको बारेमा विचार गर्छ र उसका आफ्नै उद्देश्यहरूका निम्ति यसलाई अधीन गर्ने कोशिश पनि गर्छ। भविष्यको बारेमा विचार गर्ने क्षमता मानिस आफैले नै विकास गरेको होइन। यो ता परमेश्वरले उसलाई दिनुभएको हो। परमेश्वरको स्वरूपमा बनेको सृष्टि भएको हुनाले यो ता उसको चरित्रको अभिन्न अङ्ग नै हो।

भविष्यको बारेमा जान्ने मानिसको इच्छामा कुनै पनि खतरा छैन। कहिलेकहीँ भविष्यको बारेमा भएको मानिसको ज्ञानले उसलाई बुद्धिमान् कामहरूका सट्टामा मूर्ख कामहरूतर्फ लैजाने हुनाले यसै कुरामा खतरा हुन्छ।

भविष्यको बारेमा जान्नलाई प्रार्थना गर्नु र परमेश्वरको इच्छा जान्नको लागि प्रार्थना गर्नुको बीचमा फरक छ। के गर्नुपर्ने हो भनी निर्णय गर्नलाई हामी भविष्यको बारेमा जान्न

चाहन्छौं। तर हामीले के गरेको परमेश्वर चाहनुहुन्छ भनी जान्नलाई हामी परमेश्वरको इच्छा थाहा पाउन चाहन्छौं।

**तपाईंको अभ्यासको निम्ति**

**१** तल उल्लेखित कुनचाहिँ बयानले भविष्यप्रतिको ठीक प्रवृत्तिलाई उल्लेख गर्छ?

**क**) भविष्यको बारेमा म जान्न चाहन्छु र यसरी मैले के गर्नुपर्ने हो सो म निर्णय गर्न सक्छु।

**ख**) परमेश्वरको योजना म जान्न चाहन्छु र यसरी मैले जे गरेको उहाँ चाहनुहुन्छ सो म गर्न सक्छु।

**परमेश्वरले के प्रकट गर्नुभएको छ**

परमेश्वरले भविष्यका केही कुरा हामीलाई प्रकट गरिदिनुभएको छ। आउने घटनाहरूलाई बाइबलको अन्तिम पुस्तक अर्थात् योआनेसलाई भएको प्रकाशमा क्रमिकरूपमा प्रकट गरिएको छ।

आफूले देखेको कुरालाई धेरै पल्ट योआनेसले वृतान्त दिएर उल्लेख गरेका छन्। उनले यसरी लेखेका भए पनि के हुनेछ भन्ने सम्बन्धमा पूरै सहमति हुन बाइबल विद्वान्हरू कठिनाइको अनुभव गर्छन्। वर्तमान अवस्थाको कारणले परमेश्वरले देखाउनुभएको भविष्यलाई स्वीकार गर्न पनि गाह्रो पर्छ होला।

यस पृथ्वीमा येशू ख्रीष्ट वास्तविक र व्यक्तिगत रूपमा फर्कनुहुने वा हजार वर्षको धार्मिकताको राज्यलाई हामी कसरी कल्पना गर्न सक्छौं (प्रकाश १:७; २०:१-१)? योआनेसका धेरै वर्णनहरू असत्यजस्ता देखिएकोमा चकित मान्नुपर्ने कारण

नै छैन। अपरिचित ठाउँमा भएका घटनाहरूलाई हामीले बुझ्न नसक्ने हुनाले उनको सन्देशको ठीक अर्थ लगाउन हामीलाई कठिन पर्छ।

योआनेसको सन्देशलाई व्याख्या गर्दा केही समस्याहरूको सामना गर्नुपरे तापनि भविष्यको बारेमा धेरै कुराहरू स्पष्ट छन्। परमेश्वरको समय आएपछि, संसार परिवर्तन हुनेछ। मानव-निर्मित सभ्यता नष्ट हुनेछ तर मानिसचाहिँ रहनेछ। ख्रीष्टले हस्तक्षेप गर्नुहुनेछ र राज्यको स्थापना गर्नुहुनेछ।

दुष्टताको न्याय हुनेछ र पृथ्वीबाट श्राप हटाइनेछ। दुष्टताको मालिक शैतानलाई सधैंको निम्ति फालिनेछ र त्यसलाई दण्ड दिइनेछ।

हामी परिवर्तन हुनेछौं! हाम्रा शरीरहरू महिमित हुनेछन् र हाम्रो ज्ञान सिद्ध हुनेछ। उद्धार पूर्ण हुनेछ। तपाईं व्यक्तिगत रूपमा सिद्ध हुनुहुनेछ। तपाईं परमेश्वरको सिद्ध इच्छामा पनि हुनुहुनेछ। मुख्य निर्माणकर्ताको हैसियतले, ख्रीष्टले तपाईंमा आफ्नो काम पूरा गर्नुहुनेछ। उहाँको राज्य पूर्ण हुनेछ।

परमेश्वरले हामीलाई अझ धेरै किन बताउनुभएन भनी बुझ्न सजिलो छ। उहाँले हामीलाई भन्नुभएको कुरा कल्पना गर्न पनि हामीलाई कठिन पर्छ।

**तपाईंको अभ्यासको निम्ति**

**२** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) भविष्यको बारेमा भएका योआनेसका वर्णन अपरिचित छन्, किनभने ती असत्य छन्।

**ख**) प्रकाशको पुस्तकले बताउँछ कि येशू ख्रीष्ट व्यक्तिगत

रूपमा यस पृथ्वीमा फर्कनुहुनेछ।

**ग)** भविष्यको बारेको ज्ञान हामीले दुरुपयोग गर्न सक्ने हुनाले यस बारेमा नबताउन नै परमेश्वरलाई असल लाग्यो।

**घ)** हाम्रो निम्ति भएको परमेश्वरको योजनामा पूर्ण सिद्धता समावेश गरिएको छ।

**प्रकाशको निम्ति परमेश्वरको योजना**

भविष्यको बारेमा हामीले जानेको अलि-अलि कुराले हामी परमेश्वरलाई "सहायता" गर्ने कोशिश गर्छौं। यदि तपाईं यसको उदाहरण बाइबलमा पढ्न चाहनुहुन्छ भने उत्पत्ति १६ अध्यायमा तपाईं अब्राहाम र हागारको विषयमा पढ्न सक्नुहुन्छ। परमेश्वरको प्रतिज्ञालाई पूरा गराउने हाम्रो प्रयासले हामीलाई आशिष् होइन तर दुःखतर्फ लैजान्छ। परमेश्वरले भविष्यको बारेमा हामीलाई अलिकति बताउनुको मतलब हामीले भविष्यका लागि योजना तयार पार्न कोशिश गरौं भनेर होइन, तर हामी आशावादी हुन सकौं भनेर हो।

येशूले आफ्नो निम्ति भएको पिताको योजनाको चरम आनन्दलाई देख्नुभयो। उहाँको अगाड़ि राखिएको आनन्दले गर्दा नै उहाँले क्रूसलाई सहनुभयो र यसको निन्दालाई इन्कार गर्नुभयो (हिब्रू १२:२)। शैतानको योजनचाहिँ ख्रीष्टले प्राप्त गर्नुभएको भविष्यको ज्ञानलाई प्रयोग गर्नु थियो (संसारका राज्यहरू ख्रीष्टकै बन्नेछन्) र यसको उद्देश्यचाहिँ सजिलैसँग यी कुराहरू प्राप्त गर्न ख्रीष्टलाई अल्मल्याउनु थियो। शैतानको अगाड़ि झुकेर त्यसलाई आराधना गर्नको लागि त्यसले ख्रीष्टसँग माग गऱ्यो (लूकास ४:५-८)। तर ख्रीष्टले शैतानको निम्तोलाई अस्वीकार गर्नुभयो र आफ्नो निम्ति भएको परमेश्वरको योजनालाई पछ्याउनुभयो।

वर्तमान समयका कठिनाइहरूको सामना गर्नको लागि हामीलाई सहायता पुऱ्याउन परमेश्वरले हामीलाई भविष्य देखाउनुभएको छ। उहाँले हाम्रा निम्ति निर्धारित गर्नुभएको लक्ष्य अर्थात् सिद्धतामा पुग्ने हाम्रो उद्देश्य स्वाभाविक रूपमा असम्भव भएको हुनाले दैनिक रूपमा हामीले उहाँको सहायताको आशा गर्नैपर्छ। उहाँले हामीलाई जे गर्ने आज्ञा दिनुभएको छ सो पूरा गर्नको लागि उहाँले हामीलाई आफ्नो बल र अनुग्रह दिन चाहनुहुन्छ।



**तपाईंको अभ्यासको निम्ति**

**३** तलको वाक्यलाई पूरा गर्नुहोस्। परमेश्वरले हामीलाई भविष्य देखाउनुभएको छ र यसरी हामी......................
..........................................................................

## परमेश्वरले किन आफ्नो प्रकाशलाई सीमित पार्नुहुन्छ

उद्देश्य २ *भविष्य सम्बन्धी भएको आफ्नो प्रकाशलाई किन परमेश्वरले सीमित पार्नुहुन्छ सो व्याख्याहरूलाई छान्नुहोस्।*

किन सबै कुरा परमेश्वरले पहिल्यै हामीलाई देखाइ दिनुहुन्न? के उहाँ हामीलाई भरोसा गर्नुहुन्न? प्रश्नचाहिँ

हामीमाथि भएको उहाँको भरोसा होइन तर उहाँमाथिको हाम्रो भरोसा हो।



भविष्यको लक्ष्यमा पुग्नका लागि आवश्यक सबै कदमहरूलाई यदि हामीले देख्यौं भने, हामी केही कदम पालन गर्ने आत्तुरी गर्छौं र अरू कदमहरूलाई चाहिँ छोड़िदिने कोशिश गर्छौं। यसरी हामीले सबै कदमहरू नचालेको खण्डमा हाम्रो निम्ति भएको परमेश्वरको योजनालाई हामी पूरा गर्न सक्दैनौं। हामीले बाइबलमा पढ्ने केही मानिसहरूका जीवनमा हामी हतार र इन्कारका नमूनाहरू देख्छौं।

यहोशूले यरिहो शहरलाई जिते। त्यसपछि ऐ शहरलाई कब्जा गर्नुपर्ने थियो। काम पूरा गर्नलाई उनी उत्साहित थिए। (विजय प्राप्त गर्दा कसले आनन्द मनाउँदैन र!), यसरी प्रभुको अगुवाइविना नै ऐ शहरतिर जान उनले हतार गरे। नतीजाचाहिँ डरलाग्दो भयो (यहोशू ७:२-५)।

करारको सन्दूक (इस्राएलसँग भएको परमेश्वरको करार राखिएको पवित्र बाकस) यरूशलेममा फर्काएर लानलाई दाऊदले

हतार गरेका थिए। उनको ठीक अभिप्राय स्वागतयोग्य देखिन्थ्यो। मानिसहरूले बोकेर लैजानुको सट्टामा छिटो गर्नलाई उनले सन्दूक-लाई गाड़ामा हालेर लाने निधो गरे (प्रस्थान २५:१२-१४; यहोशू ३:२-४)। फेरि नतीजाचाहिँ परमेश्वरको राज्यको छिटो प्रगति भएन तर ठूलो नोक्सान पो भयो (२ शमूएल ६:६-८)।

येशूले क्रूसमा बलिदान गर्नुहुने कुरा थाहा पाएपछि पत्रसले सो कुरा स्वीकार गर्नै सकेनन् (मतियोस १६:२२)। यस अनुभवको कारणले उनी ख्रीष्टको साथमा हिँड्नुभन्दा तरवारले युद्ध गर्न चाहन्थे (योआनेस १८:१०-११)।

*मेरो निम्ति भएको परमेश्वरको इच्छालाई म जान्न चाहन्छु* भन्नुको अर्थचाहिँ कहिलेकहीँ यस्तो हुन्छः *परमेश्वरको इच्छा म जान्न चाहन्छु र यसरी के गर्नुपर्ने हो भन्ने विषयमा म निर्णय गर्न सक्छु।* परमेश्वरले प्रकट गरिदिनुभएको सीमालाई हामीले स्वीकार गर्नैपर्छ र उहाँको इच्छा जान्ने हाम्रा उद्देश्यहरू ठीक हुनैपर्छ भनी हामी निश्चित हुनुपर्छ।

**तपाईंको अभ्यासको निम्ति**

**४** परमेश्वरले भविष्यको बारेको आफ्नो प्रकाशलाई किन सीमित गर्नुहुन्छ भन्ने महत्त्वपूर्ण कारणचाहिँ कुन हो?

**क**) भविष्यको बारेमा भएको हाम्रो ज्ञान परिवर्तन हुनेछैन।

**ख**) कति पल्ट हामी बीचको कदम लिँदा हतार गर्ने कोशिश गर्छौं वा कदम नै लिँदैनौं।

**ग**) के हुने हो भन्ने कुरा बुझ्न हामीलाई कठिन पर्छ।

**५** २ पत्रस ३:१०-११ पढ्नुहोस्। स्वर्ग र पृथ्वी नाश हुनेछ भनिएको ज्ञानप्रति हामीले प्रतिउत्तर दिनैपर्छ भनी त्यस पदले कसरी वर्णन गर्छ, आफ्नो अभ्यास-पुस्तिकामा उल्लेख गर्नुहोस्।

## आजको निम्ति परमेश्वरको योजना

उद्देश्य ३ *प्रत्येक दिन परमेश्वरको योजनालाई तपाईंले पछ्याउन सक्ने तरीकाहरूलाई वर्णन गर्नुहोस्।*

आज तपाईंको जीवनको निम्ति परमेश्वरको इच्छा के हो त? तपाईंले के गरेको उहाँ चाहनुहुन्छ?

त्यहाँ विभिन्न किसिमका आत्मिक अनुभवहरू छन्। ख्रीष्टमा गरिएका कुनै अनुभवहरू एकै पल्ट मात्र हुने गर्छन्। नयाँ जन्म यिनीहरूमध्ये एक हो, किनकि परमेश्वरले अनन्त उद्धार दिनुहुन्छ।

अरू अनुभवहरू समयअनुसार हुने खालका देखिन्छन्। जसरी प्राकृतिक सृष्टिमा भिन्नाभिन्नै मौसमहरू हुन्छन्, त्यसरी नै यी अनुभवहरू पनि हाम्रा आत्मिक जीवनका विशेष समय वा अवधिमा हुने गर्छन्। जागृति– आत्मिक जागृतिको एक विशेष समय यिनीहरूमध्ये एक हो। हामी सधैंभरि जागृति भइरहने अवस्थामा जिउँदैनौं। हामी वर्षाको समयमा आत्मिक जागृति अर्थात् "वर्षा"-को खोजी गर्छौं। परमेश्वरले आफ्नो वचन र आत्माको सेवाद्वारा यी मौसमहरूका स्वभावलाई स्पष्ट पार्नुहुन्छ। जसरी प्रकृतिमा आउने मौसमका चिन्हहरू देखा पर्छन् त्यसै गरी जागृतिको आवश्यकता र यसलाई पठाउने परमेश्वरको इच्छालाई सङ्केत गर्ने चिन्हहरू प्रायःजसो त्यहाँ हुन्छन्।

**तपाईंको अभ्यासको निम्ति**

**६** मौसमी आत्मिक अनुभव कहिले-कहिले प्रकट हुन्छ?

**क**) बेला-बेलामा

**ख**) एक समयमा मात्र

**ग**) निरन्तर रूपमा

एक पल्ट र बेला-बेलामा हुने अनुभवहरूका साथसाथै दैनिक रूपमा हुनुपर्ने अनुभवहरू पनि छन्। परमेश्वरले हामीलाई राख्नुभएको संसारमा उहाँले दैनिक चक्रको निर्माण गर्नुभएको छ। हामी दिनदिनै जिउनुपर्ने हुनाले, दिनदिनै हामीले पछ्याउनुपर्ने केही आत्मिक सिद्धान्तहरू उहाँले हामीलाई दिनुभएको छ। उहाँको इच्छाअनुसार गर्नु भनेको अर्थ *प्रत्येक दिन* परमेश्वरको इच्छा हो भनी जानेर त्यस दिन ती कामहरू गर्नु हो।



प्रत्येक दिन हामीले के गरेको परमेश्वर चाहनुहुन्छ र उहाँले हामीलाई के प्रतिज्ञा गर्नुभएको छ, अब हामी सो हेरौं।

पुरानो करार समयमा पवित्रस्थान वा परमप्रभुको उपस्थितिको पाल आराधनाको केन्द्र हुन्थ्यो, पूजाहारीहरू र लेवीहरूलाई विशेष सेवाहरूको जिम्मा दिइन्थ्यो। यी सेवाहरू दिनदिनै पूरा गर्नुपर्थ्यो। यी दैनिक आज्ञाकारिताको अभ्यासविना वार्षिक पर्वहरूका उत्सवहरूको कुनै अर्थ नै हुँदैनथ्यो।

जकरियाले आफ्नो दैनिक पूजाहारी सेवा गरिराखेकै बेलामा गब्रिएल स्वर्गदूतले उनलाई भने कि प्रभुको आगमनको निम्ति परमेश्वरका जनहरूलाई तयारी गर्नका लागि उनले एक छोरा जन्माउनेछन् (लूकास १:८-१७)। दिनहुँ मन्दिरमा बसेर प्रार्थना गर्ने वृद्ध अगमवादिनी हन्नाले ख्रीष्टलाई देख्ने ठूलो अवसर प्राप्त गरेकी थिइन्। तिनी संसारका उद्धारक ख्रीष्टको समर्पणमा गवाही भएकी थिइन् (लूकास २:३६-३८)।

हामीले दिनहुँ के गर्नुपर्छ?

पेन्तिकोसको दिनपछि एकलेसिया (मण्डली)-ले ठूलो सफलताको अनुभव गऱ्यो (प्रेरित २:४०-४१)। विश्वासीहरूका दैनिक कार्यहरूद्वारा नै विश्वासीहरूलाई जाँचिन्थ्यो र यसले तिनीहरूमाथि परमेश्वरको आशिष् ल्याएको थियो। पुरानो करार समयमा पूजाहारीहरूले दैनिक विधिद्वारा आराधना गरेझैं तिनीहरूले पनि निरन्तर रूपमा आत्मिक आराधना गर्थे। तिनीहरूको तरीका कस्तो थियो त? प्रेरित २:४४-४७-मा वर्णन गरिएझैं हामी यस तरीकालाई विचार गरौं।

*पहिलो कुरा, तिनीहरूले आफ्ना विश्वासी भाइ-बहिनीहरूसँग दिनहुँ ठीक सम्बन्ध राखे। तिनीहरू नजीकको सङ्गतिमा थिए (४४,४६ पदहरू)।*

परमेश्वरका जनसँग तपाईंको गल्ती सम्बन्ध छ भने परमेश्वरको आवाज सुन्नबाट यसले तपाईंलाई रोक्छ। तीतोपना, झगड़ा, डाहा र अन्य खराब भावनाहरूले परमेश्वरलाई स्वतन्त्र रूपमा प्रतिउत्तर दिने हाम्रो क्षमतालाई कमजोर बनाइदिन्छ। तपाईंका सम्बन्धहरूलाई दिनहुँ जाँच गर्नु उत्तम हुन्छ। बाइबलले बताउँछ कि कुनै दिनमा यदि सम्बन्ध बिग्रियो भने, त्यस दिनको अन्तमा झगड़ा पनि अन्त हुनुपर्छ (एफिसी ४:२६)।

**तपाईंको अभ्यासको निम्ति**

७ तपाईंको दैनिक जीवनको सम्पर्कमा महत्त्वपूर्ण भएका व्यक्तिहरूलाई तपाईंको अभ्यास-पुस्तिकामा सूची बनाउनुहोस्। के प्रत्येक व्यक्तिसँग तपाईंको सम्बन्ध ठीक छ त? यी सम्बन्धहरूलाई दैनिक रूपमा जाँच गर्ने बानी बसाल्नुहोस् र तिनीहरूलाई ठीक राख्नका निम्ति के गर्नु आवश्यक छ, सो गर्नुहोस्।

प्रेरित २:४६-मा वर्णन गरिएको एकताबाट उत्साह र अर्ती बगिनिस्केको थियो। एक-अर्कालाई सहायता र उत्साह दिनुपर्छ भनी हिब्रू ३:१३-ले हामीलाई सीधै आज्ञा दिएको छ।

प्रत्येक दिन हाम्रा सम्बन्धहरू ठीक छन् भनी हामी निश्चित हुनुपर्छ भन्ने सम्बन्धमा सैद्धान्तिक रूपमा परमेश्वरको वचनले हामीलाई बताउँछ। तब यी ठीक सम्बन्धहरूबाट नै हामी एक-अर्कालाई सेवा र सहायता गर्न सक्छौं। रोमी १२:१-२-अनुसार, तपाईंमा भएको परिवर्तित (नयाँ) मनले गर्दा नै यस किसिमको काम गर्न तपाईंलाई आनन्द लाग्छ।

*दोस्रो कुरा, तिनीहरूले दिनहुँ परमेश्वरको स्तुति-प्रशंसा गरे (पदहरू ४६-४७)।* परमेश्वरको बालकले दैनिक रूपमा प्रशंसा प्रकट गर्नुपर्छ। आज्ञाकारिताको बलिदानद्वारा यो शुरू हुन सक्छ, तर परमेश्वरको भलाइको निम्ति आनन्द मनाउँदै यो सकिन्छ।

*तेस्रो कुरा, विश्वासीहरूले आफ्नो समर्पणलाई कामद्वारा कसरी प्रदर्शित गरे* भन्ने कुरा प्रेरित २ अध्यायमा दिइएको उदाहरणले देखाउँछ। ख्रीष्टले भन्नुभयो कि यदि कोही उहाँको पछिलाग्ने इच्छा गर्छ भने, "उसले दिनहुँ आफ्नो क्रूस बोकेर" हिँड्नुपर्छ (लूकास ९:२३)। यसद्वारा ख्रीष्टले यही नै भनिरहनुभएको थियो कि हामी परमेश्वरका हौं भनी प्रत्येक दिन हामी आफैले आफैलाई याद दिलाउनु आवश्यक छ। त्यस प्रवृत्ति वा मनबाट परमेश्वरको महिमाको निम्ति सबै थोक गरिनेछ।

दाऊदले सिकेका थिए कि समर्पणमा आफूले वाचा वा प्रतिज्ञा गरेका सबै थोक परमेश्वरलाई चढ़ाउने कुरा संलग्न भएको छ (भजन ६१:८)।

*चौथो कुरा, आफ्ना खाँचोहरूका जुटावटको निम्ति तिनीहरूले दिनहुँ परमेश्वरमा भरोसा राखे।* हामीले पनि यही तरीका अपनाउनुपर्छ। "आज दिनभरिको भोजन हामीलाई दिनुहोस्" भनी हामीले प्रार्थना गर्नुपर्छ (मतियोस ६:११)।





### तपाईंको अभ्यासको निम्ति

**८** आज्ञाकारिताको *दैनिक* कार्यको प्रत्येक वर्णनको अगाड़िको अक्षरलाई घेरा लगाउनुहोस्।

**क**) लामो समयको निम्ति उपवास बस्नु
**ख**) परमेश्वरलाई प्रशंसा र धन्यवाद चढ़ाउनु
**ग**) आफैलाई परमेश्वरकहाँ समर्पण गर्नु
**घ**) अरूहरूसँग हाम्रो सम्बन्ध ठीक राख्नु
**ङ**) नयाँ जन्मको अनुभव गर्नु
**च**) हाम्रा दैनिक खाँचोहरूका निम्ति परमेश्वरमा भरोसा राख्नु

तब परमेश्वरको इच्छा कठिन हुँदैन। हामीले अरू नै विषयहरूद्वारा हावालाई बादलले ढाकिदियौं भने हामी आफैलाई अलमलमा परेको भेट्टाउँनेछौं। हाम्रा *दैनिक* आज्ञाकारितामा उहाँले जीवन-परिवर्तन गर्ने हाम्रा निर्णयहरूलाई अगुवाइ गर्नुहुन्छ।

उहाँले के प्रतिज्ञा गर्नुभएको छ? उहाँले अनुग्रह र सहायताको आफ्नो आशिष्लाई हाम्रा निम्ति दिनहुँ नयाँ तुल्याउनुहुनेछ भनी उहाँले बताउनुभएको छ (भजनसंग्रह ६८:१६)। आजको निम्ति भएको उहाँको जुटावटमा पूर्ण आनन्द मनाएर भोलिको निम्ति भएको उहाँको जुटावटलाई हामीले सिध्याएका हुँदैनौं।

परमेश्वरले स्थापित गर्नुभएको यो दैनिक प्रक्रिया हो। पहिलो मानिस आदमसँग पनि यही प्रक्रिया नै थियो। इस्राएल राज्यको आराधना विधिमा पनि यो ,थियो। नयाँ करार एकलेसियामा पनि यो थियो र त्यस दैनिक प्रक्रियामा नै परमेश्वरले हामीलाई अगुवाइ गर्नुहुन्छ।

## तपाईंको अभ्यासको निम्ति

**६** हुन सक्छ, तपाईंले महसूस गर्नुभएको छ कि पाठको यस भागमा वर्णन गरिएका चार तरीकाहरूमध्ये एक वा त्यसभन्दा बढ़ी तरीकामा दैनिक रूपमा परमेश्वरको आज्ञा पालन गर्न शुरू गर्नुपर्छ। दैनिक आज्ञापालनका यी क्षेत्रहरूका बारेमा तल उल्लेखित प्रत्येक वाक्यहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा पूरा गर्नुहोस्।

**क**) (अध्ययन प्रश्न ७ सम्बोधन गर्छ।) *यी मानिसहरूसँगको मेरो सम्बन्धलाई मैले दैनिक रूपमा जाँच्नुपर्छः*

**ख**) *दैनिक रूपमा परमेश्वरलाई प्रशंसा गर्दा मैले प्रयोग गर्ने तरीका...... हो।*

**ग**) *प्रत्येक दिन परमेश्वरप्रतिको मेरो समर्पण नयाँ हुनुपर्छ भन्नुको अर्थ यो हो कि मैले ...................... गर्नैपर्छ।*

**घ**) *.............................. जस्ता दैनिक आवश्यकताहरूका प्राप्तिका निम्ति मैले परमेश्वरमा भरोसा राख्नैपर्छ।*

*परमेश्वरको योजना– तपाईंको छनोट* भन्ने यस पुस्तकको अध्ययनलाई तपाईंले सिध्याउनुभएको छ। तपाईंको जीवनको निम्ति परमेश्वरको इच्छा र योजनालाई बुझ्नका लागि यी पाठहरूले तपाईंलाई सहायता पुऱ्याए होलान् भन्ने कुरामा म आशावादी छु। तपाईंले प्रत्येक दिन परमेश्वरको योजनालाई पछ्याउनुहुँदा र यस विषयमा तपाईंले सिक्नुभएका कुराहरूलाई व्यवहारमा लगाउनुहुँदा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्।

अब तपाईं पाठ ५-८-को निम्ति आफ्नो विद्यार्थी प्रतिवेदन भर्नलाई तयारी भइसक्नुभएको छ। यी पाठहरूलाई दोहोऱ्याउनुहोस्

र तपाईंको विद्यार्थी प्रतिवेदन पुस्तिकामा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। तपाईंको उत्तर पृष्ठलाई आई सी आई निर्देशककहाँ फर्काई पठाउनुहुँदा अर्को अध्ययन-पुस्तिकाको बारेमा उहाँसँग सोध्नुहोस्।

## ✔ तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५. प्रभुमा समर्पित पवित्र जीवनहरू हामीले जिउनैपर्छ। (तपाईंको उत्तर पनि यस्तै हुनुपर्छ)

१. ख) परमेश्वरको योजना म जान्न चाहन्छु र यसरी मैले जे गरेको उहाँ चाहनुहुन्छ सो म गर्न सक्छु।

६. क) बेला-बेलामा।

२. **क**) बेठीक
**ख**) ठीक
**ग**) बेठीक
**घ**) ठीक

७. तपाईंको उत्तर। तपाईंले क्षमा दिनुपर्ने कोही व्यक्ति छ कि? कसैसँग तपाईंले क्षमा माग्नुपर्छ कि? यदि तपाईंका सम्बन्धहरू ठीक छैनन् भने तपाईंले जे गर्नुपर्ने हो सो देख्नको निम्ति प्रभुको सहायताको लागि बिन्ती गर्नुहोस्।

३. तपाईंको उत्तर। म यो भन्छु कि यसरी हामीले आनन्द प्राप्त गर्नेछौं र वर्तमानप्रति कसरी जवाफ दिनुपर्छ सो हामीलाई थाहा छ।

# परमेश्वरको योजना–
# तपाईंको छनोट

## उत्तर पृष्ठ
### आई सी आई युनिभर्सिटी

विद्यार्थी क्रमसंख्याः ____________

*कृपया सफा तथा स्पष्ट अक्षरमा लेख्नुहोस्ः*

नामः श्री/ श्रीमती/ सुश्री ____________________
न.पा./ गा.वि.स. ______ वडा/ ब्लक नं. ____________
टोल/ गाउँ ______ पो.ब. _____ हुलाक ____________
जिल्ला ________ अञ्चल ____________________
उमेर ________ व्यवसाय ________ धर्म ____________
शैक्षिक योग्यता ______________ मिति ____________

**निर्देशनहरूः**

# यस पुस्तकलाई हाम्रो कार्यालयमा फेरि नफर्काउनुहोस्।
# यस "उत्तर पृष्ठ"-लाई होशियारीसाथ पुस्तकबाट थुतेर निकाल्नुहोस्।
# यस "उत्तर पृष्ठ" लाई मात्र पठाउनुहोस्।
# यी प्रश्नहरूका उत्तर दिँदा तपाईंले पाठहरू दोहोऱ्याई-दोहोऱ्याई पढ्नुहोस्।

## परमेश्वरको योजना– तपाईंको छनोट
### खण्ड १: पाठ १-४

### ठीक वा बेठीक

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "ठी" र बेठीक उत्तरको अगाड़ि "बे" लेख्नुहोस्।*

__१. परमेश्वरलाई हाम्रा कामहरू थाहा छ, तर हाम्रा विचारहरू थाहा छैन।

__२. मानिसहरूका निम्ति भएको परमेश्वरको योजनामा विभिन्ता समावेश गरिएको छ।

__३. मानिसहरू अवसर वा आकस्मिक घटनाद्वारा प्रायःजसो ख्रीष्टियान बन्छन्।

__४. हामी स्वर्गमा पुगेपछि हाम्रा निम्ति भएको परमेश्वरको योजनामा हामी प्रवेश गर्छौं।

__५. हामी असफल भएपछि परमेश्वरको सहायताको निम्ति हामी आशा राख्न सक्दैनौं।

__६. हामीले परमेश्वरको योजना पछ्याएका छौं भन्ने कुरा सतावटले हामीलाई देखाउन सक्छ।

__७. संकष्टहरूले हाम्रो विश्वासको वृद्धि गर्न सहायता गर्छन्।

### सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएका प्रत्येक प्रश्नको एउटै मात्र उत्तर ठीक हुन्छ। ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।*

८. हाम्रा निम्ति भएको परमेश्वरको साँचो स्तर हामी कोजस्ता हौं भन्ने हो?
- **क.** येशूका चेलाहरू।
- **ख.** येशू ख्रीष्ट।
- **ग.** हामीले मन पराएका आत्मिक व्यक्तिहरू।

९. येशूका सबै चेलाहरू एक-अर्काबाट फरक छन् भन्ने सत्यतालाई कुन सिद्धान्तले नमूनित गर्छ?
   क. ज्ञान।
   ग. स्तर।
   ख. विभिन्नता।

१०. प्रेरित पौलसको जीवनले हामीलाई के देखाउँछ?
   क. परमेश्वरको योजना पछ्याउनका लागि असफलताले असम्भव बनाउँदैन।
   ख. कहिले पनि असफल नभएका व्यक्तिहरूले मात्र परमेश्वरलाई खुशी तुल्याउन सक्छन्।
   ग. असफल भएको व्यक्तिको निम्ति थोरै मात्र आशा छ।

११. हामी वास्तविक किसिमले परमेश्वरको योजनामा कसरी प्रवेश गर्न सक्छौं?
   क. परमेश्वरको वचन र आत्माको आज्ञापालन गरेर।
   ख. हामीले के गरेको परमेश्वर चाहनुहुन्छ सो पत्ता लगाएर।
   ग. अरूहरूलाई परमेश्वरको इच्छा बताइदिएर।

१२. येशूले भन्नुभयो कि उहाँ जानु नै चेलाहरूका निम्ति फाइदा हुन्छ, किनकि
   क. अरू विश्वासीहरूले तिनीहरूलाई धेरै आदर देखाउनेछन्।
   ख. तिनीहरूले तुरुन्तै प्रचार गर्न शुरू गर्नुपर्ने थियो।
   ग. तिनीहरूलाई अगुवाइ गर्नका निम्ति पवित्र आत्मा आउनुहुन्थ्यो।

१३. परमेश्वरले हामीलाई अगुवाइ गर्नुहुन्छ भन्ने कुरा हामीलाई थाहा छ किनकि
   क. उहाँले हामीलाई आत्मा दिनुभएको छ।
   ख. हामीले उहाँलाई ईमानदारीसाथ खोजेका छौं।
   ग. उहाँको इच्छा बुझ्न कठिन छ।

१४. हामी परिवर्तित हुनुपर्छ भनी रोमी १२:१-२-ले हामीलाई बताउँछ। यसको अर्थ के हो?
   क. हामी पूरा रूपमा बदलिभएको हुनुपर्छ।
   ख. के हुँदैछ भन्ने कुरामा हामीलाई जानकारी हुनुपर्छ।
   ग. हामी अरू विश्वासीहरूभन्दा फरक हुनुपर्छ।

१५. परमेश्वरको आशालाई हामीले पूरा गर्न सकेका छौं, किनकि
   क. ती के हुन् भन्ने कुरा हामी बुझ्न सक्छौं।

ख. परमेश्वरको शक्तिले वास्तवमा हामीलाई काम गर्छ।
ग. हाम्रो सामर्थ्यले परिपूर्ति सम्भव तुल्याउँछ।

१६. कुमालेको घरमा यर्मियाले सिकेका आत्मिक पाठ के थियो?
क. असफलता देखेपछि परमेश्वरले काम गर्न छोड़िदिनुहुन्छ।
ख. असफलताले परमेश्वरको अनुग्रहलाई सीमित पारिदिन्छ।
ग. परमेश्वरको अनुग्रहले असफलतालाई जितिदिन्छ।

१७. परमेश्वरले हाम्रो विश्वासको जाँच गर्नुहुन्छ, किनकि
क. हामीले उहाँमा भरोसा राखेका छौं कि भनी जान्न उहाँलाई आवश्यक छ।
ख. हामीले उहाँमा कति धेरै भरोसा राखेका छौं भनी जान्न हामीलाई आवश्यक छ।
ग. हामी बाहिरीय सहायतामा भर परेका छौं कि भनी उहाँ जान्न चाहनुहुन्छ।

१८. कठिनाइहरूका सामना गर्नका लागि येशूले चेलाहरूलाई अगुवाइ गर्नुभयो। चेलाहरूलाई केको आवश्यकता थियो?
क. तिनीहरूका असफलताका लागि तिनीहरूलाई दण्ड।
ख. उहाँमा पूर्ण भरोसा गर्नका लागि सिक्न।
ग. आफू कति बलिया छौं भनी उहाँको अगाड़ि प्रमाणित गर्न।

१९. जब हामी हाम्रो पापपूर्ण मानव स्वभावबाट विरोधको अनुभव गर्छौं, हामीले परमेश्वरलाई खुशी पार्ने प्रयास गरिरहेका छौं भनी यसले देखाउँछ, किनकि
क. संसारले दिने कुरालाई हाम्रो शरीरले चाहना गर्छ।
ख. परमेश्वरका जातिलाई संसारले घृणा गर्छ।
ग. शरीर र आत्माले एक-अर्काको विरोध गर्छन्।

## सामान्य प्रश्नहरू

पाठ १-४

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "छ" र बेठीक उत्तरको अगाड़ि "छैन" लेख्नुहोस्।*

__२०. के तपाईंले पाठ १-४-लाई ध्यानपूर्वक पढ्नुभएको छ?

__२१. के तपाईंले पाठ १-२-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२२. के तपाईंले पाठ ३-४-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२३. के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएका खण्डका प्रश्नहरूका जवाफ दिनुभएको छ? के ती उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

__२४. यस पुस्तकमा तपाईंलाई कण्ठ गर्नू भनिएका पदहरूलाई के तपाईंले कण्ठ गर्नुभएको छ?

## परमेश्वरको योजना– तपाईंको छनोट
## खण्ड २ः पाठ ५-८

### ठीक वा बेठीक प्रश्न

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "ठी" र बेठीक उत्तरको अगाड़ि "बे" लेख्नुहोस्।*

__१. बाइबलले बताउँछ कि ख्रीष्टमा हामी पवित्र र दोषरहित छौं।

__२. ख्रीष्टमा भएको हाम्रो स्थानभन्दा पनि हाम्रा कार्यहरू धेरै महत्त्वपूर्ण छन् भनी परमेश्वले विचार गर्नुहुन्छ।

__३. अविश्वासीहरूद्वारा पनि परमेश्वर हामीसँग बोल्न सक्नुहुन्छ।

__४. परमेश्वरले हामीलाई अगुवाइ गर्नुहुन्छ भन्ने कुरामा हामी निश्चित हुन्सक्छौं।

__५. ख्रीष्ट परमेश्वरका पुत्र हुनुभएको हुनाले, सिक्ने मानव अनुभवमा उहाँ सहभागी हुनुभएन।

__६. परमेश्वरले भविष्यको बारेमा केही कुरा हामीलाई देखाउनुभएको छ।

__७. भविष्यको बारेमा जान्न चाहने मानिसहरूका केही कारणहरू गल्ती छन्।

## सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएका प्रत्येक प्रश्नको एउटै मात्र उत्तर ठीक हुन्छ। ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।*

८. हामीहरूमा हेरेर, परमेश्वरले हाम्रो जीवनको के कुरामा उच्च प्राथमिकता दिनुहुन्छ?

**क.** हाम्रा उद्देश्य र प्रवृत्तिहरू।
**ख.** दैनिक जीवनमा हाम्रा चालचलन।
**ग.** हाम्रा निम्ति भएको ख्रीष्टको काम।

९. के कुराद्वारा हामी परमेश्वरको योजनामा महत्त्वपूर्ण रहन्छौं?

**क.** निरन्तर रूपमा हामीलाई परिवर्तन गर्न उहाँलाई दिएर।
**ख.** ख्रीष्टको काममा हाम्रो काम थपेर।
**ग.** अझ धेरै नजानुञ्जेलसम्म आज्ञापालन गर्नका लागि पर्खेर।

१०. हामीले पापमाथि विजय प्राप्त गर्न सक्छौं, किनकि

**क.** ठीक गर्ने गहिरो इच्छा हामीमा छ।
**ख.** हामीमाथिको पापको शक्तिलाई ख्रीष्टले तोड्नुभएको छ।
**ग.** पापचाहिँ कुनै विचार वा धारणा मात्र हो

११. परमेश्वरले आफ्नो योजनाको बारेमा विशेष गरी कसरी बोल्नुहुन्छ?

**क.** अरूहरूका सल्लाहद्वारा।
**ख.** अगुवाहरूका आज्ञाहरूद्वारा।
**ग.** परमेश्वरको वचनद्वारा।

१२. कसको अधिकारद्वारा परमेश्वर हामीसँग बोल्नुहुन्छ?

**क.** सरकार।
**ख.** साथीहरू।
**ग.** छिमेकीहरू।

१३. विकासशील तरीकाले परमेश्वरले आफ्नो योजना प्रकट गर्नुहुन्छ भन्दा हामीले यही अर्थ लगाएका हुन्छौं, कि प्रायःजसो उहाँले आफ्नो योजना

**क.** एक पल्टमा एक कदम देखाउनुहुन्छ।
**ख.** अन्तलाई पहिल्यै देखाउनुहुन्छ।
**ग.** एकै पल्ट देखाउनुहुन्छ।

१४. येशूको बाल्यकालको बारेमा बाइबलको वर्णनले हामीलाई देखाउँछ कि
- क. परमेश्वरलाई खुशी तुल्याउन सक्नुभन्दा पहिले एक व्यक्ति पूर्ण रूपमा वृद्धि भएकै हुनुपर्छ।
- ख. आत्मिक सचेतना भएका व्यक्तिहरूले आफूलाई कुनै पनि किसिमको मानव अधिकारमा समर्पित गर्न आवश्यक छैन।
- ग. सीमितपनाहरू कहिलेकहीँ परमेश्वरको योजनाका भागहरू नै हुन्।

१५. हिब्रू ५:८-अनुसार ख्रीष्टले कसरी आज्ञाकारिता सिक्नुभयो?
- क. विजयताद्वारा।
- ख. कष्टद्वारा।
- ग. सफलताद्वारा।

१६. परीक्षामाथि विजयी हुने कुरालाई कसरी वर्णन गर्न सकिन्छ?
- क. हामीमा कमजोरी र असफलता छन् भनी सिक्ने अनुभवद्वारा।
- ख. जस्तै परिस्थितिहरू भए तापनि परमेश्वरका इच्छाहरू पछ्याएर
- ग. हामीले परमेश्वरका इच्छा गुमाएका छौं भनी पत्ता लगाएर।

१७. भविष्यको बारेमा परमेश्वरले हामीलाई सबै कुरा देखाउनुहुन्न, किनकि
- क. भविष्यका घटनाहरूका वर्णनलाई सजिलैसँग बुझ्न सकिदैन।
- ख. दैनिक जीवन यापनको निम्ति भविष्यका घटनाहरूको ज्ञानको कुनै मूल्य छैन।
- ग. हामीले हतार गर्ने कोशिश गर्छौं वा बीचका कदमहरूचाहिँ लिँदैनौं।

१८. परमेश्वरले किन हामीलाई भविष्यको बारेमा विशेष कुरा देखाउनुहुन्छ?
- क. वर्तमान परिस्थितिहरूलाई आशासहित सामना गर्नका लागि।
- ख. भविष्यका घटनाहरूलाई कसरी हुन लगाउन सकिन्छ सो निर्णय गराउनका लागि।
- ग. हामीलाई अनावश्यक लागेका कदमहरूलाई रोक्नका लागि।

१९. परमेश्वरको इच्छा पूरा गर्ने तरीका कुन हो?
- क. कुन पेशामा लाग्नुपर्ने हो त्यस बारेमा निर्णयहरू बनाउनु।
- ख. प्रत्येक दिन परमेश्वरको इच्छाअनुसार गर्नु हो।
- ग. भविष्यको प्रकाशको निम्ति परमेश्वरमा पर्खिनु हो।

## सामान्य प्रश्नहरू

पाठ ५-८

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "छ" र बेठीक उत्तरको अगाड़ि "छैन" लेख्नुहोस्।*

__२०. के तपाईंले पाठ ५-८-लाई ध्यानपूर्वक पढ्नुभएको छ?

__२१. २१ के तपाईंले पाठ ५-६-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२२. के तपाईंले पाठ ७-८-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२३. के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएको खण्डका प्रश्नहरूका जवाफ दिनुभयो? के ती उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

__२४. यस पुस्तकमा तपाईंलाई कण्ठ गर्नू भनिएका पदहरूलाई के तपाईंले कण्ठ गर्नुभएको छ?

यस प्रश्न-पुस्तिकालाई भरिसकेपछि आई सी आई-को ठेगानामा हामीकहाँ पठाउनुहोस्। यस पुस्तकको अध्ययनबाट तपाईंमा परेको प्रभावलाई छोटकरीमा लेखी पठाउनुहोस्। प्रभुले तपाईंको जीवनमा प्रशस्त आशिष् दिऊन्।

८. ख) परमेश्वरलाई प्रशंसा र धन्यवाद चढ़ाउनु।
ग) आफैलाई परमेश्वरकहाँ समर्पण गर्नु।
घ) अरूहरूसँग हाम्रो सम्बन्ध ठीक राख्नु।
च) हाम्रा दैनिक खाँचोहरूका निम्ति परमेश्वरमा भरोसा राख्नु।

४. ख) कति पल्ट हामी बीचको कदम लिँदा हतार गर्छौं वा कदम नै लिँदैनौं।

६. तपाईंका उत्तरहरू: यी प्रत्येक सिद्धान्तहरूलाई तपाईंको जीवनमा पछ्याउन सक्ने व्यावहारिक तरीकाहरूलाई तपाईंले वर्णन गर्नुभयो होला भन्ने कुरामा म आशावादी छु।



इच्छाको ज्ञानमा हामी कसरी डोऱ्याइन सक्छौं भन्ने सम्बन्धका उहाँका प्रतिज्ञाहरूलाई वर्णन गर्नुहोस्। ख) ख्रीष्टको प्रतिज्ञा कसरी पूरा भयो उल्लेख गर्नुहोस्। ग) पवित्र आत्माले परमेश्वरको योजना हामीलाई थाहा गराउने चार तरीकाहरूलाई बताउनुहोस्।

तपाईं परमेश्वरका बालक हुनुहुन्छ। यसपछि के गर्नुपर्छ भनी के उहाँले तपाईंलाई बताउनुहुन्छ? हो, उहाँले बताउनुहुन्छ! परमेश्वर तपाईंसँग बोल्न सक्नुहुन्छ, उहाँको इच्छा तपाईंले जानेको उहाँ चाहनुहुन्छ र तपाईंसँग कुरा गर्नको निम्ति उहाँले उपाय बनाइसक्नुभएको छ भन्ने कुरामा तपाईं निश्चित हुन सक्नुहुन्छ।

………………✂ यसलाई यहाँ काट्नुहोस् र उत्तर पृष्ठहरूको साथसाथै आफ्नो आई. सी. आई. निर्देशककहाँ पठाउनुहोस्। …………

## निर्णय प्रतिवेदन र निवेदन कार्ड

यस पाठ्यक्रमको अध्ययनपछि ………. मैले येशू ख्रीष्टलाई मेरा मुक्तिदाता र प्रभुका रूपमा ग्रहण गरेको छु। मैले आफ्नो नाम र सहीसहित यस कार्डलाई तपाईंको आई. सी. आई. कार्यालयमा पठाउनुका दुइ कारणहरू छन्। पहिलो कारणचाहिँ मैले ख्रीष्टमा विश्वास र समर्पण गरेको छु भन्ने साक्षी दिन र दोस्रोचाहिँ मेरो आत्मिक जीवनमा अझै सहयोग पुऱ्याउनको निम्ति आवश्यकीय ख्रीष्टियान पत्र पत्रिकाहरू प्राप्त गर्नको लागि हो।

विद्यार्थी सङ्ख्याः ____________________

नामः ____________________

ठेगानाः ____________________

सहीः ____________________

# परमेश्वरको योजना– तपाईंको छनोट

- **तपाईंको जीवनको निम्ति भएको परमेश्वरको योजना पत्ता लगाउन**
- **तपाईंले के गरेको परमेश्वर चाहनुहुन्छ सो जान्न**
- **तपाईंको निम्ति भएको परमेश्वरको योजनाअनुसार आफ्नो जीवन निर्माण गर्न**
- **निश्चयता र साहससाथ भविष्यको सामना गर्न**

यदि यसो हो भने, *परमेश्वरको योजना– तपाईंको* ह भनिने यो पुस्तक विशेष गरी तपाईंकै लागि लेखिएकं परमेश्वरले आफ्नो योजनाको बारेमा तपाईंसँग कसरी बोल्नु र तपाईंले यसलाई आफ्नो जीवनमा कसरी पूरा गर्न सक्नुहु सो पत्ता लगाउन यहाँ उल्लेख गरिएका व्यावहारिक सल्लाहहरू तपाईंलाई सहायता पुऱ्याउँछन्।

---

यो चिन्ह अध्ययन क्रमको निम्ति सहायक हो। ख्रीष्टिया जीवन अध्ययन-मालालाई तीन भागमा विभाजन गरिएको ह प्रत्येक खण्डमा ६,६-वटा पुस्तकहरू राखिएको छ। परमेश्वरक योजना– तपाईंको छनोट भनिने यो पुस्तक खण्ड २-को पहिल पाठ्यक्रम हो। यी पाठ्यक्रमहरूलाई क्रमवद्ध रूपमा अध्यय गर्दा तपाईंले बढी फाइदा उठाउन सक्नुहुनेछ।

यो स्वयम् अध्ययन पाठ्यपुस्तकलाई प्रमाणपत्र पाउ किसिमले पनि तपाईं पढ्न सक्नुहुन्छ वा तपाईंको ख्रीष्टियान जीवनमा व्यक्तिगत वृद्धिको निम्ति पनि यो पुस्तक पढ्न सक्नुहुन्छ.

मुद्रक : आर. के. प्रिन्टर्स, फोन नं. : २३०००९